# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शनिबार, मंसिर २, २०७४ | Saturday, November 18, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलागा ३० | वर्ष २३, अंक ३०३ | पृष्ठ १२ | मूल्य रू. १०/–




**खोइ त भेटी !** बालाचर्तुदर्शीका दिन शुक्रबार बागमती नदीमा भक्तजनले चढाएको भेटी चुम्बकीय सहायताले खोज्दै एक बालक। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# रोकिएन शृंखलाबद्ध विस्फोट

मधुसूदन रायमाझी, काठमाडौं

प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन मिति नजिकिँदै जाँदा उम्मेदवारमाथि लक्षित गरेर शृंखलाबद्ध बम आक्रमणको घटना बढेको छ। उम्मेदवारमाथि लक्षित गरेर मात्र होइन गाडी नै एम्बुसमा पार्नेसम्मको घटना भएका छन्। निर्वाचनका क्रममा लगातार बम विस्फोटका घटना बढेपछि निर्वाचन अभियानमा हिँडेका उम्मेदवार र मतदाता त्रसित भएका छन्।

रोल्पामा वर्षमान पुनमाथि लक्षित गरेर पटक-पटक बम विस्फोट गराइएको छ। माओवादी केन्द्रका नेता एवम् गोरखाका प्रतिनिधिसभा उम्मेदवार नारायणकाजी श्रेष्ठ, नेकपा माओवादी केन्द्र दाङबाट प्रतिनिधिसभा उम्मेवार बन्नुभएका कृष्णबहादुर महरा, रुकुमबाट प्रतिनिधिसभाका उम्मेदवार माओवादी केन्द्रका नेता जनार्दन शर्मामाथि निर्वाचन अभियानका क्रममा पटक-पटक विप्लव नेतृत्वको कम्युनिस्ट पार्टीले बम विस्फोट गराएको माओवादी केन्द्रले बताएको छ।

भोजपुरबाट प्रदेशसभाका लागि उम्मेदवार बनेका एमाले नेता शेरधन राईमाथि पनि बम प्रहार भएको थियो। नेकपा एमाले र माओवादी केन्द्रका उम्मेदवारमाथि लक्षित गरेर बम फिस्फोट गर्दै आएको विप्लव नेतृत्वको पार्टीले शुक्रबार नुवाकोटबाट प्रतिनिसभाका उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका नेता डा. रामहरण महतको ज्यानै लिने गरी बम विस्फोट गराएको छ। घटनामा परी पाँच जना घाइते भएका छन्। वाम गठबन्धनले उम्मेदवारमाथि शृंखलाबद्ध रूपमा बम विस्फोटको घटना घटाइँदासमेत सरकार गम्भीर नभएको आरोप लगाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## डा. महतको ज्यान लिने प्रयास



शालिकराम चालिसे, नुवाकोट

नुवाकोट प्रतिनिधिसभा सदस्य क्षेत्र नं १ का कांग्रेसका उम्मेदवार डा. रामशरण महत र प्रदेश नं २ का उम्मेदवार रमेशकुमार महतलाई लक्षित गर्दै शुक्रबार बिहान १० बजे बम विस्फोट गराइएको छ। विस्फोटनबाट पाँच जना कांग्रेस कार्यकर्ता घाइते भए पनि उम्मेदवार महतद्वय भने सकुशल हुनुहुन्छ।

चुनावी प्रचार अभियानका क्रममा मतदाताको घरदैलो कार्यक्रम भइरहेका बेलामा ककनी गाउँपालिका-५ काउलेथानामा बिहान १० बजे प्रेसर कुकुर बम विस्फोट गराइएको प्रदेशसभाका उम्मेदवार रमेशकुमार महतले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## गौचन हत्यामा संलग्न थप दुई पक्राउ

काठमाडौं, (नेस)

निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद्कुमार गौचनको हत्यामा संलग्न थप दुई जना शुक्रबार पक्राउ परेका छन्। पक्राउ पर्नेमा वसन्त थेवे र धनराज योङहाङ छन्। उनीहरूलाई कपनबाट पक्राउ गरिएको गौचन हत्या अनुसन्धान टोलीको नेतृत्व गरेका डीआईजी गणेश केसीले बताउनुभयो।

पक्राउ परेकाको साथबाट दुईवटा पेस्तोल र १० राउन्ड गोलीसमेत बरामद भएको छ। बरामद गरिएको पेस्तोल गौचनको हत्यामा प्रयोग भएको बुझिएको छ।

यसअघि बुधबार प्रहरीले गौचनको हत्यामा संलग्न सुटरसहित ५ जनालाई सार्वजनिक गरेको थियो। घटनाका मुख्य योजनाकार समिरमान सिंह बस्नेत भने अझै फरार छन्। मागेजति फिरौती नदिएका कारण गौचनको हत्या भएको प्रहरी अनुसन्धानबाट खुलेको छ। घटनामा संलग्न ८ जना अझै फरार छन्।

## १० किलो सुर्तीले प्रहरीबीच बबाल

वीरगन्ज, (नेस)

पर्सा प्रहरीको टाइगर टोली र सशस्त्र प्रहरी सीमा सुरक्षा बल विश्रामपुरका प्रहरी जवानबीच कुटाकुट भएको छ। एक व्यापारीले १० किलो खैनी लिएर बारा र पर्साको सिमाना सिंगहा नदीको पुलमा पुग्दा सशस्त्र प्रहरीका जवानले आफूले सो सामान समातेको र पर्सा प्रहरीको ना१प २०७५ नम्बरको मोटरसाइकलमा सवार टाइगर टोलीका प्रहरीले पनि सोही दाबी गरेपछि विवाद बढ्दै गएर कुटाकुटसमेत भएको थियो।

सादा पोसाकमा एक्लै रहेका सशस्त्र प्रहरी जवानलाई टाइगर टोलीले कुटपिट गरेको प्रत्यक्षदर्शीले बताएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

## मतपरिणाम एक सातामा

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रदेशसभा र प्रतिनिधिसभाको प्रत्यक्षतर्फको मतपरिणाम आउन बढीमा एक साता लाग्ने जनाएको छ।

स्थानीय तहको निर्वाचनमा मतगणना निकै सुस्त भएकामा आयोगको सर्वत्र आलोचना भएपछि एक सातामा मतपरिणाम सार्वजनिक गर्ने तयारी अघि बढाएको हो।

यसपटकको निर्वाचनमा मतपरिणाम छिटोभन्दा छिटो सार्वजनिक गर्न निर्वाचन आयोगले आवश्यक मात्रामा गणकको व्यवस्था मिलाएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। 'मतगणनाका लागि आवश्यक ठाउँसमेत प्रबन्ध मिलाएका छौं। यसपटक मतपरिणामका लागि जनताले धेरै दिन कुर्नुपर्ने छैन।' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि कुल मतदाता संख्या १ करोड ५४ लाख २७ हजार ७ सय ३१ जना रहेका छन्। त्यसमा पुरुष मतदाताको संख्या ७७ लाख ७६ हजार ४ सय ९६, महिला ७६ लाख ५१ हजार ६५ र तेस्रो लिङ्गी मतदाता १ सय ७० जना रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

## निर्वाचनमा सार्वजनिक बिदा दिन आग्रह

काठमाडौं, (नेस)

निर्वाचन आयोगले पहिलो चरणमा निर्वाचन हुने ३२ जिल्लामा मङ्सिर १० गते र दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लामा मङ्सिर २१ गते सार्वजनिक बिदा दिन सरकारसँग आग्रह गरेको छ।

मतदानका दिन सार्वजनिक यातायातका साधन सञ्चालन नहुने र अधिकांश कर्मचारीहरू निर्वाचन सञ्चालन एवम् व्यवस्थापनमा खटिने भएको हुँदा सरकारी कार्यालय, अर्धसरकारी कार्यालय र सार्वजनिक संस्थानमा सार्वजनिक बिदा दिन आयोगले गृह मन्त्रालयलाई पत्र पठाई आग्रह गरेको हो।

यसै गरी, आयोगले पहिलो चरणमा निर्वाचन हुने ३२ जिल्लामा मङ्सिर ७ देखि १० गतेसम्म र दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लामा मङ्सिर १८ देखि २१ गतेसम्म सार्वजनिक तथा संस्थागत विद्यालय र क्याम्पसहरूमा सार्वजनिक बिदा दिनसमेत सरकारसँग आग्रह गरेको छ। निर्वाचनमा अधिकांश मतदान केन्द्र सामुदायिक तथा संस्थागत विद्यालय तथा क्याम्पसमा रहेका र मतदान कार्यको व्यवस्थापन कार्यका लागि खटिने कर्मचारी तथा सुरक्षाकर्मी मतदान हुने दिनभन्दा तीन दिनअगाडि नै मतदान केन्द्रमा पुग्ने भएकाले विद्यालय तथा क्यापसहरूमा दुवै चरणको निर्वाचनमा चार/चार दिन बिदा दिन आयोगले सरकारसँग आग्रह गरेको हो।

## युनिटी काण्डका १२ जनालाई अदालतको सफाइ

काठमाडौं, (नेस)

युनिटी काण्डमा मुछिएका केही सञ्चालकलाई उच्च अदालतले ठगी मुद्दामा शुक्रबार सफाइ दिएको छ। उनीहरूलाई ललितपुर जिल्ला अदालतले दोषी ठहर गरेको थियो।

ललितपुर जिल्ला अदालतबाट दोषी ठहरिएका युनिटी लाइफ इन्टरनेसनल लिमिटेडका सञ्चालक र संलग्न व्यक्ति गरी १२ जनालाई उच्च अदालतले सफाइ दिएको हो।

२०७० चैत १७ मा जिल्ला अदालतले ठगी काण्डमा दोषी ठहर गर्दै उनीहरूलाई १ करोड ६ लाख जरिवानासहित तीन वर्ष कैद सजाय तोकेको थियो। तीमध्येका ३ जना अहिले पनि कारागारमै छन्। बाँकी ९ जनाले कैद भुक्तान गरिसकेका छन्।

पीडितका लागि युनिटीमा जम्मा गरेको रकमको सावाँब्याज भराइदिने फैसला अदालतले गरेको छ। हाल कम्पनीको सम्पत्ति रोक्का छ। रोक्का सम्पत्तिबाटै प्रमाण पुऱ्याएर आउने पीडितलाई सावाँब्याज भराइदिने फैसला अदालतले गरेको छ।

## विद्यालय पुनर्निर्माणमा २६ अर्ब

ईश्वरराज ढकाल, काठमाडौं

भूकम्पले ध्वस्त भएका विद्यालय पुनर्निर्माणमा २६ अर्ब रुपियाँ सकिएको छ। विद्यालय भवन पुनर्निर्माण आयोजना कार्यान्वयन एकाइले हालसम्म २ हजार ७ सय विद्यालय भवन पुनर्निर्माणको काम खर्च भएको जनाएको छ।

एकाइ प्रमुख सहसचिव इमनारायण श्रेष्ठले भूकम्पले ध्वस्त ७ हजार ९ सय २३ वटा विद्यालय भवन पुनर्निर्माण गर्दा उक्त रकम सकिएको जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म १ हजार ३ सय निर्माणको चरणमा रहेको, ५ सय छनोटको प्रक्रियामा र १ हजारको सूची तयारीको अवस्थामा रहेको जानकारी दिनुभयो। 'यो वर्ष हामी थप १ हजार विद्यालय भवन पुनर्निर्माण गर्ने तयारी गरिरहेका छौं।' -उहाँको दाबी छ।

प्राविधिक कठिनाइ, सामग्रीको अभाव र केही स्थानमा राजनीतिका कारण भवन पुनर्निर्माण समस्या परेको जानकारी गराउँदै कुनै समस्या नभए अबको तीन वर्षमा सम्पूर्ण विद्यालय भवन निर्माण सम्पन्न भइसक्ने बताउनुभयो। सरकारले समयमै बजेट उपलब्ध गराए अबको तीन वर्षमा पुनर्निर्माणको काम सक्ने दाबी एकाइको छ।

सरकारले रकम विनियोजनलाई कस्तो प्राथमिकतामा राखेको छ त्यहीअनुसार काम शुरू हुने श्रेष्ठले जानकारी दिनुभयो। स्थानीय तहको निर्वाचनपछि आएका स्थानीय प्रतिनिधिले विद्यालय भवन पुनर्निर्माण गर्न प्राथमिकता दिएका कारण अहिले समयमै भवन निर्माण कार्य भइरहेको एकाइको भनाइ छ।

प्रतिनिधि र प्रदेशसभाको निर्वाचनका कारण केही जिल्लामा विद्यालय भवन पुनर्निर्माण स्थगित भएका छन्। धादिङ, नुवाकोट, सिन्धुपाल्चोकलगायतका करिब एक दर्जन जिल्लाको विद्यालय भवन पुनर्निर्माणको काम ठप्प भएको छ। काम ठप्प भएका जिल्लामा पुनर्निर्माण प्रक्रिया अघि बढाउने विषयमा छलफल भइरहेको जानकारी गराउँदै एकाइ प्रमुख श्रेष्ठले भन्नुभयो- 'निर्वाचन वा अन्य कुनै पनि बहानामा विद्यालय भवन पुनर्निर्माणमा अवरोध नगर्न सबैलाई आग्रह गरिरहेका छौं।'

भूकम्पले ध्वस्त भएकामध्ये दुई र तीनकोठे गरी विद्यालय पुनर्निर्माण हुन लागेको हो।

(क्रमशः पृष्ठ ९ मा)


- सदाचारिलाई स्वागतम
- भ्रष्टाचारीलाई बहिस्कार ।
- भ्रष्टाचार विरुद्ध शून्य
- सहनशीलताको विकास गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रतिनिधि सभा सदस्य
र प्रदेश सभा सदस्य निर्वाचन
२०७४

मतदाताले याद राख्नु पर्ने कुराहरु

- निर्वाचन लोकतन्त्रको मुख्य आधार र मतदानद्वारा प्रतिनिधि चुन्न पाउने नागरिकको मौलिक अधिकार हो ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै पटक दुई चरणमा हुँदैछ ।
- यो निर्वाचन २०७४ साल मङ्सिर १० गते आइतबारका दिन पहिलो चरणमा ३२ जिल्लामा र २०७४ साल मङ्सिर २१ गते दोश्रो चरणमा बाँकी ४५ जिल्लामा हुनेछ ।
- यो निर्वाचन मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली) बाट हुन्छ ।
- पहिलो र दोश्रो मतपत्र क्रमश : प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको तथा तेश्रो मतपत्रको माथिल्लो खण्ड (मतपत्र १) प्रतिनिधि सभा र तल्लो खण्ड (मतपत्र २) प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको हुनेछ ।
- निर्वाचन चिन्हहरु छपाइ गर्दा पहिलो मतपत्रमा हरियो रंङमा, दोश्रो मतपत्रमा कालो रङमा र तेश्रो मतपत्रमा रातो रङमा छपाई गरिएको छ ।
- समानुपातिक निर्वाचन प्रणालीका लागि रातो रंङको मतपत्रको माथिल्लो खण्डको मतपत्र १ मा प्रतिनिधि सभाका राजनैतिक दलका लागि १ छाप र तल्लो खण्डको मतपत्र २ मा प्रदेश सभाका राजनैतिक दलका लागि १ छाप लगाउनु पर्दछ ।
- मतदान गर्नका लागि मतदान केन्द्रमा जानुभन्दा पहिले निम्न कुराहरू याद राख्नुहोला ।
  - मतदाता नामावलीमा नाम भएका व्यक्तिहरूले मात्र मतदान गर्न पाउँछन् ।
  - मतदान गर्न जाँदा आयोगले प्रदान गरेको परिचयपत्र आफूसँगै लिएर जानुपदर्छ ।
  - आ-आफ्नो परिचय पत्रमा उल्लेखित मतदान केन्द्रमा मात्र मतदान गर्न पाईन्छ ।
  - मतदान गर्नका लागि तोकिएको समय (बिहान ७ बजे देखि बेलूका ५ बजे) भित्रमा मतदानकेन्द्रमा पुगी लामबद्ध हुनुपर्छ ।
  - मतदाता नामावलीमा रहेको आफ्नो नामको क्रमसङ्ख्या पहिले नै थाहा पाइराखेमा आफ्नो नाम भेट्टाउन सजिलो हुन्छ ।
  - अन्य कुनै जिज्ञासा भए निर्वाचन शिक्षा कार्यकर्ता वा मतदान कार्यमा खटिएका कर्मचारीसँग सोध्नु पर्छ ।

मतदान मिति : २०७४ साल मङ्सिर १० गते आइतबार
मतदान समय : बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म

website: www.election.gov.np
e-mail: info@election.gov.np







# वाम र लोकतान्त्रिक गठबन्धनबीच कडा टक्कर

# कांग्रेसलाई विरासत जोगाउन कठिन

**शालिकराम चालिसे, नुवाकोट**

आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नुवाकोटमा २ गठबन्धनबीच कडा टक्कर हुने देखिएको छ। विगतमा जित्दै आएको कांग्रेसलाई नुवाकोटमा विरासत जोगाउन निकै कठिन पर्ने अवस्था देखिएको छ।

प्रतिनिधिसभा सदस्य क्षेत्र नं १ का लागि कांग्रेसका तर्फबाट डा. रामशरण महत र वाम गठबन्धनबाट माओवादी केन्द्रका हितबहादुर तामाङबीच प्रतिष्पर्धा हुने भएको छ। पटक-पटक अर्थमन्त्री भइसकेका महत र दुई पटकसम्म महतबाट पराजित तामाङबीचको चुनावी भिडन्त यसपटक निकै रोमाञ्चक हुने अनुमान मतदाताहरुले गरेका छन् ।

२०६४ सालको संविधानसभा निर्वाचनमा डा. महतले १ सय ४ मत अन्तरले तामाङलाई पराजित गरेका थिए। दोस्रो पटकको संविधानसभा निर्वाचनमा यो मतान्तरलाई डा. महतले बढाएर विजयी भएका थिए।

यसअघि ३ वटा निर्वाचन क्षेत्र रहेको नुवाकोटलाई यसपटक २ वटा निर्वाचन क्षेत्र बनाइएको छ। प्रतिनिधि सभाको निर्वाचन क्षेत्र नम्बर १ मा हालका शिवपुरी गाउँपालिका, दुप्चेश्वर गाउँपालिका, पञ्चकन्या गाउँपालिका, तादी गाउँपालिका, सूर्यगढी गाउँपालिका, लिखु गाउँपालिका र ककनी गाउँपालिका पर्छन्। क्षेत्र नं १ मा १ लाख ५ हजार २ सय ८७ जना मतदाता रहेका छन्। यो क्षेत्रबाट तामाङ र महतसहित १३ जनाको उम्मेदवारी परेको छ।

एमाले माओवादीबीच चुनावी तालमेल भएकाले यो क्षेत्रमा एमाले र परिवारदलसहितले माओवादी उम्मेदवार तामाङलाई सघाउनेछन्। 'दुवै पार्टीबीच आन्तरिक रूपमा कुनै समस्या छैन, पार्टी उपाध्यक्षसमेत रहेका क्षेत्र नं. १ प्रदेश 'ख' का उम्मेदवार बद्री मैनाली भने 'वाम गठबन्धनले आफ्नो मत संरक्षण गर्दा चुनाव हाम्रो पक्षमा आउनेछ।' यता लोकतान्त्रिक गठबन्धनका उम्मेदवार डा. महतका भतिज एवं क्षेत्र नं. २ प्रदेश 'ख' का उम्मेदवार रमेश महत पनि नतिजा आफ्नो पक्षमा आउने दाबी गर्छन्। 'यो क्षेत्रको विकासमा डा.सापले गरेको योगदानका कारण नागरिकको विश्वास हामीमाथि छ,' महत भन्छन्- 'गठबन्धनसँग डराउनुपर्ने अवस्था छैन।'

स्थानीय निर्वाचनमा गाउँपालिकाका अध्यक्षहरुले प्राप्त गरेको मतको आधारमा यो क्षेत्रमा रामशरण महतको भन्दा हितबहादुर तामाङको मत १४ हजार ३ सय १० बढी देखिन्छ। डा. महतले लोकतन्त्रको रक्षाको र अधिनायकवादको अन्त्यका लागि आफूले उम्मेदवारी दिएको बताउँछन्। डा. महतले विकास निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्य एजेन्डा बनाएका छन् भने तामाङ परिवर्तनलाई संस्थागत गर्दै दीगो, विकास, आर्थिक समृद्धि, समानता र स्थिर सरकारका लागि आफ्नो उम्मेदवारी भएको बताउँछन्।

नेपाली कांग्रेसभित्र लामो समय योगदान दिएका कार्यकर्ताको संरक्षण हुन नसकेको आरोप कांग्रेसका नेताहरुलाई लाग्दै आएको छ। नुवाकोट क्षेत्र नं. १ मा डा. महत प्रतिनिधिसभाको उम्मेदवार रहेका छन् भने सोही क्षेत्रको प्रदेश 'ख' मा उनका भतिज रमेश महत उम्मेदवार बनेका छन्।

उता, क्षेत्र नं. २ का उम्मेदवार कांग्रेस नेता अर्जुननरसिंह केसी प्रतिनिधिसभा र र उनका भाइ जगदिश्वर नरसिंह केसी सोही क्षेत्रको प्रदेश 'क' मा उम्मेदवार बनेपछि कांग्रेसभित्र पनि असन्तुष्टी बढेको छ।

यो क्षेत्रमा वाम गठबन्धनको तर्फबाट एमालेका जिल्ला अध्यक्ष नारायण खतिवडा चुनावी मैदानमा छन्। उनी पनि जनतामाझ लोकप्रिय छन्। सो क्षेत्रमा अहिले एमाले र माओवादीको मत जोड्दा कांग्रेसभन्दा १० हजार मतले अगाडि देखिएका छन्।





यो क्षेत्रमा अन्य १३ जनाले उम्मेदवारी दिएका छन्। यस पटक दुवै उम्मेदवारलाई निर्वाचन जित्न 'फलामको चिउरा' सरह हुने नेपाल पत्रकार महासंघका अध्यक्ष कपिलदेव खनाल बताउँछन्। 'डा. महतको प्रभाव आफ्नै छ। उनीप्रति असन्तुष्टी पनि छ, खनाल भन्छन्- 'विगतको तुलनामा यस पटक वाम गठबन्धनको सम्भावना बलियो भए पनि निर्वाचनलाई सहज रूपमा आँकलन गर्न सकिँदैन।'

पार्टीगत मतसहित नुवाकोटमा नयाँ शक्तिका केही नेताहरुले पनि वाम गठबन्धनलाई सघाउने बुझिएको छ। नयाँ शक्तिले क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार सन्तबहादुर तामाङ वाम गठबन्धनलाई सघाउन माओवादी केन्द्रमा प्रवेशसमेत गरिसकेका छन्।

राप्रपा राष्ट्रवादीबाट बिमल थापा, राप्रपा प्रजातान्त्रिकबाट राजेन्द्रप्रसाद फुयाँल, नेकपा मालेबाट जयागार तामाङ, नयाँ शक्ति पार्टी नेपालबाट शन्तबहादुर तामाङ, नेपाल जनलोकतान्त्रिक पार्टीबाट कृष्णप्रसाद लामिछाने, संघीय समाजवादी फोरमबाट उत्तम अधिकारी, राष्ट्रिय जनमोर्चाबाट कर्णबहादुर तामाङ, मंगोल नेसनल अर्गनाइजेसनबाट प्रदिप तामाङ रहेका छन्। स्वतन्त्र उम्मेदवारहरुमा एलिसा थापा, कृष्णबहादुर तामाङ र रबिन गुरुङे पनि प्रतिनिधिसभाको उम्मेदवार रहेका छन्।

प्रदेश सभाका लागि 'क' क्षेत्रमा दुप्चेश्वर, शिवपुरी, तादी गाँउपालिका पूरै र पञ्चकन्या गाउँपालिका ३, ४ अर्थात् पहिलाको थप्रेक र पञ्चकन्या गाउँपालिका रहेको छ। यो प्रदेशसभामा ७ जनाको उम्मेदवारी परेको छ। ७ जनाको उम्मेदवारी परे पनि नेपाली कांग्रेसबाट महेन्द्र थिङ, वाम गठबन्धनबाट माओवादी केन्द्रका राधिका तामाङवीच प्रतिष्पर्धा हुने देखिएको छ। पूर्वकृषि राज्यमन्त्रीसमेत भएकी तामाङ यो क्षेत्रका लागि परिचित नाम हो। उनी समानुपातिकबाट माओवादी केन्द्रको सभासद्समेत थिइन्। शालिन, भद्र युवामाझ लोकप्रिय भएका कारण उनको सम्भावना बलियो रहेको छ।

यता, थिङ २०५६ सालको आम निर्वाचनमा नेपाली कांग्रेसका अर्जुननरसिंह केसी विरुद्ध क्षेत्र नं. ३ बाट बागी उम्मेदवार भएका थिए। उनले त्यतिबेला ६ हजार मत ल्याएपछि अर्जुननरसिंह केसी पराजित भएका थिए। नेपाल समता पार्टीमा पनि केही वर्ष बिताएका थिङ खरो स्वभावका छन्। तामाङ समुदायको बाहुल्यता रहेको यो प्रदेश क्षेत्रमा उनी पनि बलिया उम्मेदवारका रूपमा खडा भएका छन्।

यो प्रदेशसभाबाट राप्रपा राष्ट्रवादीबाट रामु पण्डित, राप्रपा प्रजातान्त्रिकका दामोदर थापा, नयाँ शक्ति पार्टीबाट ज्यायुमी शेर्पा, विवेकशील साझा पार्टीबाट विमल तामाङ र स्वतन्त्र उम्मेदवारमा सुनिता थोकर रहेका छन्। प्रदेशसभा निर्वाचन क्षेत्रमा ५२ हजार एक जना मतदाता छन्।

निर्वाचन क्षेत्र नं. १ कै दोस्रो प्रदेशसभामा ककनी गाउँपालिका, लिखु गाउँपालिका, सूर्यगढी गाँउपालिका पूरै र पञ्चकन्या गाउँपालिकाको वडा नं १, २, ५ अर्थात् पहिलाको चौंघडा, कविलास र भद्रुटार गाविसलाई मिलाएर बनाइएको छ। यस क्षेत्रमा ५३ हजार २ सय ८६ मतदाता रहेका छन्। नेपाली कांग्रेसबाट रमेशकुमार महत, वाम गठबन्धनको तर्फबाट एमालेका बद्री मैनालीबीच यो क्षेत्रमा प्रष्तिपर्धा हुनेछ। महत र मैनालीसहित ११ जनाले उम्मेदवारी दर्ता गराएका छन्। नेपाली कांग्रेसका नेता डा. रामशरण महतका भतिज रमेश महत काका डा. महत जतिकै चर्चित छन्।

उनले यो क्षेत्रको विकास र सामाजिक काममा गरेको लगानीका आधारमा आफूलाई बलियो उम्मेदवारको रूपमा अघि सारेका छन्। वाम गठबन्धनका तर्फबाट उम्मेदवारी दिएका बद्री मैनाली एमाले नुवाकोटका उपाध्यक्षसमेत हुन्। छोटो समयमै एमाले राजनीतिमा उदाएका मैनाली युवाहरुमाझ निकै लोकप्रिय छन्। वाम गठबन्धनका साझा उम्मेदवार मैनालीले यस क्षेत्रको शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा गरेको योगदानका कारण उनी पनि निर्वाचन आफूले जित्ने दाबी गर्छन्।

यो प्रदेश क्षेत्रबाट राप्रपा राष्ट्रवादीबाट पुरेन्द्रप्रसाद ढकाल, राप्रपा प्रजातान्त्रिकबाट दीपककुमार राई, नयाँ शक्ति पार्टीबाट ईश्वरकुमार राउत, विवेकशील साझा पार्टीबाट कृष्णप्रसाद अधिकारी, मंगोल नेसनल अर्गनाइजेसनबाट कृष्ण तामाङ, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालबाट राजन लामिछाने र स्वतन्त्र उम्मेदवार ज्ञानबहादुर तामाङको उम्मेदवारी परेको छ।

# अभ्यासँगै रमाए विद्यार्थी



लोकप्रिय रकपप ब्यान्ड अभया एन्ड द स्टिम एन्जन्सले अमेरिकापछि राजधानीमा कन्सर्ट गरी विद्यार्थीलाई झुमाएको छ। बबरमहलस्थित ओलम्पिया वर्ल्ड स्कुलमा भएको *ओलम्पिया फेट*मा कन्सर्ट गरेर विद्यार्थीहरुलाई झुमाएको हो।

अमेरिकाको सात शहरमा कन्सर्ट दिएर फर्किएको ब्यान्डले विद्यालयका बालबालिकामाँझ आफ्ना गीतसंगीत प्रस्तुत गरी मोहित तुल्यायो। ब्यान्डकी प्रमुख गायिका अभया सुब्बाका अनुसार ब्यान्डले अमेरिकाका सिनसिनती, सेन्ट लोस, एटलान्टा, बोस्टन, न्यूर्योक, वासिङ्टन डीसी र बाल्टिमोरमा आफ्नो कन्सर्ट गरेको थियो। स्कुलको सातौं वार्षिकोत्सवमा आयोजित कार्यक्रममा ब्यान्डले आफ्ना गीतमार्फत् बालबालिका, शिक्षकशिक्षिका तथा अभिभावकलाई सांगीतिक माहौलमा झुमाएको थियो। *नारीको सम्मान* नारा दिएर गरिएको कार्यक्रममा अभयाले *हामी सबै नेपाली, नैनीताल मास अप, लुकिङ फर लभ, रमाउन* देऊ, *तिम्रो लागि, यो मेरो घर, बादल* बोलको गीत प्रस्तुत गरी आफूसँगै विद्यार्थीलाई नचाएकी थिइन्।

मेलाको शुभारम्भ महिला जुडो खेलाडी तथा ओलम्पियन फूपु ल्हामु खत्रीले गरेकी थिइन्। कार्यक्रमको व्यवस्थापन पोजिटिभ भाइब्सले गरेको थियो।

# जुभेनायलको गीत सार्वजनिक

*जुभेनायल* नामक फिल्मको बिहीबार राजधानीमा आयोजित एक समारोहबीच ट्रेलर तथा गीत रिलिज गरिएको छ।

'स्कुल तथा कलेजका युवायुवतीलाई लक्षित गरेर बनाइएको फिल्मले कसरी युवायुवतीहरु जानी नजानी कुलतमा फस्छन् भन्ने कुरा देखाउन खोजेको छ' -फिल्मकी निर्देशक तथा नेपाली फिल्म क्षेत्रकै पहिलो महिला छायाँकार शवनम मुखियाले भनिन्। उनका अनुसार छोराछोरीप्रति पैसा मात्र खर्चनु माया नभई अभिभावकको कमजोरी हो भन्ने कुरा फिल्मले देखाउन खोजेको छ। विभिन्न जनचेतनामूलक सन्देश र विभिन्न म्युजिक भिडियो निर्देशन गर्दै आइरहेकी शवनम मुखियाको यो पहिलो व्यवसायिक फिल्म निर्देशन हो।

रिलिज गरिएको *जुनतारा छुने मेरो सपना* बोलको गीतमा शब्द, संगीत र स्वर नितेशजंग कुँवरको रहेको छ। भिडियोमा कुमार गजुरेल, सन्जना तिमल्सिना र कृतिका घिमिरेलाई देख्न सकिन्छ। फिल्मका विशेष कलाकार रवि गिरीले निर्देशक मुखियाको कामबाट आफू सन्तुष्ट रहेको बताए। पत्रकार तथा निर्देशक डब्बु क्षेत्रीले पनि फिल्म र शवनमबारे प्रकाश पारे। कार्यक्रममा लेखक तथा निर्देशक मोहन निरौलाले निर्देशक मुखिया सिर्जनशील व्यक्तित्व रहेको चर्चा गरे भने फिल्मका कुमार गजुरेलले शवनम मुखियालाई निर्देशक मात्र नभई आमाको रुपमा पनि सम्झिए। शुक्रबार बागबजारस्थित सिटी म्याक्स हलमा ३ शो प्रदर्शन गरिएको फिल्मका अन्य कलाकारमा विद्या कार्की, शारदा गिरी, गीता अधिकारी, डा. घनश्याम खतिवडा, सन्जना तिमिल्सिना, मोहन चाम्लिङ राई, माधव पौडेल, जगदीश अधिकारी, ओमकृष्ण भण्डारीलगायत छन्। ड्रिम वर्ल्ड अफ फिल्म मेकर्स प्रालिको ब्यानरमा माधव पौडेलले निर्माण गरेको फिल्म बाबुराम नेपालीले खिचेका छन्। फिल्ममा आस्मा पोखरेल र रामप्रसाद चौधरीको सम्पादन, शान्तिप्रिय, नितेसजंग कुँवर र प्रकाश केसीको गीत रहेको छ।

सोही अवसरमा ड्रिम वर्ल्ड अफ फिल्म मेकर्सले नै निर्माण गरेको म्युजिक भिडियोसमेत रिलिज गरिएको थियो। *सम्हालेर राख्छु खुसी* बोलको गीतमा स्वर नरेन्द्र प्यासी, शब्द शान्तिप्रिय र संगीत सन्तोष श्रेष्ठको रहेको छ। यसको भिडियोमा शिल्पा पोखरेल, श्याम श्रेष्ठ, मोहन चाम्लिङ राई र कृतिका घिमिरेलाई देख्न सकिन्छ।



# टाइटानिक थ्रीडीमा पुन: रिलिज हुँदै

सन् १९९० को दशकमा बक्स अफिसको सबै रेकर्ड तोड्न सफल हलिउड फिल्म *टाइटानिक*ले आफ्नो २० औं वार्षिकोत्सव मनाइरहेको छ। यही अवसरमा डोल्बी लेबोरेट्रिज, प्यारामाउन्ट पिक्चर्स र एएमसी थिएटर्सले उक्त ऐतिहासिक फिल्म पुन: रिलिज गर्ने घोषणा गरेको छ।

सन् १९९७ नोभेम्बर ८ मा रिलिज भएको फिल्म पुन: रिलिज हुने घोषणा भएसँगै फ्यानहरु पनि उत्साहित देखिएका छन्। लियोनार्दो डिकाप्रियो र केट विन्सलेन्ट स्टारर ओस्कार अवार्ड प्राप्त फिल्म अब टुडी र थ्रीडीमा रिलिज गर्ने तयारी भइरहेको छ। यही नोभेम्बर १५ बाट अनलाइन टिकट बुकिङ शुरू हुने बताइएको छ। 'हामीले डोल्बी भिजनमा केहीबेर टाइटानिक हेर्यौं र उक्त फिल्म पहिलोपटक हेरिरहेको जस्तै लाग्यो। यही कारणले गर्दा पुन: एकपटक अमेरिकी दर्शकलाई टाइटानिक देखाउन चाहेको हौं' -फिल्मका निर्देशक जेम्स क्यामरनले भने। सन् १९१२ अप्रिल १५ मा एक ब्रिटिस यात्रुले भरिएको टाइटानिक जहाज डुब्दा कयौं यात्रीहरुले ज्यान गुमाएका थिए। जहाजमा भिन्नभिन्न सामाजिक र आर्थिक पृष्ठभूमिबाट आएका युवा र युवतीको प्रेमकथालाई पर्दामा उतारिएको थियो। यद्दपि उक्त जहाज दुर्घटना बाहेक अरु कहानी भने काल्पनिक थियो।





# मिस्टर वसियनमा विवेक

पुरुष सौन्दर्य प्रतियोगिता *मिस्टर वसियन* २०१७ मा *पूर्व मोडल हन्ट* विजेता विवेक खड्काले नेपालको प्रतिनिधित्व गर्ने भएका छन्।

आगामी नोभेम्बर १५ देखि २६ सम्म ताइवानको ताइपेइमा हुने प्रतियोगीतामा ७० देशका युवाको सहभागीता रहनेछ। ६.१ उचाइका २० वर्षीय खड्काले प्रतियोगीतामा नेपाली कलासंस्कृति झल्कने विभिन्न भेषभुषाका साथ नेपाललाई सगरमाथा र बुद्धको देश भनेर चिनाउन आफ्नो सहभागीता अर्थपूर्ण रहने बताए। यस अगाडि *मोडल हन्ट नेपाल*की प्रतियोगी सिम्रन खड्काले एक अन्तर्राष्ट्रिय उपाधि नेपाल भित्र्याउन सफल भएकी थिइन्।

# फिल्ममा शान्ति



फाल्गुनन्द लिङ्देन फिल्मस् प्रालिद्वारा निर्माण गरिएको फिल्म शान्तिको छायाङ्कन पूरा भई सम्पादन कार्य भइरहेको छ। फिल्ममा सामाजिक, पारिवारिक तथा मायाप्रेम मिश्रित कथा समेटिएको निर्देशक लिङदेनले बताए।

शान्ता बखिम थेबे निर्मात्री र बसन्त थेबे लिम्बू कार्यकारी निर्माता रहेको फिल्ममा सुशिल क्षेत्री, निशा पोमु, सञ्जीव थेबे, सुप्रिया श्रेष्ठ, सुदिता लिङदेन, अजय खडका, बालदीप राई, शर्मिला शर्मा, प्रदीप योङहाङलगायतका कलाकारले अभिनय गरेका छन्।

हरी उप्रेतीको गीत, विकास चौधरीको सङ्गीत, जनक कार्कीको नृत्य, राजु किराँतीको द्वन्द्व, ज्ञानु राईको छायांकन तथा दिनेश लिङ्देनको कथा र निर्देशन रहेको यो चलचित्र चाँडै नै हङकङ, सिङ्गापुर, कोरिया, अमेरिका, युकेलगायतका देशमा प्रदर्शन गरिने निर्माण पक्षले जनाएको छ।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: RUSLAN 100% PURE MOVIES
OFFICIAL BANK: PRABHU BANK
ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. · IME International Money Express Fast, Reliable And Secure Remittance · KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा (KFA 1A)
डाइङ क्यान्डल (KFA 1B)
गाजलु (KFA 1C)
जात्रा (KFA 1D)
के म तिम्रो होइन र (KFA 1E)

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२ (KFA 2A)
दीपेन्द्र के खनाल - चपली हाइट-२ (KFA 2B)
हेमराज बीसी - गाजलु (KFA 2C)
आकाश अधिकारी - के म तिम्रो होइन र (KFA 2D)
निश्चल बस्नेत - लुट-२ (KFA 2E)

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम (KFA 3A)
अनमोल केसी - गाजलु (KFA 3B)
विपीन कार्की - जात्रा (KFA 3C)
निखिल उप्रेती - निर्भय (KFA 3D)
सौगात मल्ल - शब्द (KFA 3E)

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा (KFA 4A)
सृजना सुब्बा - डाइङ क्यान्डल (KFA 4B)
वर्षा राउत - जात्रा (KFA 4C
केकी अधिकारी - लभ सासा (KFA 4D)
नीता ढुंगाना - निर्भय (KFA 4E)

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर (KFA 5A)
अर्पण थापा - वीरविक्रम (KFA 5B)
दीपकराज गिरी - छक्का पञ्जा (KFA 5C)
कमलमणि नेपाल - जात्रा (KFA 5D)
कामेश्वर चौरासिया - पलाँस (KFA 5E)

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा (KFA 6A)
रवीन्द्र झा - जात्रा (KFA 6B)
दयाहाङ राई - लुट-२ (KFA 6C)
सलोन बस्नेत - गाजलु (KFA 6D)
बुद्धि तामाङ - छक्का पञ्जा (KFA 6E)

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें (KFA 7A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल (KFA 7B)
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार (KFA 7C)
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ (KFA 7D)
वसन्त सापकोटा - राधा/छपक्कै (KFA 7E)

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें (KFA 11A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल (KFA 11B)
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा (KFA 11C)
प्रताप दास - के म तिम्रो होइन र/पागल (KFA 11D)
युवराज चौलागाईं - पलाँस/तिमी साथमा (KFA 11E)
स्वरूपराज आचार्य - शब्द/हरपल (KFA 11F)

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम (KFA 10A)
मिलन अमात्य - हाउ फन्नी/यो के हो (KFA 10B)
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ (KFA 10C)
मीना निरौला - लुट-२/ठमेल बजार (KFA 10D)
मेलिना राई - राधा/छपक्कै (KFA 10E)

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत (KFA 8A)
केकी अधिकारी (KFA 8B)
प्रियंका कार्की (KFA 8C)
ऋचा शर्मा (KFA 8D)
सृष्टि श्रेष्ठ (KFA 8E)

नेपाल समाचारपत्र

www.newsofnepal.com

2017, NOV Saturday 18

# साहित्य

साहित्य त्यही हो जो मुटुमा
कोमल स्पर्श गर्न पुग्छ।
- कोषराज न्यौपाने

साहित्य भाषा वैज्ञानिक
दक्षताको हार्दिक प्रकाशन हो।
- कृष्ण गौतम

## बीपीका कथामा यौनमनोविश्लेषण

केशव अधिकारी



वि.सं. १९७२ मा भारतको वनारसमा जन्मेका विश्वेश्वरप्रसाद कोइराला राजनीति र साहित्य दुबैका सङ्गम मानिन्छन्। आफ्ना पिता कृष्णप्रसाद कोइरालाले समाज सेवा गरेको आरोप लगाएर राणा सरकारले सर्वस्व हरण गरी स्वदेशबाट लखेटिदिएपछि छिमेकी भारतमा शरण लिन पुग्नुपर्ने बाध्यताले उनलाई नेपालका राणाशासकदेखि निकै रिस उठेको थियो। त्यही कारणले भारतमै बसेर आफ्नो राजनीतिक पृष्ठभूमि तयार पार्न थाले। जसको परिणाम २००७ सालको राजनीतिक क्रान्तिमा महत्वपूर्ण भूमिका खेल्दै राणाशासनको अवसान गराउन राजनीतिका तर्फबाट महत्वपूर्ण योगदान दिए। त्यसपछिको सरकारका उनी गृहमन्त्री बनेर नेपालको राजनीतिमा महत्वपूर्ण योगदान दिएका छन्।

बीपीको खास नाम विश्वेश्वरप्रसाद कोइराला भए पनि उनलाई कसैले बीपी बाबु, कसैले सान्दाजु, यस्तै नामले पुकार्दथे। उनी भारत भूमिमा जन्मेर हुर्केका हुनाले उनको पहिलो लिखित साहित्य भनेको पनि हिन्दी भाषामै लेखिएको थियो। उनी विशेष गरेर भारतीय साहित्यकार प्रेमचन्दबाट अधिक प्रभावित भएका थिए। उनै प्रेमचन्दले सम्पादन गर्ने हंस नामको पत्रिकामा बीपीका घोसला, पथिकजस्ता कथाहरू छापिएका थिए। यसरी पत्रिकामा आफ्ना कथा छापिएका देखेपछि उनको मनमा अझै हौसला मिल्न पुग्यो। पछि नेपाली भाषामा पनि कथा लेख्नुपर्छ भनेर उनलाई हौसला दिने काम भने सूर्यविक्रम ज्ञवालीले गरेका थिए। वि.सं. १९९२ मा चन्द्रवदन नामको नेपाली कथा पनि छापियो। यसरी नेपाली साहित्य सिर्जनाको महान् यज्ञमा उनी होमिन पुगे। शायद उनले राजनीतिक पृष्ठभूमि तयार नगरी विभिन्न विधामा साहित्य लेखनकै साधनामा लागेका भए नेपाली भाषाका महान् साहित्यकार बन्न सक्ने थिए होलान् भनेर अनुमान लगाउन सकिन्छ।

सङ्ख्याका दृष्टिले हेर्ने हो भने बीपीका एक कथासङ्ग्रह दोषी चश्मा र चार उपन्यास (तीन घुम्ती, सुम्निमा, नरेन्द्र दाइ र मोदी आइन्) रहेका छन्। साहित्य सिर्जनाको आरम्भमा उनले मनोवैज्ञानिक र यौन मनोविश्लेषणवादी कथाहरू लेखेका छन्। कथा लेखनको पछाडि मात्र उपन्यास लेखनको यात्रालाई अगाडि बढाएका छन्। दोषी चश्मा उनको कथा सङ्ग्रहको नाम हो। यस सङ्ग्रहमा जम्मा १६ वटा मौलिक, मनोवैज्ञानिक र यौनमनोविश्लेषण गरिएका कथा रहेका छन्।

बीपीको कथासङ्ग्रहको शीर्षककै रूपमा रहेको दोषी चश्मा कथा यौनमनोविश्लेषणवादी कति पनि नभएर शुद्ध मनोविश्लेषणवादी मात्र रहेको छ भने कर्नेलको घोडा, पवित्रा, मधेसतिर आदि कथाहरूमा ज्यादै राम्ररी यौनको मनोविश्लेषण गरिएको छ। उनी पश्चिमी साहित्यकार सिगमन्ड फ्रायडबाट अधिक प्रभावित भएर यस्ता कथा लेख्न पुगेका थिए भनेर टिप्पणी गर्न सकिन्छ।

बीपीका यौनमनोविश्लेषणवादी कथामध्ये ‘कर्नेलको घोडा’ कथा निकै उत्कृष्ट कथा मानिन्छ। यस कथामा करिब ४५ को उमेरमा दौडँदै गरेका एकजना कर्नेलले एउटी २० वर्षकी युवती विवाह गर्छन्। विवाह गरेपश्चात् कर्नेलदेखि तरुनी कर्नेल्नी प्रायजसो खुशी रहेकी देखिन्नन्। जसको कारण २० वर्षकी तरुनी नारीभित्र उर्लेको यौनतिर्खालाई ४५ वर्षको उमेर पार गर्दै गरेका कर्नेलले कसरी तृप्त बनाउन सकून् ? आफूले यौनतिर्खालाई सन्तुष्टि दिन नसकेपछि कर्नेल्नीलाई खुशी पार्न कर्नेलले अनेक कपडा वा अन्य भौतिक सुविधा थपेर पनि कर्नेल्नीलाई खुशी पार्न खोज्छन्। यौनतिर्खा मेटाउने नाममा एकदिन कर्नेलले प्रयास गर्दै गरेका बेला कर्नेल्नीले उनलाई सजिलैसँग अर्कोतिर पल्टाइदिन्छिन्। त्यसपछिका दिनमा त कर्नेल्नी अझै उग्ररुपमा रिसाउन थाल्छिन्। कर्नेलले फकाउने प्रयास गर्दा पनि केही लाग्दैन। समय बित्दै जाँदा कर्नेल्नी कर्नेलको तबेलामा बाँधेको तरुनो घोडाको स्याहारसुसारमा तल्लीन हुन थाल्छिन्। उनलाई बूढा कर्नेलको त्यति वास्ता लाग्दैन तर घोडाको चाकरमा त्यति धेरै दिलचस्पी लिएकी हुनाले कर्नेलले सम्झाइ-बुझाइ गर्न खोज्छन्। कर्नेल्नीले कर्नेलको कुरा सुन्नै मान्दिनन्। बरु त्यसको साटो ‘मलाई जे गर्दा सन्तुष्ट हुन्छ म त्यही गर्छु, मलाई किन रोक्नु ?’ भनेर उल्टो कर्नेललाई नै थर्कमान पार्छिन्।

समय बित्दै जाँदा तरुनो घोडा कर्नेल्नीसँग राम्रैसँग रत्तिइसकेको हुन्छ। एकदिन कर्नेल कतै जानलाई घोडामा सवार हुन्छन्। तर पहिलेको सुधो घोडाले उनलाई लडाइदिन्छ र कतै जानै मान्दैन। यो दृश्य गर्वका साथ हेरिरहेकी कर्नेल्नीले कर्नेललाई घोडाले लडाइसकेर उठ्न खोज्दा सहयोग गर्नुको साटो आफैँ घोडाको पिठ्यूँमा फूर्तिसाथ चढेर सजिलैसँग घोडा दौडाउन लाग्छिन्। कर्नेल साहेबले उनलाई विस्फारित नेत्रले हेरिरहेका हुन्छन्। कर्नेल्नीले घोडा ल्याएर रोकी ओर्लनासाथ कर्नेलले घोडालाई तत्कालै गोली ठोकेर मार्छन्।

कर्नेल्नीको दैनिकको स्याहारसुसारले गर्दा घोडा कर्नेल्नीप्रति क्रमशः आकर्षित हुँदै गएको हुनाले कर्नेलप्रतिको उनको इर्ष्या बढ्दै गएको कुरा देखाइएको छ। यसलाई केवल यौनविश्लेषण मात्र भन्न मिल्दैन। बरु परिस्थितिले सिर्जना गरेको यो वातावरणले आममानिसको मनोवैज्ञानिक अवस्था यस्तै हुन्छ भन्दा सही होला। अझ गहिरो विश्लेषण गर्दा के देखिन्छ भने, तरुनी आइमाई भनेको ज्यादै उर्वर भूमिसरह हो। उक्त उर्वर भूमिले सधैँ हराभरा हुनखोज्छ। त्यो उर्वर भूमिलाई सही बीउविजन छरेर हराभरा बनाउन नसक्ने पुरुष के पुरुष ? हुनसक्छ, बरु त्यस वृद्ध पुरुषको तुलनामा तन्नेरो घोडा नै अधिक उर्वरशील रहेको छ। त्यसकारण तारुण्यको मदले सताएकी कर्नेल्नीले तरुनो घोडाको स्याहार गरेर पाउने सन्तुष्टि नै ‘कर्नेलको घोडा’ कथाको अभिष्ट बनेको छ।

बीपीको अर्को यौनमनोविश्लेषणवादी कथा ‘पवित्रा’ हो। यस कथामा एकजना अधबैंसे महिलालाई एक युवक कर्मचारी केशवदेवले भान्से बाहुनीको रूपमा आफ्नो घरमा राखेका छन्। पवित्रा आफैँमा निकै कुरुप छन्। उनका आँखा तानिएका, घाँटी गाँडले नराम्रो देखिएको, देब्रे गोडो दाहिनेभन्दा छोटो भएकोले खोच्याएर हिँड्नुपर्ने अवस्थाकी छन्। केशवदेवले पवित्रालाई माथि बुइँगलको एउटा कोठामा सुत्ने ठाउँ दिएका छन्। केशवदेव एक्लै हुँदा उनको घरमा पवित्राले कसरी प्रवेश पाइन् भन्ने कुरा स्वयम् केशवदेवलाई पनि थाहा छैन। त्यति कुरुप र पाकी महिलाको स्थानमा अर्की भर्भराउँदी तरुनी नोकर्नी वा भान्से पनि राख्न सक्थे होलान् तर पवित्रामाथि अन्याय हुने मानसिकताले त्यसो गर्न सकेका छैनन्।

केशवदेवको घरमा पवित्राले काम गरेको निकै वर्ष बिते। केशवदेवका मन पर्दा खानेकुरादेखि लिएर अन्य कुरामा पनि के-कस्ता रुचि छन् भनेर पवित्रालाई यावत् कुरा थाहा भइसकेका छन्। केशवदेवले पवित्रालाई केवल भान्से बाहुनी, नोकर्नी वा केको स्थान दिएर वा कुन दृष्टिले हेर्थे भन्ने कुरा अलिकति पनि सङ्केत पाइन्न। तर पवित्राले भने आफ्नो उमेर, आफ्नो कुरुपता सबै बिर्सेर उनको अचेतन मनले केशवदेवलाई एक मालिक नठानेर आफ्नै श्रीमान् वा आफ्नै मान्छेको रुपमा लिन थालिसकेकी छन्। जसको उद्घाटन जब केशवदेवले आफ्नो विवाहको कुरा पक्का गर्दछन् त्यसपछि पवित्रालाई आकाश लडेर आफूलाई किचेको अनुभव हुनथाल्छ। पवित्राको त्यस बेलाको चोटलाई उनले क्वाँक्वाँ रोएर पखालेकी छन् भने चेतन मनको दुनियाँले के भन्ला भन्ने लाजले तत्कालै गल्ल हाँसेकी छन्। अचेतन मनले आफू अब केशवदेवको जीवनबाट निकै टाढा पुगेको अनुभूति भइरहेको छ। जसको प्रकटरुपमा उनी केशवदेवसँग आफूले सो घरमा बसेर काम गरेदेखिको एकमुष्ट तलब रकम माग गर्छिन्। केशवदेवले छक्क पर्दै दिएको पैसाबाट सुनका राम्रा चुरा सुनारेलाई बनाउन लगाएर केशवदेवकी नयाँ दुलहीलाई अर्पण गर्छिन्। त्यस बेलामा पनि उनको अचेतन मनले आफू केशवदेवकी कुनै भान्छे बाहुनी वा नोकर्नी नभएर कोही आफन्त भएको कुरा सिद्ध गर्न खोज्दै छन्।

बीपीको यो कथा पनि शुद्धरूपमा यौनमनोविश्लेषण गरिएको नभई हरेक मानवको चेतन र अचेतन मनको अवस्था र त्यस अवस्थाबाट सिर्जना हुने अस्थिरताले के-कस्ता क्रियाकलापहरू गरेर प्रकट हुँदा रहेछन् भन्ने कुरा उदाङ्गो पार्न खोजेको छ। आखिर जे भए पनि नेपाली साहित्यका प्रखर साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यको भण्डारमा नौलो आयामको रूपमा मनोविश्लेषण र यौनमनोविश्लेषणवादी कथा, उपन्यास आदि थपेर समुन्नत बनाउने काम गरेका छन्। यसै सार्थक प्रयासले उनलाई राजनेताका साथै विशिष्ट साहित्यकारका रूपमा उच्च दर्जामा दर्ज गरेर राखिएको छ। उनी अलि लामो समय बाँच्न सकेका भए शायद नेपाली साहित्यको ढुकुटी अझै समृद्ध बन्ने थियो होला तर मृत्युको अगाडि कसैको केही सीप नचल्ने भएकोले स्मृतिका पानामा उनी जीवित रहनेछन्।

### पुस्तक चर्चा

## प्रतिविम्ब हराएको मान्छेसँग राधिका

किरण श्रेष्ठ

राधिका गुरागाईं विराटनगरकी सचेत नारी स्रष्टा हुन्। यिनी कविता लेख्न, कविता बनाउन र कविताको दौडमा कुद्न रुचाएकै कारण २०६६ सालमा नै ‘मौन आकृति’ कविता सङ्ग्रहमार्फत आफूलाई सम्भावना बोकेर आएका कविका रुपमा परिचय देखाउन सफल छन्। कविता यिनका प्रिय लाग्ने साहित्यिक विधा भएकै कारणले भर्खरै मात्र काठमाडौंमा यिनको ‘प्रतिविम्ब हराएको मान्छे’ कविता सङ्ग्रह सार्वजनिक भएको छ। विविध भावधारा सम्प्रेषित भएका यिनका कविता सरल भईकन पनि सौन्दर्य र कलाका दृष्टिले बोधगम्य छन्। कवितामा प्रेम-भाव, राष्ट्रिय भावना, देशप्रतिको माया, विदेशिने नेपालीलाई स्वदेश फर्किन गरेका आह्वान, आमाप्रतिको आत्मीय माया पोखेर समसामयिकताका विम्बहरु कवितामा यिनले पोखेकी छन्।

त्यस्तै देश कुरुप हुँदै गएकोमा, देश रङ्गहीन फुस्रो बन्दै गएकोमा कवितामा यिनी लेख्छिन्- ‘देश इमानदार चित्रकारहरुको खोजीमा छ/ र, पर्खिरहेछ/ शान्त र समृद्ध आकृति। कवितामा हरफ र शैली मात्र छैन, विचार र सुन्दर दृष्टि छ। यसै गरी कवितामा विचार र दृष्टि मात्र छैन, विम्ब र शैली पनि छन्। कवि त्यसैले कवितामा कोर्छिन्- ‘म श्रमको कविता लेख्छु/ म पसिनाको कविता लेख्छु/ म जीवनको कविता लेख्छु/ म कवितामा जीवन लेख्छु।’ कविताको चाहना सुन्दर, सभ्य समाजको निर्माणमा जुट्ने र सुन्दर देशका लागि प्रतिविम्ब नहराएका मान्छेहरुको खोजी गर्नु हो। यस्तै खालका भावनाहरु कवितामा व्यक्त भएका छन्।

कवि राधिका गुरागाईंका कवितामा व्यक्त भएका कविता-अंशहरुमा काव्यात्मक भावनाहरु देश, जनता र समाजसँग सरोकार भएका थुप्रै विषयहरुमा केन्द्रित भएर व्यक्त भएका छन्। नेपालमा गतिलो र भरिलो जागिर




नपाउनु, देशमा उचित खालको वातावरण नहुनु यी आदि खालका निराशा लाग्दा वातावरण देखेर नेपालीहरु विदेशिने क्रम अचाक्ली बढेको छ। यस खालको देशको परिस्थिति देखेर पनि यिनी कवितामा भरोसालाग्दा स्वाभिमानका फाँकाहरु यसरी कवितामा फुकाउँछन्- ‘ओभाउँदैन पसिना/ खजुर फल्ने बोटका छहारीले/ रोक्न सक्दैन मलाई/ पराई देशको/ यो विषालु मायाले ...टेक्नु छ/ आफ्नो भूगोल अनि/ गाउनु छ/ स्वच्छन्दताको गीत/ बरु निल्नु/ साग र सिस्नुहरु/ आफ्नै माटोको सुगन्धमा।

‘घामसँगको यात्रा’ मा रमाउन चाहने कवि राधिकाका कवितामा आशाका चाहनाहरु छन्, जीवनका ऊर्जाशील कथाहरु छन्, यसै गरी देश र माटोप्रतिको उत्कर्ष मायाहरु कविताका अक्षर भएर पोखिएका छन्। यिनले देशप्रति माया गरेर, देशका युवाहरुलाई सम्बोधन गरेर कवितामा लेखेकी छन्- ‘विदेशिने चाहनाको हुन्डरीले/ सारा युवालाई गाउँबाट/ बढारेपछि/ यति बेला गाउँको परिचय/ लगभग वृद्धाश्रममा परिणत भएको छ।’ प्रतिविम्ब हराएको मान्छेजस्तो भएको देश हेरेर पनि यिनी निराश छैनन्। देशमै बसेर सेवा गर्न र आयमूलक काम गरेर देखाउन कवितामार्फत आह्वान गर्छिन्। ‘गाउँलाई इलम नभएको रुखो ठाउँ देख्यौ/ अनि भएको जेथा मासेर/ कामको खोजीमा विदेशियौ/ तर अहिले भारतको नौतनुवाबाट आएको रामविलास ठाकुर/ गाउँभरिका मान्छेको कपाल काट्छ / र, चार-पाँचजनाको परिवार राम्रैसँग पाल्छ।’ कवि आफ्नो देश नेपाल हिमाल र सूर्योदय हेर्ने सुन्दर ठाउँ बनाउने धुनमा छन्। आफ्नै माटोको सुगन्धमा रमाउने बानी नेपालीहरुको होस् भन्ने चाहना राख्छन्। ४६ वटा कविता सङ्कलन गरिएको ‘प्रतिविम्ब हराएको मान्छे’ कविता सङ्ग्रहले बताउँछ कवि राधिका गुरागाईं विराटनगरबाट राष्ट्रमा देखाउन मिल्ने सम्भावनाका कवि मुहार हुन्। उनका कवितामा अझ ऊर्जा थपिँदै जाओस्।

## शङ्कर कोइराला पुरस्कार भाउपन्थीलाई

दायित्व वाङ्मय प्रतिष्ठानको आयोजनामा विशिष्ट आख्यानकार शङ्कर कोइरालाको ८८औं जन्मजयन्ती हालै मनाइयो। सो अवसरमा रु. १० हजार राशिसहितको शङ्कर कोइराला स्मृति पुरस्कार आख्यानकार भाउपन्थीलाई अर्पण गरियो। समारोहमा प्रमुख अतिथि वाङ्मय शताब्दी पुरुष डा. सत्यमोहन जोशीले भन्नुभयो- ‘शङ्कर कोइरालाका कृतिहरू उत्कृष्ट भए पनि प्रचारबाजीमा नपरेका हुँदा ‘खैरिनीघाट’बाहेक अन्य कृतिहरू ओझेलमा परेका छन्। हामीले नेपाली साहित्यका उत्कृष्ट कृतिहरूको पहिचान गरी अनुवाद गरेर नोवेल साहित्य पुरस्कारका लागि प्रस्ताव गर्नुपर्दछ।’

समालोचक डा. तुलसी भट्टराईले शङ्कर कोइरालाका ५० वटा कृतिको चर्चा हुनुपर्ने उल्लेख गर्दै उहाँका नाममा स्थापित पुरस्कार सत्पात्रलाई दिइएकोमा खुशी व्यक्त गर्नुभयो। पुरस्कृत व्यक्ति भाउपन्थीले पनि शङ्कर कोइरालाको नाममा पुरस्कार पाउँदा आफू अत्यन्त प्रसन्न भएको बताउनुभयो।

उक्त समारोहमा दायित्व वाङ्मय प्रतिष्ठानका सचिव केशवराज पन्तद्वारा लिखित आत्मसंस्मरण ‘स्मृतितरङ्ग’को विमोचन गरिएको थियो। सो कृतिका बारेमा प्रा.डा. कृष्णचन्द्र शर्माले समीक्षात्मक मन्तव्य दिँदै भन्नुभयो- ‘आत्मसंस्मरण लेख्न सजिलो छैन। आत्मसंस्मरणका पाठले लेखकको जीवनी पढेर त्यसबाट प्रेरणा पाउन सक्नुपर्दछ।’ दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्तको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा कृतिकार केशवराज पन्तले लेखकीय मन्तव्य दिनुभएको थियो भने प्रा. रामप्रसाद दाहाल, डा. लेखप्रसाद निरौला, यादव भट्टराई र शङ्कर कोइरालाका सुपुत्र अनिल कोइरालाले पनि मन्तव्य राख्नुभएको थियो।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

मंसिर २ देखि ८ गतेसम्म

**मेष**
यो साता तपाईंका लागि धेरै नराम्रो देखिँदैन। आज शनिबार धनलाभ, कार्य सफल हुनेछ भने त्यसपछिका दुई दिन त्यति सन्तोषजनक छैनन्। दिनचर्या अस्तव्यस्त हुने, मानसिक तनाव बढ्ने, अपच-झाडापखालाको सम्भावना देखिन्छ। सजग रहनुहोला। तर मंगलबारदेखि बिस्तारै समस्या समाधान हुँदै जानेछन्। स्वास्थ्यलाभ, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ। राज्यबाट लाभ हुनेछ।

**वृष**
तपाईंका लागि यस हप्ताका धेरैजसो दिनहरु शुभ छन्। आँटेको र अधुरा काम पूरा होलान्। एकपछि अर्को गर्दै सफलताका सिँढीहरु उक्लिने सम्भावना छ। भोजनादि खाद्यान्न सामग्री प्राप्ति होला। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि होला। मंगलबारदेखि बिहीबारसम्म भने बढी नै परिश्रम गर्नुपर्ला। आर्थिक नोक्सानी हुने र तनाव सृजना हुने देखिन्छ।

**मिथुन**
तपाईंका लागि यो साताका दिनहरु धेरै शुभ फलदायक देखिन्छन्। सानै प्रयासबाट नचिताएका ठूला काम बन्नेछन्। कतैबाट धन, पुरस्कार, उपहार, मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ। पारिवारिक वा साथीभाइसँग राम्रै जमघट होला। आर्थिक लाभ हुनेछ। वैदेशिक होस् वा स्वदेशमै भए पनि रोमान्टिक यात्रा हुनसक्छ। साताको अन्त्य शुक्रबार भने स्वास्थ्यमा समस्या आउन सक्छ।

**कर्कट**
साताको शुरुको दिन शनिबार केही खर्च र सामान्य स्वास्थ्य समस्या आउने सम्भावना छ। तर बाँकी दिनहरु भने धेरै लाभदायक छन्। इच्छित कार्यहरु पूरा हुँदा मन प्रफुल्लित हुनेछ। व्यापार, ठेक्कापट्टा वा गरिरहेको व्यवसायले सफलताको सिँढी चढ्नेछ। आम्दानीका स्रोतहरु बढ्नेछन्। नेतृत्व क्षमतामा वृद्धि हुँदा अरुहरु नतमस्तक हुनेछन्। इज्जत-प्रतिष्ठा नयाँ उचाइमा पुग्नेछ।

**सिंह**
तपाईंका लागि यस साताको आइतबार र सोमबार त्यति राम्रो देखिँदैन। रोगव्याधि, चोटपटकको सम्भावना छ। तर बाँकी दिनहरु धेरै शुभ छन्। कहीं-कतैबाट आर्थिक लाभ होला। खाद्यान्न, उपहारादि वस्तु प्राप्ति होला। बौद्धिक एवम् कूटनीतिक क्षमताको विकास होला। बुद्धि विवेकले ठूलै काम बन्ला। कार्य सफल, सुख-सन्तोष होला। व्यापारी भएमा राम्रै फाइदा होला।

**कन्या**
यो साताका धेरैजसो दिनहरु त्यति फलदायक देखिँदैनन्। साताको शुरु शनिबार नै रोगव्याधिको भय, धननाश हुने देखिन्छ। मंगलबारदेखि बिहीबारसम्म आर्थिक भार बहन गर्न गाह्रो पर्ला। तनाव, सन्ताप, मानसिक अस्थिरता नहोला भन्न सकिन्न। धैर्य गर्नुहोला। बाँकी दिनहरुमा भने आफ्नो बोली बिक्ने हुँदा कार्य सफल हुने देखिन्छ। साथै केही आर्थिक लाभ एवम् सहयोग प्राप्ति हुने देखिन्छ।

**तुला**
यो साता तपाईंका लागि धेरै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने दुर्घटनाको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**वृश्चिक**
साता धेरै शुभ फलदायक देखिन्छ। आज शनिबार पेटको समस्या, दौडधुप भए पनि बाँकी सबै दिन उपलब्धिमूलक छन्। कतैबाट धन-पैसा प्राप्तिको योग छ। यसले गर्दा आर्थिक समस्या समाधान हुनेछ। कुनै प्रतियोगिताहरुमा भाग लिएको भए जित्ने सम्भावना अधिक छ। प्रेमप्रसंगले पूर्णता पाउनेछ। जीवनसाथीको सहयोगले ठूलै काम बन्ला। आफन्तबाट सहयोग पाइनेछ।

**धनु**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। के गर्ने, के नगर्ने भनेर निर्णय लिन नसक्ने अवस्था आउन सक्छ। साताको मध्यभाग आइतबार र सोमबार इष्टमित्रसँग विवाद पर्ला। रोगव्याधि, दुर्घटना, चोटपटकको भय छ। मंगलबारबाट भने समय शुभ छ। आफ्नो सेवा वा व्यवसायबाट आर्थिक लाभ हुनाले आर्थिक समस्या समाधान हुनेछ। बौद्धिक क्षमताको प्रयोगबाट राम्रै काम होला।

**मकर**
धेरैजसो दिन तपाईंका लागि शुभ छन्। आँटेको काम पूरा होला। विद्यार्थीलाई विद्या, व्यापारीलाई फाइदा र राजनीतिज्ञलाई सफलता प्राप्त होला। भोजनादि सामग्री भित्रिने सम्भावना छ। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि हासिल होला। तर मंगलबारदेखि बिहीबारसम्म भने आर्थिक नोक्सानी हुने र अलि बढी नै परिश्रम गर्नुपर्ने देखिन्छ।

**कुम्भ**
तपाईंका लागि यो साता सुख-समृद्धिदायक छ। बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुने, सुख-सन्तोष हुनेछ। राज्यको सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियतासमेत बढ्नेछ। आफ्नो गरिरहेको व्यवसायबाट यथेष्ट फाइदा हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने आर्थिक नोक्सानी, अस्वस्थता एवम् तनाव होला।

**मीन**
साता उत्तम फलदायक छ। आँटेका र थालनी गरिएका अधुरा कार्यहरु पूरा हुनेछन्। व्यापारिक क्षेत्रमा लागेका व्यक्तिलाई सोचेभन्दा बढी फाइदा होला। कुनै अचल सम्पत्ति वा भविष्यमा फाइदा दिने शेयर अथवा कुनै व्यवसायमा लगानी होला। पराक्रम, प्रतिष्ठा, इज्जत बढ्नाले मानसिकरुपमा स्वस्थ एवम् तनावरहित भइनेछ। साताको शुरु आज शनिबार भने रोगव्याधि, विवाद नहोला भन्न सकिन्न।

## चोरीका २ मोटरसाइकलसहित एक पक्राउ

भक्तपुर, (नेस)। भक्तपुरमा दुई चोरीका मोटरसाइकलसहित एक जना पक्राउ परेका छन्। महानगरीय प्रहरी प्रभाग खरिपाटीले दुई चोरीका मोटरसाइकलसहित एक जनालाई पक्राउ गरेको हो। सवारी चेकजाँचका क्रममा बा२८प४३४७ र बा४१प१०३० नम्बरको चोरीको मोटरसाइकलसहित काभ्रे भकुण्डे नगरपालिका-५ का विकास तामाङ पक्राउ परेका हुन्। अर्का एक चालक भने मोटरसाइकल नै छाडेर फरार भएकाले खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार नियन्त्रणमा लिइएको मोटरसाइकल काठमाडौं-२० भीमसेनस्थानबाट चोरी भएको अनुसन्धानको क्रममा खुल्न आएको र दुवै मोटरसाइकल तथा पक्राउ परेका तामाङलाई महानगरीय प्रहरी वृत्त जनसेवा काठमाडौं पठाइएको छ।

# नुवाकोट घटनामा संलग्नलाई कारबाही गर्न माग

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसले चुनावी प्रचारका क्रममा आफ्ना उम्मेदवार एवम् केन्द्रीय सदस्य डा. रामशरण महत र रमेशकुमार महतको गाडीलाई लक्षित गरी बम विस्फोट गराउनेलाई तत्काल कारबाही गर्न माग गरेको छ।

नुवाकोटको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार डा. महत र सोही क्षेत्रको प्रदेशसभातर्फ 'ख'का उम्मेदवार रमेशकुमार महत चुनावी प्रचार प्रसारका क्रममा जाँदा उहाँहरू चढेको गाडीलाई लक्षित गरी ककनी गाउँपालिका-५ स्थित काउथेथानानजिक प्रेसरकुकार बम विस्फोट भएको थियो।

सो घटनामा उम्मेदवारसँगै चुनाव प्रचारप्रसारमा हिँडेका उपेन्द्र मिश्र, भेषकुमार तामाङ, सविन लामा, रमेश राईलगायत ५ जना कार्यकर्ता गम्भीर घाइते भएको नेपाली कांग्रेसले जनाएको छ। घाइतेहरूको काठमाडौंमा उपचार भइरहेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभएको छ।

कांग्रेस केन्द्रीय कार्यालयले शुक्रबार नै एक विज्ञप्ति जारी गरी नेपाली कांग्रेसप्रतिको जनलहरबाट अत्तालिएर आपराधिक मानसिकता बोकेका विपक्षीद्वारा कांग्रेस उम्मेदवारको हत्या गर्ने उद्देश्यले आक्रमण गरेको जनाएको छ। विज्ञप्तिमा यसलाई घृणित क्रियाकलाप भन्दै घोर निन्दा र भर्सना पनि गरिएको छ।

यस घटनाले शान्तिपूर्णरूपमा निर्वाचनका कार्यक्रम गर्न पाउने नागरिकको नैसर्गिक अधिकारमाथि ठाडो हस्तक्षेप गरेको भन्दै विज्ञप्तिमा भनिएको छ- 'घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल कडाभन्दा कडा कारबाही गर्न र घाइतेहरूको उचित उपचारको प्रबन्ध गर्न नेपाली कांग्रेस सरकारसँग माग गर्दछ।'

## पौडेल र कोइराला बेसीशहर जाँदै

काठमाडौं, (नेस)

नेपाली कांग्रेसले आज शनिबार लमजुङको सदरमुकाम बेसीशहरमा आयोजना गरेको बृहत् आमसभामा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र महामन्त्री शशांक कोइरालाले सम्बोधन गर्ने हुनुभएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभाको पहिलो चरणको निर्वाचनमा परेको लमजुङको चुनावी प्रचारलाई उत्कर्षमा पुऱ्याउन फूलबारी मञ्च बेसीशहरमा आयोजना गरिने आमसभालाई नेपाली कांग्रेस, राप्रपा, राप्रपा प्रजातान्त्रिकका जिल्लास्तरीय नेताहरूले पनि सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

आमसभालाई नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री डा. शशांक कोइरालाका अतिरिक्त प्रतिनिधिसभा लमजुङका उम्मेदवार दिलबहादुर घर्ती, प्रदेश नं (क) का उम्मेदवार गर्जबहादुर गुरुङ, प्रदेश (ख)का उम्मेदवार कृष्णप्रसाद कोइरालालगायतका शीर्ष नेताले सम्बोधन गर्ने कार्यक्रम रहेको छ। लोकतान्त्रिक गठबन्धनका दलले यतिबेला चुनावी अभियानलाई तीव्र बनाएका छन्।

## सालकको खपडासहित पक्राउ

ललितपुर, (नेस)। ललितपुर ग्वार्को बस्ने दोलखा सामाकोशी गाउँपालिका-२ का राज तामाङलाई सालकको खपडासहित बिहीबार प्रहरीले पक्राउ गरेको छ। ललितपुरको ग्वार्कोस्थित स्टार ल्यान्ड फुड रेस्टुरेन्टअगाडीबाट प्रहरी प्रधान कार्यालय विशेष ब्युरोबाट खटिएको प्रहरी टोलीले उक्त खपडासहित तामाङलाई पक्राउ गरेको हो।

# महानगरीय प्रहरी दिवसको अवसरमा छलफल

काठमाडौं, (नेस)

'अपराधविरुद्धको एकता, महानगरीय प्रहरीको प्रतिबद्धता' भन्ने मूल नाराकासाथ १२औं महानगरीय प्रहरी दिवस २०७४ महानगरीय प्रहरी कार्यालय रानीपोखरीमा आयोजित एक समारोहबीच सोही कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्दको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ।

उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक चन्दले विभिन्न क्षेत्रमा सहयोग गर्ने स्वयंसेवक प्रहरीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो।

सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक चन्दले उपत्यकाको सुरक्षा व्यवस्था थप चुनौतीपूर्ण रहेको बताउँदै जस्तोसुकै चुनौतीपूर्ण कार्यहरू सम्पादन गर्नका लागि प्रहरी कर्मचारीहरू एकजुट भई अगाडि बढ्न निर्देशन दिनुभयो। महानगरीय प्रहरी कार्यालयले लागू गरेको सुरक्षा कार्ययोजना कार्यान्वयनपछि उपत्यकामा गत वर्षको तुलनामा अपराध घटेको उल्लेख गर्दै प्रहरी अतिरिक्त महानिरीक्षक चन्दले आगामी दिनमा जनताले अपेक्षा गरेअनुरूप प्रहरी सेवा प्रदान गर्न प्रहरी कर्मचारीहरू अझै संवेदनशील भई आ-आफ्नो कार्यक्षेत्रमा खटिनुपर्ने बताउनुभयो।

सो अवसरमा उक्त कार्यालयका प्रहरी नायब महानिरीक्षक गणेश केसीले धन्यवाद ज्ञापन गर्दै विगतमा भएको कमीकमजोरीलाई सच्चाएर प्रहरी सेवालाई अझ चुस्त र दुरुस्त बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो। समाजमा शान्ति सुरक्षा कायम गर्न तथा प्रहरी सेवा प्रदान गर्ने क्रममा समयसापेक्ष व्यवहार तथा आचरण गर्न प्रहरी कर्मचारीहरूलाई उहाँले आग्रहसमेत गर्नुभयो।

समारोहमा सोही कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक पूर्णचन्द्र जोशीले स्वागत मन्तव्य व्यक्त गर्दै महानगरीय प्रहरीबाट विगत एक वर्षभित्र भएका प्रहरी कार्यको समीक्षा प्रस्तुत गर्नुभएको थियो।

## 'हामी कवि र कविता' को ५१औं शृंखला

काठमाडौं, (नेस)

पुरानादेखि नयाँ पुस्तासम्मका नेपाली कविका उत्कृष्ट सृजनाहरू साहित्यका विशिष्ट पाठकहरूमाझ श्रवण गराउने उद्देश्यले शुरू गरिएको 'हामी कवि र कविता'को ५१औं शृंखला शुक्रबार सम्पन्न भयो।

लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिर र सर्वनामको संयुक्त आयोजनामा निरन्तररूपमा प्रत्येक महिनाको १ गते आयोजना हुने 'हामी कवि र कविता'अन्तर्गत नरेन्द्रबहादुर श्रेष्ठ र बीना थिङ तामाङले आफ्नो कविता वाचन गर्नुभएको थियो।

## कांग्रेस सभापति वज्राचार्यको निधन




काठमाडौं, (नेस)

नेपाली कांग्रेस काठमाडौंको क्षेत्र नम्बर ८ का क्षेत्रीय सभापति जुद्धरत्न वज्राचार्यको निधन भएको छ। ६३ वर्षीय वज्राचार्यको शुक्रबार उपचारका क्रममा ब्लुक्रस अस्पतालमा निधन भएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

काठमाडौं महानगरपालिका वडा नं २२ ओटुमा जन्मनुभएका वज्राचार्य सो क्षेत्रका चर्चित व्यक्ति हुनुहुन्थ्यो। नेपालमा लोकतन्त्र स्थापनामा सक्रिय योगदान पुऱ्याउनुभएका स्वर्गीय वज्राचार्यको दुई छोरा र एक छोरी छन्। कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले शुक्रबार नै एक विज्ञप्ति जारी गरी क्षेत्रीय सभापति वज्राचार्यको निधनले नेपाली कांग्रेसलाई क्षति पुगेको बताउनुभएको छ।

# 'संस्कृतिको संरक्षण गर्न ताम्रकार समाज'

*ऐतिहासिक सम्पदा, नेपाल भाषा र कला संस्कृतिको संरक्षणका लागि ललितपुरमा स्थापित जातीय समाजहरूमध्ये ताम्रकार समाज एक महत्त्वपूर्ण संस्था हो। नेवार समुदायभित्र पर्ने ताम्रकारहरू पुस्तौंदेखि तामा/पित्तलको भाँडाकुँडा बनाउने व्यवसायीका रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित छन्। ताम्रकार समाजको आज शनिबार हुने १६औं वार्षिक साधारणको सन्दर्भमा उद्यमी व्यवसायीसमेत रहनुभएका समाजका अध्यक्ष रवीन्द्रराज ताम्रकारसँग नेपाल समाचारपत्रका लागि सुनील महर्जनले गर्नुभएको कुराकानीको सम्पादित अंश :*

**० ताम्रकार समाजको आवश्यकता किन ?**

नेपालमा विविध भाषाभाषी र जातजाति छन्। त्यसैले नेपाल विविधताले भरिएको मुलुक हो। त्यस्तै विविधतामध्ये नेवार समुदाय पनि एक हो। पुस्तौंदेखि तामापित्तलको भाँडाकुँडा बनाउँदै आएका ताम्रकारहरूको आफ्नो पेसा, समयसापेक्ष मौलिक संस्कार र परम्परा संरक्षण भएमा मात्र नेवार सभ्यता र संस्कृति बलियो रहन्छ। यसका लागि नै ताम्रकार समाजको स्थापना भएको हो। यस दिशामा काम गर्नुमा नै ताम्रकार समाजको औचित्य रहेको छ।

**० ताम्रकार समाजले अहिलेसम्म केकस्ता कामहरू गर्दै आएको छ?**

ताम्रकार समाजले आआफ्नो जातमा चल्दै आएको संस्कृति, रीतिरिवाज, परम्परा र संस्कारलाई संरक्षण गर्दै आएको छ। दोस्रो ताम्रकार समाजको आर्थिकस्तर उन्नति हुने खालका गतिविधिहरू गर्दै आएको छ। तेस्रो खालको गतिविधि भनेको शिक्षासम्बन्धी रहेका छन्। नेपाल भाषा, संस्कृतिसँगै ललितपुरका जनताको पीर, मर्का, भोग्नुपरिहेको समस्या स्थानीय प्रहरी, प्रशासनसमक्ष पुऱ्याइदिने, स्थानीय प्रशासनलाई उत्तरदायी र जवाफदेही बनाउने कार्यक्रमहरू गर्दै आएका छौं।

**० तपाईंको दोस्रो कार्यकालको एक वर्ष सकियो। यो वर्षमा भएगरेका उपलब्धिहरू के के हुन् ?**

ताम्रकार समाजको २१औं सामूहिक भेला र १५औं वार्षिक साधारणसभाले मलाई दोस्रो पटक अध्यक्षमा सर्वसम्मतरूपमा चयन गरेको हो। सदस्य संख्याको हिसाबले कम भए पनि ललितपुरमा एक उल्लेखनीय र सक्रिय जातीय समाजका रूपमा यसलाई स्थापित गरेका छौं। यसमा सबैको साथ, सहयोग रहेको छ। यही नै एउटा महत्त्वपूर्ण उपलब्धि हुन्।

**० तपाईंका योजनाहरू के के छन्?**

नियमित गतिविधिका अतिरिक्त सबै जातीय समाजसग निरन्तर छलफल र सहकार्य



गरेर नेपाल भाषा, संस्कृति र नेवार समुदायको समग्र हकहितका कार्यक्रमहरूलाई प्राथमिकता दिनेछौं। त्यससँगै श्री उग्रचण्डी महोत्सव, तामा, पितल महोत्सव गर्ने लक्ष्य रहेको छ। ललितपुर उद्योग वाणिज्य संघ, स्थानीय तहसँग मिलेर तामापित्तल व्यवसायीहरूको अवस्थाबारे बृहत् अन्तर्क्रिया गर्ने पनि सोच राखेका छौं।

**० स्थानीय प्रशासन र प्रहरी अधिकारीहरूसँग नियमित अन्तर्क्रिया कार्यक्रम गर्दै आउनुको कारण के होला ?**

स्थानीय प्रशासन र प्रहरीहरूलाई बोलाएर यहाँको समाजको स्थिति बुझाउन यस्तो कार्यक्रम गर्दै आएको हो। यसले ललितपुरको आवश्यकता, जनताले भोग्नुपरिरहेको पीर, मर्का, नेवाः समुदायको संस्कार र संस्कृति बुझेर काम गर्न प्रेरित गरिरहेको छ।

**० जातीय समाज भन्नेबित्तिकै यसलाई संकीर्ण भएको पनि कतिपयले आरोप लगाउँछन्। यसलाई तपाईंले कसरी लिनुभएको छ ?**

जातीय समाज भन्नासाथ यसलाई संकीर्ण घेराका रूपमा बुझ्ने र बुझाउने प्रवृत्ति पनि छ। राष्ट्रियताका संरक्षण गर्नुपर्ने बेलामा जातीय घेरामा सीमित भएको भन्ने पनि बुझाइ हामी कहाँ छ। वास्तवमा यो पूर्ण सत्य होइन। नेपाल जस्तो विविधताले भरिएको समाजमा वास्तवमा जातीय समाज विविधताको संरक्षण गर्नका लागि हो। भाषा, संस्कृति, सभ्यता, मौलिक परम्परा र सम्बन्धित जातिभित्र आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारको लागि पैरवी गर्नका लागि हो। त्यसैले जातीय पहिचान, आत्मसम्मान भनेको राष्ट्रियताको एउटा अंग हो। राष्ट्रियताको कुरा गर्दा मुलुकभित्रको विविधतालाई कसरी संरक्षण गर्ने भनेर पनि बहस र छलफल गर्नु आजको आवश्यकता हो।

**० अहिलेका अवस्थामा जातीय समाज कसरी अघि बढ्नुपर्दछ?**

नेवार समुदायभित्र प्रत्येकको आफ्नो पुख्यौली पेसा रहेको छ। परम्परा, संस्कार र गुठी संरचना थोरबहुत समान रहेको छ। त्यसको संरक्षणका लागि जातीय समाज आआफ्नोस्तरमा अघि बढ्नु स्वाभाविक नै हो। समग्र नेवार समुदायको हित र अधिकारका लागि एक ठाउँमा बस्ने परिपाटी पनि सँगै विकसित गर्नुपर्दछ। आफ्नो जातीय विशेषता र साझा पहिचानलाई सँगसँगै अघि बढाउनुपर्छ। यस सन्दर्भमा विविध जातजातिबीच सहअस्तित्व, सामाजिक सद्भाव राखेर पनि अघि बढ्नुपर्ने आवश्यकतालाई बिर्सिनु हुन्न। समग्र राष्ट्र, राष्ट्रियताको सन्दर्भलाई ख्याल गरेर जातीय विशेषता र मौलिक पक्षलाई अघि बढाउनुपर्छ।

## सिनेमा कर्नर











**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, सफलता भए पनि मध्याह्नबाट अस्वस्थता, नोक्सानी।
**वृष** : पैसा प्राप्ति, विजय, मान-सम्मान, समस्या समाधान।
**मिथुन** : कार्य असफल, आर्थिक क्षति भए पनि दिउँसोदेखि भने लाभ, सफलता।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, कार्य असफल, शोकसन्ताप।
**सिंह** : पूर्वाह्न लाभ, मान-सम्मान भए पनि मध्याह्नबाट विवाद, अस्तव्यस्तता।
**कन्या** : धननाश, दुःख-कष्ट तर मध्याह्नबाट आर्थिक लाभ, सफलता।
**तुला** : उपहार, भोजन प्राप्ति तर दिउँसोदेखि व्यर्थको खर्च, आँखामा समस्या।
**वृश्चिक** : पूर्वाह्न अस्वस्थता, विवाद तर मध्याह्न्नबाट लाभ, कार्य सफल।
**धनु** : मिष्ठान्न भोजन, द्रव्य प्राप्ति तर दिउँसोदेखि नोक्सानी एवं विवाद।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, पैसा प्राप्ति, परिवार-सुख।
**कुम्भ** : राज्यबाट त्रास, असफलता भए पनि मध्याह्न्नबाट भने सन्तोष।
**मीन** : रोगको भय, कार्य बाधा, धन हानि, चिन्ता।

# नेपाल

{ १ गाउँबाट अर्को गाउँ जानुपर्दा पैदल यात्रा, गाडी नै चढ्नुपरे पनि बुङबुङती धुलोले शरीर ढाकिने, बिहानैदेखि साँझसम्म पँधेरामा पानी भर्नेको ताँती, भीरको बाटो लुकामारी खेल्दै हिँडिरहेका स्कूले केटाकेटी आदिको दृश्यले नजिकै रहेको घोराहीको सुगमतालाई व्यंग्य गरिरहेझैं लाग्छ।

## राहत नबाँड्दा चुनाव लक्षित खतरा

कुमार श्रेष्ठ, बाँके

बाँकेको नरैनापुर गाउँपालिकाले सरकारले घोषणा गरेको बाढीपीडितको राहत अझैसम्म वितरण गरेको छैन।

सबै स्थानीय तहले राहत बाँडिसक्दा नरैनापुर धेरैपछि परेको छ। सबैलाई पुग्ने गरी राहत आएपछि मात्रै वितरण गर्ने भन्दै बसेको नरैनापुर गाउँपालिकाले रकम पुगिसक्दा पनि वितरण थालेको छैन। गाउँपालिकाले राहत वितरणको प्रक्रियामा रहेको जनाएको छ।

सरकारले प्रतिव्यक्ति ७० रुपियाँका दरले ३० दिनका लागि राहत घोषणा गरेको थियो। प्रतिव्यक्तिले २ हजार १ सय रुपियाँ पाउने यो राहत दशैंअगाडि बाँड्ने उद्घोष भएको थियो। अन्य गाउँपालिकाले जिल्लामा तारन्तर सम्पर्क गरेर रकम निकासा गराई वितरण गरिसक्दा नरैनापुर बल्ल बाँड्ने प्रक्रियामा रहेको छ।

नरैनापुरमा ८ करोड ३९ लाख ९९ हजार १ सय रुपियाँ आवश्यक पर्छ। जिल्ला प्रशासन कार्यालय, बाँकेले शुरूमा २ करोड रुपियाँ गाउँपालिकामा पठाइदिएको थियो। शुरूमा पठाएको रकमसमेत गाउँपालिकाले नबाँडेर बसेको थियो। ‘पुग्ने रकम आएपछि मात्रै बाँड्ने भनेर बसेका थियौं, बल्ल आएको छ, अब वितरण हुन्छ,’ गाउँपालिकाका कार्यकारी अधिकृत मित्रलाल भट्टराईले भन्नुभयो- ‘कोहीलाई दिने कोहीलाई नदिने गर्दा राम्रो हुँदैनथ्यो।’

गाउँपालिकाले राहत बाँड्ने प्रक्रिया मिलाइरहेको जनाइरहँदा चुनाव नजिकिँदै गएको छ। सरकारी राहत चुनावी अभियानमा प्रयोग हुने खतरामा बढ्दै गएको छ। जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रवक्ता खगेन्द्र पौडेलले दुई/चार दिनभित्र राहत वितरण नभए चुनावसम्मका लागि रोकिदिने बताउनुभयो। ‘दुई/चार दिन त केही हुँदैन, त्यसपछि भने हामी राहत वितरण गर्न दिदैनौं,’ -राहतलाई चुनावसँग जोड्ने खतरा हुन्छ, प्रशासनका प्रवक्ता पौडेलले भन्नुभयो, नरैनापुर गाउँपालिकालाई पूरा रकम दिन केही ढिलाइ भएकै हो।’

नरैनापुर गाउँपालिकाको गंगापुर र मटेहियामा बाढीले ठूलो क्षति पुर्‍याएको थियो। बाढी पीडित यी गाउँका मानिसहरू कहिले राहत आउँला भनेर बसेका छन्। गंगापुरका मोल्हे धोवीले गाउँपालिकामा पटक-पटक गए पनि राहतको रकम पाउन नसकेको बताउनुभयो। ‘सबै गाउँपालिकामा बाँडिसकेपछि हाम्रोमा अझै बाँड्दैनन्’, -धोवीले भन्नुभयो।

साउन अन्तिममा आएको बाढीले बाँकेमा अर्बौंको क्षति पुर्‍याएको थियो। प्रतिव्यक्ति ७० रुपियाँ ३० दिनका लागि दिने सरकारी घोषणामै २१ करोड ९० लाख ३९ हजार ७ सय रुपियाँ जिल्लामा आएको छ। नरैनापुरमा बाहेक अन्यत्र यो रकम वितरण भइसकेको छ। बाढीले यो वर्ष सबैभन्दा धेरै राप्तीसोनारीमा क्षति पुर्‍याएको थियो।

जिल्लाबाट राप्तीसोनारीमा ७ करोड ६० लाख ६५ हजार ९ सय, डुडुवामा ५ करोड २५ लाख ४९ हजार ८ सय, नरैनापुरमा ८ करोड ३९ लाख ९९ हजार १ सय, बैजनाथमा ४ करोड २० लाख ४ हजार ९ सय, खजुरामा ९८ हजार ७ सय, कोहलपुरमा २० लाख ७० हजार ९ सय र नेपालगन्ज उपमहानगरपालिकामा ५० हजार ४ सय रुपियाँ पठाइएको थियो।

यसपटकको बाढीबाट बाँकेमा १६ हजार ८ सय ८ घरधुरीका ९६ हजार २ जना प्रभावित भएका थिए। बाढीबाट जिल्लामा ८ जनाको मृत्यु भएको थियो। १६ हजार ८ सय ८ मध्ये १ हजार ७१ पूर्ण र १५ हजार ७ सय ३७ घर आंशिक क्षति भएका छन्।

## दुर्गम गाउँका मतदाता भन्छन्-
## ‘कालोपत्रे सडक र खानेपानी दिए जीवन फेरिने थियो’

नरेन्द्र केसी, घोराही, दाङ



सामान्यत: दाङ भित्री मधेसमा पर्ने समथर भूभागका रूपमा चिनिन्छ तर यही दाङभित्र यस्ता पहाडी गाउँ पनि छन्, जहाँ पुग्ने जोकोहीले कर्णाली बिर्सन्छ। साविक ४ गाविस समेटिएको बंगलाचुली तथा घोराही उपमहानगरमा समेटिएको सैघाका बासिन्दाले निपरेक्ष पहाडी जीवन बिताइरहेका छन्।

१ गाउँबाट अर्को गाउँ जानुपर्दा पैदल यात्रा, गाडी नै चढ्नुपरे पनि बुङबुङती धुलोले शरीर ढाकिने, बिहानैदेखि साँझसम्म पँधेरामा पानी भर्नेको ताँती, भीरको बाटो लुकामारी खेल्दै हिँडिरहेका स्कूले केटाकेटी आदिको दृश्यले नजिकै रहेको घोराहीको सुगमतालाई व्यंग्य गरिरहेझैं लाग्छ। अचेल चुनावको मौसम छ, उम्मेदवार र तिनका प्रचारकका गाडी धुलो उडाउँदै गुडिरहेका छन्।

चुनावकै बेला सोही गाउँमा आउने नेताहरूको अनुहार देख्दा र आश्वासन सुन्दा मतदातालाई केही हुन्छ कि भन्ने विश्वास पलाउने गरेको छ। ‘हामीले सबै दु:ख सकिन्छ भन्ने पनि सोचेका छैनौं तर कम्तीमा अहिले भएका सडकको कालोपत्रे र खानेपानीको व्यवस्था गरिदिए हाम्रा लागि धेरै सुधार हुने थियो’ -बंगलाचुली २ का शशीराम सुनार भन्नुहुन्छ। त्यसो त घोराही-मुर्कुटी-प्युठान सडक कालोपत्रेका लागि प्रक्रिया अघि बढेकाले बंगलाचुलीका बासिन्दामा केही आशा पनि पलाएको छ। झण्डै ६० वर्षअघि निर्माण थालिएको यो सडक अहिलेसम्म कालोपत्रे भएको छैन।

पहाडी दाङको भविष्यसँग जोडिएका आधा दर्जनभन्दा बढी सडकहरू छन्। पहाडी दाङको मेरुदण्ड घोराही-मुर्कुटी-प्युठान यहाँको सबैभन्दा ठूलो सडक हो। त्यस्तै घोराही-मुलाबारी-हाँसपुर-चैते बिपी मार्ग, मूलाबारी-बड्डाँडा (राना-थापा शहीद मार्ग), मौरीघाट-देवीकोट-घोसखोला सडक, बिर्खे-छापडाँडा-मुर्कुटी-स्वर्गद्वारी गणतन्त्र मार्ग, मूलाबारी-कमिरेचौर-हर्कोक, मसिना-पाँचपोखरी-स्वर्गद्वारी, मसिना-मर्फेस-पाँचपोखरी आदि रहेका छन्। यीमध्ये धेरैको ट्रयाक खुलेको छ भने मसिना-मर्फेस-पाँचपोखरी सडकको ट्रयाक खुल्न बाँकी छ।

‘अहिले बनेका सबै सडकको कालोपत्रे गरियो भने पहाडी दाङको अनुहार नै फेरिन्छ’- बंगलाचुली १ बोजपोखराका ब्यापारी पदम पाण्डेले भन्नुभयो- ‘यहाँको मुख्य सडककै समस्या हो।’ सडक कालोपत्रे नहुँदा घोराही-कमिरेचौर सडकखण्डका आसपासका बासिन्दाले निकै सास्ती भोगिरहेका छन्। सिमेन्ट उद्योगका लागि चुनढुंगा लिन जाने टिप्परले उडाउने धुलोका कारण यो सडकमा यात्रा गर्ने हरेकले सास्ती भोगिरहेका भेटिन्छन्। जाँदा एउटा अनुहार हुन्छ, फर्कदा त धुलोले अनुहार नै चिनिँदैन। त्यसो त सडक आसपासका विद्यालयहरूको अवस्था पनि बिजोग हुने गरेको छ।

## करेन्ट लागेर मृत्यु

रौतहट, (नेस)

करेन्ट लागेर शुक्रबार रौतहटमा १ जनाको मृत्यु भएको छ।

पानी तान्ने मोटरमा प्रयोग गरिएको तारबाट करेन्ट लाग्न गई गरुडा नगरपालिका-३ मलाहीटोल निबासी ३० वर्षीय चिन्तादेवी सहनीको मृत्यु भएको छ। उनको गरुडास्थित हेल्थ ल्यान्ड हस्पिटलमा उपचार गर्ने क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

प्रयोग गरिएको विद्युत् लाइनको विषयमा ध्यान पुर्‍याउन नसक्दा करेन्ट लागेर अकालमा ज्यान जानेको संख्या बढ्दै गएको छ। घरमा प्रयोग गरिएको तार नाङ्गो भइसक्दासमेत हेलचेक्र्याइ गर्ने बानीले दुर्घटना हुने गरेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। खेतमा काम गरेको समयमा, कलकारखाना, घरमा विद्युत् सर्ट भई दुर्घटना हुने गरेको छ।

## मतदान अधिकृतलाई तालिम

नेपाल समाचारपत्र

ताप्लेजुङ

मंसिर १० गते हुने प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनका लागि ताप्लेजुङमा तयारी अन्तिम चरणमा पुगेको छ। मतदानका लागि खटिने कर्मचारीहरूलाई आजदेखि ताप्लेजुङमा तालिम दिन शुरु गरिएको छ।

ताप्लेजुङ सदरमुकाम फुङलिङमा निर्वाचनका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूलाई तालिम दिन शुरु गरिएको जिल्ला निर्वाचन अधिकारी महेशकुमार ठाकुरले बताउनुभयो। उहाँले ताप्लेजुङ १ सय १४ मतदान केन्द्रमा खटिने २३९ जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृतहरूलाई तालिम शुरु गरिएको बताउनुभयो।

सो तालिममा निर्वाचन आयोगबाट खटिनुभएका ताप्लेजुङ निर्वाचन अनुगमनका लागि खटिनुभएका निर्वाचन अधिकृत तोयम रायमाझीले धाँधलीरहित रूपमा निर्वाचन सम्पन्न गर्न जिम्मेवारी कर्मचारीको काँधमा आएको बताउँदै सम्वेदनशील भएर लाग्न कर्मचारीहरूलाई अनुरोध गर्नुभएको थियो।

तालिमको सहजीकरण गर्दै मुख्य निर्वाचन अधिकृत कृपासुर कार्कीले निर्वाचन संविधान कार्यान्वयन महत्त्वपूर्ण चरणमा रहेकाले २ वटा निर्वाचन गर्ने महान अभियानमा रहेकाले निर्वाचन आयोगको प्रतिनिधित्व तथा राष्ट्रसेवकको हिसाबले निष्पक्ष रूपमा काम गर्न मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई निर्देशन पनि दिनुभयो।

मतदान अधिकृत तथा सहायकहरूलाई सुरक्षासम्बन्धी प्रमुख जिल्ला अधिकारी मोहन जिसी, गुल्मपति रवि केसी, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन प्रणाली एव कानुनी व्यवस्था तथा नमुना मतदान जिल्ला शिक्षा अधिकारी चैतन्यप्रसाद निरौला, वरिष्ठ पशु डा. बोधनाथ अधिकारी, जिल्ला सरकारी वकिल प्रकाश गौतम, जिल्ला निर्वाचन अधिकारी महेश ठाकुरले स्रोत व्यक्तिको रूपमा प्रशिक्षण दिनुहुने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

ताप्लेजुङमा निर्वाचनका लागि ९ सय २ जना कर्मचारी खटिएको मुख्य निर्वाचनको कार्यालयले जनाएको छ। सुरक्षातर्फ भने म्यादी प्रहरी ६ सय १० नेपाल प्रहरी ५ सय ६० सशस्त्र प्रहरी ३ सय ३५ र नेपाली सेना ५ सय ३५ गरी जम्मा दुई हजार ४० खटिने प्रजिअ मोहन जिसीले बताउनुभयो।

## दिनभर हिँडेर पुगिन्छ मतदान केन्द्र

नेपाल समाचारपत्र

रुकुम

गत असारमा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुथा उत्तरगंगा गाँउपालिका मैकोटका सरोज बुढालाई मत खसाल्न मतदान केन्द्रमा पुग्न दिनभर लाग्यो। बुढा आफ्ना मन परेको उम्मेदवारलाई भोट हाल्न भन्दै साथीहरू जम्मा गरेर घरबाट बिहानै ४ बजे मतदान केन्द्र भएको ठाउँ पेल्मा पुग्दा अपरान्हको साढे चार बजिसकेको थियो। झन्डै उनीलगायत सो गाँउबाट पुगेका मतदाताले मतदानको लाइन भेटाए। बुढा मात्र होइन रुकुम पूर्वका दुर्गम बस्तीहरूबाट मतदान केन्द्र पुग्न एक दिन लाग्दछ।

पूर्वी रुकुमको पुथाउत्तरगंगा गाउँपालिका भौगोलिक हिसाबले निकै दुर्गम गाउँपालिकामा पर्दछ। पुथाउत्तरगंगाको साथै भुमे र सिस्ने गाउँपालिका पनि उत्तिकै दुर्गममा पर्छन्। पुथाउत्तरगंगा गाउँपालिकाका केही बस्तीहरू यस्ता छन्। जुन बस्तीबाट तोकिएको मतदान केन्द्रसम्म मात्र पुग्नलाई दिनभर समय लाग्दछ। मतदाता मतदान गर्न मतदान केन्द्र पुगेर साँझ घर फर्कन अबेर भइसकेको हुन्छ भने वृद्धवृद्धालाई झनै समस्या छ।

मतदान केन्द्र पुग्नलाई बिहानै हिँड्नुपर्छ, एक दिनभर हिँडेर लाइन लागी मतदान गरी घर फर्कन त कुनै पनि हालतमा सकिँदैन। स्थानीय भागिन्त पुनले भने- ‘मतदान गरेर एक दिनमा फर्कन असम्भव छ।’ पुथाउत्तरगंगा मात्र होइन रुकुमको सिस्ने गाउँपालिकाको ठूलो सिस्नेबाट मतदान केन्द्र पाखापानी पुग्न पनि ३ घण्टा लाग्ने गर्दछ। यसैगरी भुमे गाउँपालिकामा पनि त्यस्तै समस्या छ। भुगोलको हिसाबले सबै गाउँपालिकाभन्दा ठूलो रहेका ती गाउँपालिकाका मतदातालाई यसपटक मतदान केन्द्र निकै टाढा भएको छ।

गाउँपालिकाकै केन्द्रका लागि पटकपटक आन्दोलनमा रहेका तकसेराबासी र छुट्टै स्थानीय तहको माग गरिरहेका मैकोटबासीले पनि कम्तीमा मतदान केन्द्र पायक पर्ने ठाँउमा राख्न अनुरोध पनि गरेका गिए। रुकुम पूर्वका ३१ मतदान स्थलमध्ये ९ वटा मतदानस्थल अति दुर्गममा छन्। २७९२८ मतदाता रहेको रुकुम पूर्वमा ४२ मतदान केन्द्र रहेका छन्।

## निर्वाचन शिक्षा दिनै समस्या, खेतखेतमा पुग्नुपर्ने बाध्यता

रविन भट्टराई, ताप्लेजुङ

फुङलिङ नगरपालिका ८ कि सामाजिक परिचालक ईन्दु पालुङ्वा मतदाता शिक्षा कार्यकर्ता भएकी छिन्। उनी बिहानै उठेर छिमेकको घरघरमा जान्छिन् र भेटेजतिलाई अबको चुनावमा भेट हाल्न सिकाउँछिन्।

खाना खाएपछि उनको ध्यान गाउँका घरघरमा होइन धान काट्ने र थन्याउने खेतबारीमा पुग्छ। उनी झोलामा मतदाता शिक्षा सामग्री बोकेर फुङलिङ ७ का खेततर्फ दौडिन्छिन्। निर्वाचन कार्यलयले उनलाई एक वडाका करिब ९ सय मतदातालाई निर्वाचन शिक्षा दिन खटाएको छ।

उनले अबको करिब ८ दिनमा यस स्थानका ९ सय बढी मतदातालाई अब हुन लागेको प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा सही तरिकाले मतदान गर्न सिकाउनुपर्ने बाध्यता छ। ईन्दुले जस्तै ताप्लेजुङका १ सय १४ जना मतदाता शिक्षा कार्यकर्ताले शिक्षा दिइरहेका छन्।



निर्वाचन शिक्षा दिने समय र किसानको खेतमा पाकेको धान थन्क्याउने समय एउटै भएपछि घरमा मानिस नभेटिने हुँदा र खेतसम्मनै पुग्नुपर्ने बाध्यताले अझै समय अपुग भएको ईन्दुको भनाइ छ।

खेतमा गयो मतदाताको परिचय पत्रको नम्बर पनि लेख्नुभनेको छ, खेतमा कहाँ परिचयपत्र पाउनु ? घरमै भेटेकाको पनि खोज्दा समय लाग्छ। भोट हाल्न सिकाउन पनि उत्तिकै समय, योपटक शिक्षा दिन धेरै गाह्रो भएको उनको गुनासो छ।

ईन्दुले जस्तै फुङलिङ ८ कि तारा घिमिरेले दिउँसो घरघरमा गएर मतदाता शिक्षा दिने सोचेर बिहीबार दिनभर धेरै घर चहारिन तर सबै घरमा ताल्चा लगाइएको थियो। सबै स्थानीय धान थन्क्याउने चटारोमा रहेकाले आफूले अब खेतखेतमा नै भेला पारेर मतदाता शिक्षा दिने तयारीमा आफू लागेको बताइन्।

ढिला गरी मात्र ताप्लेजुङमा निर्वाचन शिक्षा सामग्री आइपुगेको र मतदाता शिक्षा कार्यकर्ताले पनि ढिलो मात्रै सो सामग्री पाएकाले आफूहरूलाई सबै मतदाताकोमा पुगेर विस्तृतमा सिकाउन समस्या हुने गरेको मतदाता शिक्षा कार्यकर्ता बताउछन्।

स्थानीय तहको निर्वाचनमा एउटै मतपत्रमा मतदान गरेका स्थानीयले यस पटकको निर्वाचनमा भने ३ वटा फरक मतपत्रमा ४ ठाउँ मतदान गर्नुपर्दा मतदान केही झन्जटिलो देखिएको बताउने गरेका छन्। सबैलाई मतदाता शिक्षा दिनुपर्ने बाध्यता हुँदा सबै स्थानमा शिक्षाका लागि कार्यकर्ता र सामग्री पठाइ काम जारी रहेको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङका प्रमुख महेशकुमार ठाकुरले बताए।

यता जिल्लाका स्थानीय राजनीतिक दल र सरोकारवालाहरूले भने हतारमा गरिएको मतदान शिक्षाले मत बदर अझै बढाउने सम्भावना रहेको बताउँछन्। स्थानीय तहको निर्वाचना पनि मतदाताशिक्षा जिल्लामा कम प्रभावकारी भएकाले मत बदरको संख्या बढी देखिएकाले सचेत भएर शिक्षा दिन निर्वाचन शिक्षा कार्यकर्तालाई सुझाव दिएका छन्। ७३ मतदान स्थल रहेको ताप्लेजुङका १ सय १४ मतदान केन्द्रमा यसपटक ७८ हजार ३ सय ९७ मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन्।

## बदर मत घटाउन नमूना मतदान

गणेश घिमिरे, इलाम

दोस्रो चरणमा आगामी मंसिर २१ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा इलाम जिल्लामा शुक्रबारबाट नमूना मतदान कार्यक्रम शुरु भएको छ। जिल्ला निर्वाचन कार्यालय इलामले निर्वाचन आयोगका निर्वाचन आयुक्त नरेन्द्र दाहालको उपस्थितिमा महेन्द्ररत्न बहुमुखी क्याम्पसमा नमूना मतदानको कार्यक्रम सञ्चालन गरेको हो।

क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरेर नमुना मतदानको कार्यक्रम गरेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख प्रेमप्रसाद काफ्लेले बताए। ‘स्थानीय तह निर्वाचनका समयमा एक मात्र मतपत्र प्रयोग भए पनि हाल प्रतिनिधिसभा तथा प्रदेशसभामा प्रत्यक्ष र समानुपातीकतर्फका उम्मेदवार चयन गर्न फरक -फरक मतपत्र भएकाले मतदाता दुविधामा नपरुन् भनेर नमूना मतदानको अभ्यास गराएको हो’, काफ्लेले भने- ‘उमेदवारहरूको चुनाव चिन्हमा सही तरिकाले स्वस्तिक छाप लगाउने विधिबारे पनि जानकारी गराएका छौं।’ विद्यार्थीहरूलाई नमूना मतदानका बारेमा जानकारी गराइसकेपछि अन्य सर्वसाधारणसम्म यसबारे सचेतना पुर्‍याउन नमूना अभ्यास प्रभावकारी हुने निर्वाचन आयुक्त दाहालले बताए।

नमूना मतदान कार्यक्रम मंसिर ३ गते फिक्कल, ४ गते चुलाचुलीको बाहृगोठे र ५ गते भानुभक्त मावि मंगलबारेमा सञ्चालन गर्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। इलाम क्याम्पसमा गरिएको नमूना



मतदानमा १ सय बढीको उपस्थिति रहेको थियो। नमुना मतदानका क्रममा एउटा पनि मत बदर नभएको बताइएको छ। मतदाता शिक्षाको कमी र दलहरूले मतदाताहरूलाई भोट हाल्ने तरिकाहरू नसिकाएका कारणले गएको स्थानीय तहको निर्वाचनमा धेरै मत बदर भएको थियो। मत बदर बढी भएकाले त्यो अवस्था अबको निर्वाचनमा नदोहोरियोस् भन्ने हेतुले नमूना मतदानको कार्यक्रम गरेको बताइएको छ। यस पटकको चुनावमा ४ वटा मतपत्रमा भोट हाल्नुपर्ने भएका कारण मतदाताहरू अलमलमा पर्न सक्ने भएकाले यो कार्यक्रम गरिएको हो।

यसैक्रममा निर्वाचन कार्यालयले कात्तिक २७ गतेबाट गाउँगाउँमा मतदाता शिक्षालाई प्रभावकारी बनाउनका लागि २ सय ६६ जना मतदाता शिक्षा स्वंयसेवक खटाइसकेको छ। उनीहरूले जिल्लाका सबै मतदान केन्द्रका सम्बन्धित मतदातालाई भोट लगाउने तरिका बारे जानकारी गराउन थालिसकेको बताइएको छ। जिल्लामा १ सय ४४ वटा मतदानस्थल र २ सय ६६ वटा मतदान केन्द्र निर्धारण गरिएको छ।

२०७४, मंसिर
शनिबार
२

विद्यालयमा शुरूमा आउँदा यी आइमाईले के विद्यालय चलाउँलान् ? भनेर स्थानीयले नपत्याए पनि यहाँको पढाइ हुने विधि शहरका मन्टेस्वरी स्कुलभन्दा कम नरहेको स्थानीय अभिभावक सेते दमाइले बताए।

## नेपाल

# उम्मेदवार गाउँ पुग्दा मतदाता उत्साहित

**विमल विष्ट, डोटी**



आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावका लागि भोट माग्न डोटीका राजनीतिक दलका नेताहरू गाउँ-गाउँमा पसेपछि मतदाता उत्साहित भएका छन्। विकासका एजेन्डासहित गाउँ पसेका कांग्रेस, वाम गठबन्धनसहितको एमाले, माओवादी केन्द्रलगायतका विभिन्न दलका नेतालाई स्वागत गर्न मतदातालाई भ्याइनभ्याई हुन थालेको छ। जनताले दुवै दलका नेतालाई आलोपालो गरी स्वागत गरिरहेका छन्। नेताहरू गाउँमा पसेपछि जिल्ला सदरमुकामभन्दा गाउँको माहोल तात्नुका साथै गाउँमा रमाइलो बढेको स्थानीयबासी बताउँछन्।

डोटीमा वाम गठबन्धनका तर्फबाट एमालेका वैकल्पिक केन्द्रीय सदस्य प्रेमबहादुर आलेमगर तथा कांग्रेसबाट भौतिक यातायात तथा पूर्वाधार मन्त्री बनेका वीरबहादुर बलायर एउटै चुनावी क्षेत्रमा प्रतिस्पर्धामा उत्रिएपछि चर्चामा पुगेको यो क्षेत्रमा चुनावी प्रचारमा समेत निकै प्रतिस्पर्धा चलेको छ। उमेरले पनि करिब-करिब एउटै भएका दुई वटै डोटीका विकासप्रेमी नेतालाई यहाँका गाउँघरमा स्थानीयबासीले भव्य स्वागत गर्न थालेका छन्। दुई नेताले देशमा विकृतिका रुपमा राजनीति मौलाउँदै गएकाले त्यसलाई सफा गर्न आफूहरूलाई चुनावमा मतदान गर्न दुवै जनतासामु आग्रह गरिरहेका छन्। त्यस्तै दुई वटै नेताले डोटीका लागि आफूले गरेका विकासको लिस्ट नै बोकेर गाउँ-गाउँमा जनतालाई जानकारी दिइरहेका छन्।

घरदैलो र कार्यकर्ता भेलामा जान भ्याइनभ्याई भएका उनीहरू जनताले आफ्नो पक्षमा भोट दिनेमा निकै विश्वस्त भएका छन्। उनीहरू हरेक दिन बिहान ७ बजेदेखि दिउँसो १ बजेसम्म ग्यालीसहित घरदैलोमा पुग्न थालेका छन्। उमेदवारहरूले मतदातासँग डोटीको मुहार फेर्ने गरी विकासको लहर ल्याउने, ७ नम्बर प्रदेशको राजधानी दिपायल तोक्ने, खानेपानी व्यवस्था, सडक निर्माण, आधुनिक स्मार्ट सिटीको निर्माण, घरघरमा वैकल्पिक उर्जाको व्यवस्था गर्नेलगायतका विभिन्न विकासको योजनासहित भोट माग्ने गरेको स्थानीयबासी तथा बड्डीकेदार गाउँपालिकाका सूर्यबहादुर मगरले बताउनुभयो।

घर-घरमा कांग्रेस र वाम गठबन्धनसहितको एमाले, माओवादी केन्द्रका नेता ग्यालीसहित भोट माग्न आएपछि मतदातासमेत उत्साहित भएका छन्। जोरायल गाउँपालिकाका डिलबहादुर विष्टले गाउँ-गाउँमा भोट माग्न नेताहरू आएको देख्दा मतदाता खुसी भएको र चुनावको रौनकले मतदातालाई उत्साहित बनाएको बताउनुभयो। उहाँले भन्नुभयो- 'नयाँ-नयाँ किसिमका विकासका एजेन्डाहरू लिएर नेताहरू गाउँमा आएपछि अहिले यहाँको चुनावी रौनक बढेको छ र जनता पनि भोट हाल्नमा निकै उत्साहित देखिन्छन्।'

# प्रतिवद्धतापत्र सार्वजनिक

**नेपाल समाचारपत्र**

बाँके

चुनावको मिति नजिकिँदै जाँदा पार्टी तथा उम्मेदवारहरूले प्रतिवद्धतापत्र सार्वजनिक गर्ने र घरदैलोमा पुगेर मतदातालाई रिझाउन थालेका छन्।

नेकपा एमाले क्षेत्र नं. ३ का उम्मेदवारले शुक्रबार नेपालगन्जमा पत्रकार सम्मेलन गरेर प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ। क्षेत्र नं. ३ का प्रतिनिधिसभा उम्मेदवार नन्दलाल रोकायले ४३ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गर्नुभयो।

बैजनाथ, खजुरा र जानकी गाउँपालिकालगायत परसपुर र जयसपुरका सबै ग्राभेल बाटोहरू कालोपत्र गर्ने, प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माणमा पहल गर्ने, नौबस्तामा निर्माणाधीन औद्योगिक क्षेत्रमा रोजगारी तथा व्यवसायका लागि पहिलो प्राथमिकता, गनापुर खजुराखुर्द उद्योग करिडोर विस्तार, निर्वाचन क्षेत्रभित्र बृहत्तर रिंगरोड बनाउने, आगामी ५ वर्षभित्र सबै गाउँपालिकालाई नगरपालिकामा स्तरोन्नति गर्ने प्रतिवद्धता गरिएको छ।

रोकायले खजुरास्थित क्यान्सर अस्पताललाई सुविधासम्पन्न बनाउने, क्षेत्रमा २ वटा शीतभण्डार निर्माण गर्ने, दुवै प्रदेशमा बालमैत्री पार्क बनाउने, स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने, बाँकेलाई प्रादेशिक राजधानी बनाउन पहल गर्नेलगायतका प्रतिवद्धता गर्नुभएको छ।

क्षेत्र नं. ३ को प्रदेशसभा 'क' का उम्मेदवार ईन्द्रप्रसाद खरेल (आईपी)ले २९ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गर्नुभएको छ। पर्यटकीय र कृषि क्षेत्रको विकासमा पहल गर्ने, साना तथा घरेलु उद्योग ग्राम स्थापनामा पहल गर्ने, सबै विद्यालय तथा मदरसालाई वाईफाईसहित अनलाइन अध्ययनको अवसर उपलब्ध गराउने, सबै ग्राभेल बाटो पिच गर्ने, मुस्लिम, मधेसी तथा थारु बालबालिकालाई छात्रवृत्तिको अवसर दिने, प्रदेशस्तरीय कवर्डहल निर्माण गर्ने, गर्भवती तथा सुत्केरीलाई पोषणसहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढंगले उपलब्ध गराउने, कृषकलाई विशेष सहुलियत दरमा मल, बीउ, विद्युत् र कृषि औजारको व्यवस्था गर्ने, थारु संस्कृतिको जगेर्ना गर्ने, घुम्न जाउँ बैजाथजस्ता कार्यक्रम लागू गर्ने, प्रदेशमा ३५ शैय्याको अस्पताल निर्माण गर्ने, मानखोलाको किनार चिसापानीमा पर्यटकीय क्षेत्रको विकास गर्ने खरेलको प्रतिबद्धता रहेको छ।

त्यस्तै, प्रदेशसभा 'ख' का उम्मेदवार बाबुराम गौतमले २९ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गर्नुभएको छ। औद्योगिक र कृषि क्षेत्रको विकासमा पहल गर्ने, रिङरोड निर्माण र सडक कालोपत्रे गर्ने, कपास विकास समितिलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने, १५ सय सिट क्षमताको सामुदायिक सभागृह निर्माण गर्ने, प्रत्येक वडामा दक्ष नर्ससहितको प्रसूति केन्द्र स्थापना गर्ने, रमुवापुर पशु हाट बजारलाई व्यवस्थित गर्ने, गनापुरदेखि साईगाउँसम्मको बाटो कालोपत्रे गर्ने, व्यवस्थित श्मशानघाटको स्थापना गर्नेलगायतका प्रतिवद्धता रहेका छन्।

घोषणापत्रसँगै वाम गठबन्धनका उम्मेदवारहरू चुनावीसभा र घरदैलोमा व्यस्त रहेका छन्। क्षेत्र नं. २ का प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारहरू घरदैलोमा अभियानमा निस्केका छन्। प्रतिनिधिसभाका उम्मेदवार पशुपतिदयाल मिश्र र प्रदेशसभा 'ख' का उम्मेदवार विजयकुमार गुप्ताले शुक्रबार नेपालगन्जको ५ नम्बर वडामा घरदैलो गरेका थिए। स्थायी सरकार र विकासका लागि आफूहरूलाई मत दिन उम्मेदवारहरूले अनुरोध गरेका थिए। 'मलाई मत दिनुस्, म तपाईंले देख्ने गरी विकास गर्छु' -उम्मेदवारहरूले भनेका छन्।

# फेसबुक अभियानबाट पुस्तकालयलाई ६ लाख

**सिर्जना पन्त, बागलुङ**

धौलागिरि अञ्चलकै सबैभन्दा पुरानो विद्यामन्दिर पुस्तकालय बागलुङलाई सञ्चालन गर्नका लागि सामाजिक सञ्जाल फेसबुकमार्फत् चलाएको आर्थिक संकलन अभियानमा ६ लाखभन्दा बढी रकम संकलन भएको छ।

२००३ सालमा स्थापना भएको पुस्तकालयलाई व्यवस्थित रुपमा चलाउन हरेक एक व्यक्तिबाट न्यूनतम १ हजार रुपियाँका दरले सहयोग गर्न आह्वान गर्ने र रकम सहयोग गर्ने व्यक्तिलाई फेसबुकमार्फत् धन्यवाद दिने गरी चलाइएको यस अभियानमा एक वर्षको अन्तरालमा ६ लाखभन्दा धेरै रकम संकलन भइसकेको विद्यामन्दिर पुस्तकालयका अध्यक्ष राजेशचन्द्र राजभण्डारीले बताउनुभयो। पुस्तकालय व्यवस्थापनका लागि खडा गरिएको ४ लाखको अक्षयकोषमा सोही अभियानबाट संकलन भएको ३ लाख रुपियाँ थपेर ७ लाख पुर्‍याइएको छ। राजभण्डारीले कोषको व्याज पुस्तकालयमा आवश्यक पर्ने कम्प्युटर, पुस्तक र अन्य सामग्रीको व्यवस्थापनका लागि प्रयोग गर्ने उहाँले बताउनुभयो।

सहयोग रकम संकलन अभियानपछि पुस्तकालयलाई विद्युतीय पुस्तकालयमा रुपान्तरण गर्नुका साथै थप व्यवस्थित बनाइएको छ। पाठकको संख्या दैनिक घट्दै गएपछि व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि पुस्तकालयले एक व्यक्ति १ हजार रुपियाँ संकलन अभियान थालेको थियो। आर्थिक संकलन अभियान प्रभावकारी भएर सहयोग रकम जुट्न थालेपछि अहिले पुस्तकालयमा १० वटा कम्प्युटरबाट अध्ययन गर्न मिल्ने व्यवस्था गरिएको छ। बागलुङ सदरमुकाममा रहेको अञ्चलकै सबैभन्दा पुरानो विद्यामन्दिर पुस्तकालयमा अहिले दैनिक १ सयको संख्यामा विद्यार्थी तथा पुस्तक पढ्ने पाठक आउने गर्छन्। धेरै पैसाभन्दा थोरै पैसा सामान्य सर्वसाधारणले पनि दिन सक्ने भएकाले अभियान चलाएको पुस्तकालयले जनाएको छ।



अभियान थालेपछि स्वदेश तथा विदेशमा रहेका नेपालीले पुस्तकालयको लागि सहयोग रकम पठाइरहेको राजभण्डारीले बताउनुभयो। संकलित रकमलाई पुस्तकालयको व्यवस्थापनमा खर्च गर्ने उहाँ बताउनुहुन्छ। पुस्तकालयलाई समयअनुसार परिमार्जन गर्ने उद्देश्यका साथ थालिएको अभियान पछि विद्युतीय पुस्तकालयमा रुपान्तरण गरिएको बताइएको छ। विद्युतीय पुस्तकालयमा अहिले ९ हजार स्वदेशी तथा विदेशी पुस्तक इन्टरनेट नभए पनि कम्प्युटरमा बसेर हेर्न सकिन्छ। दैनिक पुस्तक पढ्नका लागि पुस्तकालय आइरहने एक विद्यार्थी सुशान्त ढकालले पुस्तक पढ्ने बानीको विकास गर्नका लागि समय पाएसम्म आउने भन्दै विद्युतीय पुस्तकालयले विद्यार्थीलाई समेत राम्रो फाइदा पुर्‍याएको बताउनुहुन्छ।

# महिलाको नेतृत्वमा नमुना विद्यालय

**कालीबहादुर मल्ल, कालिकोट**

जिल्लामा महिला प्रधानाध्यापक र शिक्षक मात्र रहेको एक विद्यालय जिल्लाकै नमुना बनेको छ। तिलागुफा नगरपालिका-१ घडेरामा रहेको जगनाथ आधारभूत विद्यालयमा ३ जना महिला शिक्षक छन्।

विद्यालयमा महिला मात्र शिक्षक छन्। कक्षाकोठाको सजावट, पढाइलगायतका विषयमा उक्त विद्यालय जिल्लाकै अब्बल विद्यालयका रुपमा चिनिदै गइरहेको छ। जगनाथ आधारभूत विद्यालयमा प्रधानाध्यापकका रुपमा बिमला ढुंगाना, शिक्षक सारदा केसी र जिल्ला शिक्षा कार्यालयबाट दरबन्दी भएर ईसीडी कक्षा शिक्षकका रुपमा गीता बुढा कार्यरत छन्। यी ३ महिला शिक्षक मिलेर चलाएको विद्यालय कुनै सेवा सुविधा नीजि विद्यालयको भन्दा कम छैन। जगनाथ आधारभूत विद्यालयमा सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ की बिमला ढुंगाना विसं २०६६ सालमा राहत दरबन्दी शिक्षकमा र सुर्खेत गुराँसे गाउँपालिकाकी शारदा केसी अस्थायी करार शिक्षकका रुपमा हाजिर भएका थिए।

विद्यालयमा पहिलो पटक जागिरे हुँदाको अनुभव सुनाउँदै प्रधानाध्याक बिमला ढुंगानाले भनिन्- 'स्थानीयले आइमाईले पनि पढाउन सक्छन् ? भनेर प्रश्न गरे।' ढुंगाना र केसीलाई सधैं यी दुई कुराले मनमा घोचिरह्यो। विद्यालयमा हाजिर भएपछि ढुंगानाले प्रधानाध्याकका रुपमा र केसीले सहयोगी शिक्षकका रुपमा काम गर्न थाले। ८ वर्ष त्यहाँ रहँदा अहिले ढुंगाना र केसीले नमुना विद्यालयका रुपमा विद्यालयलाई स्थापित गरेका छन्। विद्यालयमा हाजिर हुँदा स्थानीयले आफूहरूलाई आइमाईले चलाएको विद्यालय के पढाइ हुन्छ र ? भन्दै गरेका टिकाटिप्पणीबाट प्रेरित भएर यस्तो भन्नेहरूका अगाडि केही गर्नुपर्छ भन्ने सोचेर नमुना विद्यालय बनाउन लागेको ढुंगाना र केसीको भनाइ छ।

विद्यालयमा शुरूमा आउँदा यी आइमाईले के विद्यालय चलाउँलान् ? भनेर स्थानीयले नपत्याए पनि यहाँको पढाइ हुने विधि शहरका मन्टेस्वरी स्कुलभन्दा कम नरहेको स्थानीय अभिभावक सेते दमाइले बताए। 'शुरूमा आइमाईले पनि स्कुल चलाउन सक्छन् र ? भनेर गाउँमा कुरा काटिन्थ्यो', उनले प्रशंसा गर्दै भने- 'ढुंगाना र केसी म्याडमले शहरमा महंगोमा पढाइ हुने मन्टस्वरी बोर्डिङ स्कुलको भन्दा पनि धेरै राम्रो पढाउनु भएको छ।' 'शुरूमा आउँदा विद्यालयमा निकै चुनौती थियो। अव्यवस्थित कक्षाकोठा, सरसफाईमा कमी, पढाइ सामग्रीको अभावलगायतका समस्या नै समस्या रहेको थियो।' प्रधानाध्यापक ढुंगानाले भनिन्- 'मैले धेरै प्रयास गरेर विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था, कक्षाकोठाको सजावट गरें।'

संघ-संस्थाहरूबाट विद्यालयमा शैक्षिक सुधारका विषयमा छलफल गरेर सहयोग पाएको उनले बताइन्। कक्षा १ देखि ३ सम्म विद्यार्थीलाई पढाउनका लागि प्रशस्त शैक्षिक सामग्री र खेलौनाको व्यवस्था गर्न विभिन्न संघ-संस्थाहरूले साथ दिएको प्रअ ढुंगानाले बताइन्। उनले भनिन्- 'खुला चौरमा विद्यालय थियो। खानेपानीको व्यवस्था थिएन। हाम्रो लगनशीलतामा सेभ द चिल्ड्रेन र किर्डाक नेपाल संस्थाले साथ दिए। काम गर्न सजिलो भयो।'

जगनाथ आधारभूत विद्यालय ल्याउन आफूहरूले विद्यालयमा शैक्षिक सहयोग गरेको सेभ द चिल्ड्रेन कालिकोटका टिम लिडर विजय विश्वकर्माले बताए। उनले भने- 'यहाँ पढाउने शिक्षकको लगनशीलता देखेर हामीले शैक्षिक सामग्री सहयोग गरेका हौं। शिक्षकाहरूले पनि त्यसको सही उपयोग गरेका छन्।'

जिल्लामा महिलाहरू मात्रै शिक्षक रहेको यो विद्यालय अरू



नगरपालिकाभित्रकै नमुना आधारभूत विद्यालयमा २ महिला शिक्षकको मेहनतले नै विद्यालयको शैक्षिक सुधार सम्भव भएको महिला स्थानीय महिला नेतृ तारा शाहीले बताइन्। उनले भनिन्- 'यो नगरपालिकाभित्रकै नमुना विद्यालय हो। महिलाले मात्रै सञ्चालन गरेको विद्यालय अब्बल दर्जाका रुपमा स्थापित भएको छ।' विद्यालयमा महिला मात्र शिक्षकका साथै शैक्षिक सुधारमा निकै मेहनत गरेको देखेर विद्यालय सुधार र विद्यार्थीको पढाइमा सुधार विद्यालयभन्दा निकै उत्कृष्ट विद्यालय रहेको शैक्षिक क्षेत्रमा काम गर्दै आएको गैरसरकारी संस्था किर्डाक नेपालका कालिकोट जिल्ला संयोजक तुलाराम पाण्डेले बताए। 'विद्यालयमा महिला शिक्षक मात्र रहेको यो विद्यालय कर्णाली अञ्चलमा नै सम्भवतः पहिलो हुनसक्ने र अरूभन्दा शैक्षिक क्षेत्रमा निकै अनुशासित, नियमियतामा पहिलो भएको राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय जुम्लाका उप-निर्देशक रमेश थापाले बताए।

# स्थानीय तहमै प्याड बनाउने तालिम

**हिक्मत नेपाली, दैलेख**

जिल्लाका ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका महिलाहरू महिनावारी भएका बेला गर्नुपर्ने सरसफाईलाई उचित ध्यान पुर्‍याउन नसक्दा विभिन्न स्वास्थ्यसम्बन्धी समस्या झेल्दै आइरहेको छन्। महिनावारीका बेला पुराना कपडालाई प्याडका रुपमा प्रयोग गर्ने प्रचलनले महिलाहरू विभिन्न संक्रमणको सिकार हुन पुगेका छन्। महिनावारीका बेला बजारमा पाइने प्याड प्रयोगपछि बिर्सजन गर्ने क्रममा त्यसले वातावरणलाई असर गरिरहेको छ।

यस्ता विभिन्न समस्याहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले जिल्लाका विभिन्न ग्रामीण क्षेत्रका महिलाहरूलाई स्थानीय तहमै स्यानेटरी प्याड बनाउने तालिम प्रदान गरिएको छ। दैलेखका भैरवी गाउँपालिका, नौमूले गाउँपालिका, नारायण नगरपालिका र भगवतीमाई गाउँपालिकाका १९ जना महिलालाई स्यानेटरी प्याड बनाउने तालिम प्रदान गरिएको हो।

महिनावारी हुने अवस्थामा आईपर्ने विभिन्न समस्यामा छलफल गरी सचेत गराउने र पुनःप्रयोग गर्न मिल्ने कपडाको स्यानेटरी प्याड बनाउने सीप विकास गर्ने उद्देश्यले तालिम प्रदान गरिएको हो। महिलाहरूलाई ३ प्रकारका डिजाइनमा आधारित कपडाको प्याड बनाउन प्रयोगात्मक रुपमा सिकाइएको छ।

तालिममा महिलाहरूले महिनावारी हुँदा आफूलाई आइपर्ने समस्याका बारेमा खुलेरै छलफल गरेका छन्। जिल्लामा छाउपडीप्रथाका कारण भोगेका समस्या र सुत्केरी अवस्थामा भोग्नुपरेका पीडाका विषयमा समेत छलफल गरेका छन्। तालिममा सहभागी महिलाहरूले जानेर वा नजानेर महिनावारी हुँदा पुराना कपडा प्रयोग गर्ने गरेको बताए। 'यस्तो कार्यले झन् बढी जोखिम बढाउने रहेछ', तालिममा सहभागी एक महिलाले भनिन्- 'सामान्य सियो, धागो, कैंची र नयाँ कपडाले प्याड बनाउने सीप सिक्यौं, अब गाउँमा गएर आफूले सिकेका सीप अरुलाई पनि सिकाउँछौं र आफू पनि प्रयोग गर्छौं।'



स्यानेटरी प्याड बनाउन सिक्दै दैलेखका ग्रामीण भेगका महिला।

तालिमले महिलाहरूलाई महिनावारीको अवस्थामा हुने जोखिम कम गर्न सहयोग पुग्ने सहयोगी हातहरूको समूह (सहास) नेपालको इडिलिस परियोजनाका संयोजक देवीन्द्र कार्कीले बताए। 'प्रत्येक वडाका ३ जनाले मात्र स्यानेटरी प्याड बनाउन सिक्नुभएको छ', उनले भने- 'उहाँहरूले सिकेको कुरा वडाका अन्य समुदायलाई पनि सिकाउनुहुन्छ, तब मात्र यो तालिम सफल भएको मानिन्छ।' सहयोगी हातहरूको समूह (सहास) नेपालको जीविकोपार्जन सुरक्षाका लागि पर्यावरणीय विकास तथा कृषि जैविक विविधता परियोजना, दैलेखले सञ्चालन गरेको तालिममा स्वास्थ्यकर्मी शर्मिला सुनुवारले प्रशिक्षण दिएकी थिइन्।

**धादिङ्ग औद्योगिक क्षेत्र विकास प्रा.लि को नाम परिवर्तन भएको सुचनाः-**

धादिङ्ग औद्योगिक क्षेत्र विकास प्रा.लि को मिति २०७४।०७।१३ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय वमोजिम प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरि साविक कम्पनी (धादिङ्ग औद्योगिक क्षेत्र विकास प्रा.लि./Dhading Audhogik Kshetra Bikash Pvt.Ltd.) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (स्मार्ट धादिङ प्रा.लि./Smart Dhading Pvt.Ltd.)को कम्पनीले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन भइ कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७४/०७/२० अभिलेख भएके हुँदा सो व्यहोरा सम्बधीत सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ।



# विश्व

**प्रविधि**

स्विजरल्यान्डको एक कम्पनीले विकास गरेको वायुमण्डलमा रहेको कार्बन डाइअक्साइड सोस्ने प्रविधि। भारतको राजधानी नयाँदिल्लीमा प्रदूषणको स्तर अत्यधिक बढेपछि उक्त प्रविधिको प्रयोगका विषयमा सोच्न थालिएको छ।



**कृत्रिम**

युगान्डाका कम्पालास्थित कृत्रिम हात खुट्टा राख्ने एक केन्द्रमा पुगेकी २५ वर्षीया जोन। उनले एक दुर्घटनापछि आपत्कालीन सेवाको अभावमा आफ्नो खुट्टा गुमाएकी थिइन्।





**विश्व २ मिनेट**

## जापान

### २० सेकन्डका लागि माफी

टोक्यो, (एजेन्सी)

जापानको रेलवे सेवाको पहिचान समयप्रति प्रतिबद्धता हो। गत मंगलबार सुकुबा एक्सप्रेस लाइनमा चलिरहेको एउटा रेल २० सेकेन्ड अगाडि नै रेल स्टेसनबाट प्रस्थान गर्‍यो। यो घटनाले रेल व्यवस्थापनका अधिकारीहरुले आफ्नो वेबसाइटमा माफी मागेका छन्। जापानका लागि यो एक प्रकारको अनुशासन पालना नहुनु हो। वेबसाइटमा अधिकारीहरुले रेल समयभन्दा अगाडि प्रस्थान गरेको र त्यसले यात्रुहरुले अत्यन्त असुविधाको सामना गर्नुपरेको उल्लेख गर्दै उक्त घटनालाई माफी मागेका थिए। अकिहाबार र इबारकी प्रान्तको सुकुबाबीच चल्ने सुकुबा एक्सप्रेस लाइनको सञ्चालन टोक्यो एरिया मेट्रोपोलिटन इन्टरसिटी रेलवेले गर्दै आइरहेको छ।

## पाकिस्तान

### सरिफ पुत्र भगौडा

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको अकान्टेबिलिटी कोर्टले पूर्वप्रधानमन्त्री नवाज सरिफका दुवै छोरा हसन हुसैन नवाजलाई भ्रष्टाचारको मामिलामा भगौडा घोषित गरेको छ। न्यायाधीश बसिरले सरिफका दुवै छोरा सुनवाइमा उपस्थित नभएको बताए। उक्त क्रियाकलाप स्वीकार्य नहुने बताउँदै दुवैको नामको अगाडि भगौडा लेख्न आदेश दिएको र यसले मुद्दाको सुनवाइमा पनि फरक पर्ने बताए। भ्रष्टाचारको मामिलामा अदालतमा चलिरहेको मुद्दामा ती दुवै अहिलेसम्म एकपटक पनि अदालतमा उपस्थित नभएको बताइएको छ। उनीहरु लन्डनमा क्यान्सरको उपचार गरिरहेका आफ्नी आमा कुलसुमसँग बसिरहेको जनाइएको छ।

## जिम्बावे

### राजीनामा दिन अस्वीकार

हरारे, (एजेन्सी)

लामो समयदेखि जिम्बावेको राष्ट्रपति रहँदै आएका रोवर्ट मुगावेले तत्कालै राजीनामा दिन अस्वीकार गरिरहेको समाचार बाहिर आएको छ। उनलाइ हालै सेनाले अपदस्थ गरेको हो। उनीमाथि राजीनामाका लागि निरन्तर दबाब बढिरहेको छ। बुधबार सेनाले राजनीतिमा हस्तक्षेप गरेपछि ९३ वर्षीय मुगावेलाई नजरबन्दी बनाइएको थियो। अब सत्तामा को पुग्ने भन्नेबारे व्यापक अनुमान गरिन थालेको छ। शुक्रबार सेनाले मुगावेसँग वार्ता भइरहेको जनाएको छ। सेनाले मुगावे वरपरका अपराधीहरूलाई गर्ने कारबाहीमा प्रगति भइरहेको पनि जनाएको छ।

## दक्षिण कोरिया

### जुकाग्रस्त सैनिक

सोल, (एजेन्सी)

हालै दक्षिण कोरियातर्फ असैनिक क्षेत्रबाट भाग्ने क्रममा आफ्नै सहकर्मीको पाँच गोली लागेका उत्तर कोरियाली सैनिकको आन्द्रामा अत्यन्तै ठूलो परिमाणमा परिजीवी भेटिएको दक्षिण कोरियाली चिकित्सकहरूले शुक्रबार बताएका छन्। गोली लागेर सिकिस्त हालतमा पुगेका उनलाई दक्षिणका सेनाले उद्धार गरी अस्पताल पुर्‍याएका थिए। चिकित्सकहरूले अहिले उनको स्वास्थ्य स्थिर अवस्थामा रहे तापनि उनको शरीरभित्र रहेका जुकाहरूको कारण उनको शरीरका घाउहरू झनै संक्रमित भइरहेको बताएका छन्। डाक्टर लि कुक जोंगले उनको शरीरबाट ११ इन्च लामो एउटा जुका निकालिसकेको बताएका छन्।

# उत्तर कोरियालाई आतंकवाद प्रायोजक राष्ट्रको सूचीमा राख्ने तयारी



वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्को हप्ता उत्तर कोरियालाई आतंकवादका प्रायोजक राज्यहरुको अमेरिकी सूचीमा राख्ने विषमा आफ्नो निर्णयको घोषणा गर्नेछन्।

ह्वाइट हाउसका प्रवक्ता सारा सैंन्डर्सले अर्को हप्ताको शुरुमै ट्रम्पबाट त्यस प्रकारको घोषणा हुने जानकारी दिए। ह्वाइट हाउसको सल्लाहकार एचआर म्याक मास्टरले पनि उत्तर कोरियाको उक्साउने खालका गतिविधिलाई लिएर अमेरिकाले गम्भीरतापूर्वक विचार गरिरहेको बताए। उत्तर कोरियालाई सुडान, सिरिया र इरानसँगै आतंकवाद प्रयोजित सूचीमा राखिनुपर्ने उनले बताए। उनले उत्तर कोरियाली तानासाहलाई आफ्नै सौतेला भाइ किम जोङ नामका हत्यारा भएको पनि बताए। गत वर्ष फेब्रुअरी १३ मा मलेसियाको विमानस्थलमा घातक विषादीको प्रयोग गरी हत्या गरिएको थियो।

यसैबीच सुडानले पनि उत्तर कोरियासँग आफ्नो सबै व्यापारिक तथा सैन्य सम्बन्ध विच्छेद गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। खार्तुमको उक्त निर्णयलाई अमेरिकाले स्वागत गरेको छ। अमेरिकी विदेश मन्त्रालयले बुधबार जारी गरेको एक विज्ञप्तिमा सुडानको उक्त फैसलालाई अमेरिकाले स्वागत गरेको र यस मामिलामा निर्णय पूर्ण लागू गराउने दिशामा लगातार सहयोग गरिरहने उल्लेख गरेको छ। खार्टुममा अमेरिकी राजदूत र सुडानी प्रतिनिधिमण्डलको बैठकपछि सुडानका विदेश मन्त्रालयले उक्त आशयको बयान जारी गरेको थियो। विज्ञप्तिमा उत्तर कोरियासँग आफ्नो सबै प्रकारको व्यापारिक तथा सैन्य सम्बन्ध समाप्त गर्न प्रतिबद्ध रहेको उल्लेख गरेको छ।


## डियरवाक ग्रुप लिमिटेडको साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित२०७४/०८/०२**

यस कम्पनीको मिति२०७४/०८/०१ गते बसेको सञ्चालक समितिको बैठकले आर्थिक वर्ष ०७३/०७४ को वार्षिक साधारण सभा निम्नलिखित मिति समय र स्थानमा सम्पन्न गर्ने निर्णय गरेकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभामा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति समय र स्थान**

**मितिः** २०७४ मसीर २३ गते शनिवार
**समयः** अपरान्ह ३:०० बजे
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, सिफल काठमाडौं

**छलफलका प्रस्तावहरु**

१ **सामान्य प्रस्ताव**
- क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. ०७३/०७४ को वार्षिक प्रतिवेदनमाथि छलफल तथा अनुमोदन सम्बन्धमा।
- ख) आर्थिक वर्ष ०७३/०७४ को लेखा प्रतिवेदन उपर छलफल तथा अनुमोदन सम्वन्धमा।
- ग) आर्थिक वर्ष ०७४/०७५ का लागि लेखा परिक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

२ **विशेष प्रस्ताव**
कम्पनीको अधिकृत पूजीं रु. ५०,००,००,०००/- (पचास करोड) हुने गरी वृद्धि गर्ने सम्वन्धमा।

३ **विविध**

**आज्ञाले**
**कम्पनी सचिव**



## सिफल स्कूल लिमिटेडको साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित२०७४/०८/०२**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७४।०८।०१गते सम्पन्न बैठकले कम्पनीको साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय गरेकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभामा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभाको कार्यक्रम**

१ **मिति, समय र स्थान**
**मितिः** २०७४।०८।२३ गते शनिवार
**समयः** अपरान्ह ०४:३० बजे
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, सिफल, काठमाडौ

२ **छलफलका प्रस्तावहरु**
१. सञ्चालक समितिको प्रतिवेदन २०७३।०७४ पारित गर्ने सम्वन्धमा।
२. लेखाप्रतिवेदन २०७३।०७४ पारित गर्ने सम्वन्धमा।
३. आ.व. ०७४।७५ का लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्वन्धमा।
४) विविध

**संचालक**
**सिफल स्कूल लिमिटेड**


## स्टाल्लोनको अस्वीकार

न्युयोर्क, (एजेन्सी)

हलिवुड स्टार सिल्भस्टर स्टाल्लोनले आफू ४० वर्ष उमेरको छँदा सन् १९८६ मा एकजना १६ वर्षीया किशोरीलाई यौन उत्पीडन गरेको भन्ने आफूमाथिको आरोपलाई पूर्णरूपमा अस्वीकार गरेका छन्। प्रहरी प्रतिवेदनलाई उद्धृत गर्दै बिहीबार दि डेली मेलले लस भेगासमा ओभर दि टप नामक फिल्मको सुटिङको क्रममा उनले एक किशोरीमाथि यौन दुराचार गरेको खबर छापेको थियो। ७१ वर्षीय स्टाल्लोनका प्रवक्ता मिचेल बेगाले त्यतिबेला ती किशोरीले स्टाल्लोन उनका अंगरक्षकसँग एकैचोटी यौन सम्पर्क राख्दा डर लागेको बताएको भनी झुठो कथा बुनिएको बताएका छन्। स्टाल्लोनले भनेका छन्- 'यो घटना घटेकै थिएन। हालै अखबारमा नछापिन्जेल यसबारे कसैलाइ जानकारी नै थिएन। मलाई समेत केही थाहा थिएन।' यस विषयलाई लिएर अहिलेसम्म स्टाल्लोनले कसैलाई भेटघाट नगरेको बताइएको छ। प्रहरीलाई उद्धृत गरेर डेली मेलमा छापिएको छ- 'ओभर दि टप फिल्ममा स्टाल्लोनको छोराको भूमिका निभाउने कलाकार डेविट मेनडेन्हलमार्फत ती पीडित किशोरीले लस भेगास हिल्टनको आर्केडमा स्टाल्लोनलाई भेटेकी थिइन्।

# नि:शुल्क शिक्षाको माग गर्दै हजारौं विद्यार्थी सडकमा

लन्डन, (एजेन्सी)

बेलायतको सेन्ट्रल लन्डनस्थित बेलायती संसद्अगाडि ६० वटा कलेजका १० हजारभन्दा बढी विद्यार्थीले र्‍याली निकालेका छन्। विद्यार्थीहरुले सरकारले विश्वविद्यालय र कलेजमा ग्र्याजुएसनको पढाइ नि:शुल्क गर्न माग गर्दै उक्त र्‍यालीको आयोजना गरेका हुन्। विद्यार्थी प्रदर्शनकारीहरुले नाराबाजी गर्दै हावामा रातो रंग फ्याँकेर विरोध गरेका थिए। उनीहरुले आगामी हप्ता संसद्मा हुने बजेट सत्रमा सरकारले विद्यार्थीका लागि नि:शुल्क शिक्षाको घोषणा हुनुपर्ने बताए। शिक्षा सबैका लागि हुनुपर्ने, सम्पन्नका लागि मात्र हुन नहुने नाराबाजी गरेका थिए। बेलायतमा अन्डर ग्र्याजुएट डिग्रीका लागि एक विद्यार्थीलाई १० हजार पाउन्ड खर्च लाग्छ।

३ वर्षमा करिब ३० हजार पाउन्ड शुल्क तिर्नुपर्ने हुन्छ। बेलायतमा पढाइ विश्वको सबैभन्दा महँगो मानिन्छ। एक सर्वेक्षणले करिब २० प्रतिशत नागरिकको आधा तलब बच्चाको पढाइ शुल्क तिर्नमा खर्च हुन्छ। लन्डन सेन्ट्रल स्कुलकी २० वर्षीया नताशा रायनले भनिन्- 'मेरा अभिभावक मेरो पढाइ शुल्क




बेहोर्न असमर्थ छन्। त्यसैले मलाई पढाइसँगै काम पनि खोज्नुपरेको छ।'

सञ्चारमाध्यमका अनुसार यो बेलायतको अहिलेसम्मकै सबैभन्दा ठूलो विद्यार्थी आन्दोलन हो। यति धेरै विद्यार्थी आफ्नो माग पूरा गर्न सरकारलाई दबाब दिनका लागि सडकमा ओर्लेको पहिलो घटना हो। विपक्षी लेबर पार्टीले विद्यार्थीको मागमा समर्थन गरेको छ। लेबर नेता जेर्मी कार्बाइनले सरकारले विद्यार्थीलाई नि:शुल्क शिक्षा उपलब्ध गराउनुपर्ने बताए।


## डियरवाक फाउण्डेशनको साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित२०७४/०८/०२**

यस फाउण्डेशनको सञ्चालक समितिको मिति २०७४/०८/०१गते सम्पन्न बैठकले कम्पनीको साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय गरेकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण सदस्य महानुभावहरुलाई साधारण सभामा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभाको कार्यक्रम**

१ **मिति, समय र स्थान**
**मितिः** २०७४/०८/२३ गते शनिवार
**समयः** अपरान्ह ०१:३० बजे
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, सिफल, काठमाडौ

२ **छलफलका प्रस्तावहरु**
१. सञ्चालक समितिको प्रतिवेदन २०७३/०७४ पारित गर्ने सम्वन्धमा।
२. लेखाप्रतिवेदन २०७३/०७४ पारित गर्ने सम्वन्धमा।
३. आ.व. ०७४।७५ का लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्वन्धमा।
४) विविध

**संचालक**
**डियरवाक फाउण्डेशन**



## डियरवाक कम्पवयर लिमिटेडको साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित२०७४/०८/०२**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७४।०८।०१गते सम्पन्न बैठकले कम्पनीको साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय गरेकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभामा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभाको कार्यक्रम**

१ **मिति, समय र स्थान**
**मितिः** २०७४।०८।२३ गते शनिवार
**समयः** विहान ११:०० बजे
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, सिफल, काठमाडौ

२ **छलफलका प्रस्तावहरु**
१. सञ्चालक समितिको प्रतिवेदन २०७३।०७४ पारित गर्ने सम्वन्धमा।
२. लेखाप्रतिवेदन २०७३।०७४ पारित गर्ने सम्वन्धमा।
३. आ.व. ०७४।७५ का लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्वन्धमा।
४) विविध

**संचालक**
**डियरवाक कम्पवयर लिमिटेड**


# सिंगापुरद्वारा व्यापार सम्बन्ध निलम्बन

सिंगापुर, (एजेन्सी)

संयुक्त राष्ट्र संघ र संयुक्तराज्य अमेरिकाले विवादास्पद आणविक हातहतियार कार्यक्रम चलाएका कारण कडा नीति लिइको उत्तर कोरियासँग सिंगापुरले शुक्रबार सम्पूर्ण व्यापार सम्बन्ध निलम्बन गरेको छ।

सिंगापुर भन्सार कार्यालयहरूले ८ नोभेम्बरदेखि उत्तर कोरियाबाट नै सिंगापुरतर्फ आउने र उत्तरतर्फ जाने सम्पूर्ण सरसामानमाथि प्रतिबन्ध लगाइएको र सो प्रतिबन्ध उल्लंघन गर्नेलाई आर्थिक जरिवाना र अधिकतम दुई वर्ष लामो कारावास सजाय हुने जनाइसकेका छन्।

उत्तर कोरियाले आफ्नो छैठौं आणविक परीक्षण गरेपछि संयुक्त राष्ट्र संघले उत्तरमाथि नाकाबन्दी लगाएको थियो। उत्तर कोरियासँग शून्य दशमलव दुई प्रतिशत मात्र व्यापार गरे पनि सन् २०१६ मा सिंगारपुर प्योङयाङको आठौं सबैभन्दा ठूलो व्यापारिक साझेदार बनेको थियो। प्योङयाङको सबैभन्दा ठूलो आर्थिक सहयोगी मुलुक चीनसँग उत्तरको सबैभन्दा बढी परिमाणमा व्यापार हुँदै आएको छ।

संयुक्त राष्ट्र संघको पछिल्लो नाकाबन्दीको लक्ष्यमा सिंगापुरका दुईवटा व्यापारिक कम्पनी र अन्य थुप्रै व्यापारीहरू परेका छन्। सन् २०१६ को जनवरीमा संयुक्त राष्ट्र संघले प्योङयाङमाथि लगाइँदै आएको नाकाबन्दी उल्लंघन गरी क्युबाबाट आएको हातहतियारको सिपमेन्ट उत्तर कोरियातर्फ पठाएको आरोपमा सिंगापुरको चिन्पो सिपिङ कम्पनीलाई १ लाख २५ हजार ७ सय अमेरिकी डलर जरिवाना गरिएको थियो। अमेरिका र संयुक्त राष्ट्र संघले लामो समयसम्म नाकाबन्दी लगाइएपछि उपभोग्य वस्तुको अभावको कारण अन्ततः उत्तर कोरियाले घुँडा टेकेर आणविक कार्यक्रम रोक्ने अनुमान गरेका छन्।

'राष्ट्रको एक भूभागमा बस्ने नागरिकलाई अपमानित गर्ने, उनीहरूलाई लाञ्छना लगाउने र विदेशीसँग जोडेर भड्काउँदा राष्ट्र बलियो हुँदैन', नेता खाँणले भन्नुभयो- 'यस्तो भौगोलिक, जातीय, सांस्कृतिक र धार्मिक विविधता बोकेको मुलुकमा सबैलाई समेट्दा नै राष्ट्रियता बलियो हुन्छ।'

# कम्युनिस्टहरूले राष्ट्रियतालाई कमजोर बनाएको आरोप

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ केन्द्रीय परिचालन समितिका संयोजक बालकृष्ण खाँणले नेपालको राष्ट्रियतालाई कमजोर पार्ने काम कम्युनिस्टहरूले नै गरेको बताउनुभएको छ।

नेपाली कांग्रेसको केन्द्रीय मिडिया सेन्टरद्वारा शुक्रबार ललितपुरमा आयोजित विचार निर्माता बुद्धिजीवीहरूसँगको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै नेता खाँणले सो कुरा बताउनुभएको हो। 'राष्ट्रको एक भूभागमा बस्ने नागरिकलाई अपमानित गर्ने, उनीहरूलाई लाञ्छना लगाउने र विदेशीसँग जोडेर भड्काउदा राष्ट्र बलियो हुँदैन', नेता खाँणले भन्नुभयो- 'यस्तो भौगोलिक, जातीय, सांस्कृतिक र धार्मिक विविधता बोकेको मुलुकमा सबैलाई समेट्दा नै राष्ट्रियता बलियो हुन्छ।' नेता खाँणले कम्युनिस्टहरूले जसरी अधिनायकवादी शासन आउने उद्घोष गरेका छन्, त्यो नै लोकतन्त्रका लागि चुनौती बनेको पनि उल्लेख गर्नुभयो।

कार्यक्रममा प्राध्यापक केशवानन्द गिरीले कम्युनिस्टहरूको समाजवाद सम्पन्नलाई विपन्न बनाएर कायम हुने र कांग्रेसको लोकतान्त्रिक समाजवादले गरिबलाई सम्पन्न बनाएर समाजवाद कायम गर्ने पनि बताउनुभयो।

अर्का सहभागी डा.लोक भट्टराईले कम्युनिस्टहरूले ५० वर्ष शासन गर्ने जुन अभिष्ट सार्वजनिक गरेका छन्, त्यो नै अधिनायकवादको जड भएको बताउनुभयो। उहाँले स्वतन्त्रताप्रेमी नेपाली जनता अधिनायकवादको पक्षमा जानै नसक्ने पनि बताउनुभयो। त्यस्तै प्राध्यापक डा. गोविन्दमान सिंह कार्कीले कम्युनिस्टहरूले साम्यवादको कुरा उठाएकोले यो चुनाव नेपाली कांग्रेसका लागि सहज भएको बताउनुभयो। पूर्व प्रशासक तथा लेखक जैनेन्द्र जीवनले नेपाली कांग्रेसले ल्याएका आर्थिक विकास र समृद्धिका विषय सान्दर्भिक भएको बताउनुभयो।

कार्यक्रममा डा. उद्धव प्याकुरेलले कम्युनिस्टहरूले आफ्नो बहुमत हुँदा पनि स्थिरता दिन नसकेको उल्लेख गर्दै भन्नुभयो- 'पहिलो संविधानसभामा माओवादी बहुमतमा थियो तर प्रचण्डको सरकार ९ महिना टिकेन, प्रचण्डको विकल्पमा बाबुराम उदाए, माधव नेपालको विकल्पमा झलनाथ खनाल आए। ४ वटा प्रधानमन्त्री हुँदा समेत संविधान दिन सकेनन्।'

कार्यक्रममा पूर्वराजदूत डा. जयराज आचार्यले संविधानको प्रस्तावना फेर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको कुरा ल्याउने र ५० वर्ष शासन गर्ने कुरा ल्याएर अधिनायकवादतर्फ जाने उद्घोष गरेकोले लोकतन्त्रवादी र स्वतन्त्रताप्रेमी नेपालीहरूको मत अहिले नेपाली कांग्रेसमा आउने बताउनुभयो। कार्यक्रममा प्रखर बुद्धिजीवी तथा राजनीतिक विश्लेषक पुरञ्जन आचार्य, प्रा. देवकुमारी गुरुङ र प्राध्यापक पञ्चनारायण महर्जनलगायतले कम्युनिस्ट अधिनायकवादका विरुद्धमा जनमत सिर्जना गर्न कांग्रेसलाई सहज भएको बताउनुभएको थियो।

नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रचारप्रसार अभियानलाई सहयोग पुऱ्याउँदै सञ्चारकर्मीहरूसमक्ष पार्टीका दस्तावेज र गतिविधिहरूलाई पुऱ्याउन केन्द्रीय प्रचारप्रसार समितिअन्तर्गत केन्द्रीय र प्रादेसिक मिडिया सेन्टरहरू सञ्चालनमा ल्याएको छ। केन्द्रीय मिडिया सेन्टरले विचार निर्माता र पत्रकारहरूका बीचमा संवाद गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरेको हो।

## डा. महतको...

बम विस्फोटनबाट कांग्रेसका कार्यकर्ताहरू उपेन्द्र मिश्र, भेषकुमार तामाङ, सविन लामा, रमेश राईलगायत घाइते भएका छन्। शरीरका विभिन्न भागमा चोट लागेकाले घाइते भएकामध्ये केहीको अवस्था गम्भीर छ। घाइतेमध्ये भेषबहादुर तामाङलाई उपचारका लागि महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल लागिएको छ भने सविन लामा, उपेन्द्र मिश्र र रामकुमारलाई नेपाली सेनाको हेलिकप्टरबाट धापासीस्थित ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा लगिएको छ।

उम्मेदवार महतद्वय चढेको बा१४च ७०४१ नं को गाडीलाई लक्षित गरी प्रेसरकुकुर बम विस्फोट गराए पनि उक्त गाडी अघि बढिसकेकाले कार्यकर्ता चढेको बा१६च ६६५ नं गाडीमा बम लागेको थियो। विस्फोटनका कारण गाडी पूर्णरूपमा ध्वस्त भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मधुकरजंग विष्टले जानकारी दिनुभयो।

यसैबीच शुक्रबार ककनीमा वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताबीच झडप भएको थियो। प्रतिनिधिसभाका नेपाली कांग्रेसका उम्मेदवार डा. रामशरण महतले आफूलाई वाम गठबन्धनका उम्मेदवारले नै बम प्रहार गरेको भन्ने अभिव्यक्ति दिएपछि झडप भएको थियो। झडपमा परी बा८८प ५२८० नम्बरको मोटरसाइकल तोडफोड गरिएको थियो।

## रोकिएन...

निर्वाचनका लागि सुरक्षाको प्रत्याभूति दिलाउन सरकार चुकेको बताउँदै वाम गठबन्धनले उम्मेदवारहरूलाई भरपर्दो सुरक्षा व्यवस्था मिलाउन माग गरेको छ। बम विस्फोटका घटना बढ्दै गएपछि चुनावीसभामा जाने नेता तथा कार्यकर्ता पनि सशंकित भएका छन्।

उपप्रधानमन्त्रीसहित माओवादी केन्द्रका नेता एवं दाङबाट प्रतिनिधिसभाका उम्मेदवार कृष्णबहादुर महराले बम विस्फोट गराउने अपराधी भएको बताउनुभयो। उहाँले नेपाल समाचारत्रपसँग भन्नुभयो- 'राष्ट्रविरोधी, जनता विरोधीहरू निर्वाचन बिथोल्न बम पड्काइरहेका छन्।' निर्वाचनसभामा भाग लिन दाङको घोराहीबाट लिवाङ जाँदै गरेका नेता महरालगायतका माओवादीका नेताहरूलाई लक्षित गरी शुक्रबार बिहान लिवाङनजिकै बम विस्फोट गराइएको थियो।

राष्ट्रिय अन्तर्राष्ट्रिय तत्त्व निर्वाचन भाँड्न लागिरहेको बताउँदै महराले बम विस्फोटमा लाग्ने तत्त्व देशमा अशान्ति मच्चाउन उद्धत रहेको बताउनुभयो। 'बम पड्काउँदैमा निर्वाचन बिथोलिदैन र निर्वाचन कुनै पनि हालतमा सम्पन्न हुन्छ' -उहाँले भन्नुभयो।

निर्वाचनलाई प्रभावित पार्नका लागि विप्लव समूहले देशका विभिन्न स्थानमा उम्मेदवारलाई लक्षित गरेर बम विस्फोट गराउने कार्यप्रति जनस्तरबाट विरोध शुरू भएको छ।

निर्वाचनमा स्वतन्त्रतापूर्वक आफ्नो प्रचारप्रसार गर्न पाउने अधिकारलाई कुन्ठित गर्न खोजेको भन्दै राजनीतिक दलहरूले विरोध गरेका छन्।

नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनालले उम्मेदवारहरूमाथि शृंखलावद्धरूपमा बम विस्फोट गराउने घटना आपराधिक समूहले गरेको बताउनुभयो। 'निर्वाचनप्रति सहमति भए आफ्ना मत जनतासमक्ष राखेर माग पूरा गर्न सकिन्छ', खनालले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'जनताका नजरबाट हारेका आपराधिक समूहले गरेको शृंखलावद्ध बम विस्फोटका घटनामा संलग्नलाई पक्राउ गरी सरकारले कानुनी कठघरामा ल्याउनुपर्छ।' उहाँले उम्मेदवारको सुरक्षाका लागि सरकार गम्भीर हुनुपर्ने बताउनुभयो।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद शर्मा दुवाडीले निर्वाचनका लागि शान्ति सुरक्षा दिन सरकार लागिपरेको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'उम्मेदवार र विशिष्ट व्यक्तिहरूलाई निरन्तर सुरक्षा प्रदान गरिएको छ, शृंखलावद्ध बम विस्फोटका घटना रोक्न गृह प्रशासन लागिपरेको छ।'

स्थानीयस्तरमा जिल्ला सुरक्षा समिति, स्थानीय राजनीतिक दलहरूको सहभागितामा समन्वय समिति गठन गरेर नै उम्मेदवाहरूले माग गरेबमोजिमको सुरक्षा प्रदान भइरहेको बताउँदै दुवाडीले बम विस्फोटमा संलग्नहरूको पहिचान गरी पक्राउ गर्ने कार्यलाई अगाडि बढाइएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'उम्मेदवारहरूलाई सुरक्षा प्रदान गर्न संवेदनशील छौं, दोषीलाई पक्राउ गर्ने खोजतलास गर्ने काममा लागेका छौं।' दोषीलाई पक्राउ गर्न कडा रूपमा लाग्न सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिइएको बताउँदै प्रवक्ता दुवाडीले भन्नुभयो- 'बम विस्फोट गराउने समूहको सूक्ष्म अध्ययन गरिरहेका छौं, निर्वाचन बिथोल्ने गतिविधिमा लाग्नेलाई कठोरतापूर्वक कारबाही गर्ने निर्णय दिएका छौं।'

निर्वाचन अभियान शुरू भएयता विभिन्न स्थानमा गरी डेढ सयभन्दा बढीलाई पक्राउ गरेर कानुनी कारबाही अगाडि बढाइएको उहाँको भनाइ थियो।

## विद्यालय...

सरकारले रकम नदिँदा यो हिउँदमा पनि लाखौं विद्यार्थी टिनको अस्थायी टहरामा पढ्न बाध्य भएका छन् भने कोही खुला आकाशमा बसेर पढिरहेका छन्। रकम कबुल गरेकामध्ये एनजीओ र विद्यालय व्यवस्थापन समितिमार्फत् निर्माण गरिएको विद्यालय भवन मात्रै पुनर्निर्माण भइरहेको छ। अब विद्यालय व्यवस्थापन समितिमार्फत् विद्यालय भवन पुनर्निर्माण गर्दा ४० अर्ब रुपियाँ खर्च हुने र टेन्डरमार्फत् पुनर्निर्माण गर्दा त्यसको डबल झन्डै ८० अर्ब रुपियाँ खर्च हुने अनुमान एकाईले गरेको छ। विद्यालय व्यवस्थापन समितिमार्फत् विद्यालय भवन निर्माण गर्दा सरकारलाई समेत सहज हुने श्रेष्ठको भनाइ छ।

उहाँले एडीबी र जाइकासँग सम्झौता भएका १ सय २७ वटा विद्यालय पुनर्निर्माणको अन्तिम चरणमा पुगेको छ। एकाईका प्रमुख श्रेष्ठले भारत र चीन सरकारले सम्झौता गरेका विद्यालय भवन पुनर्निर्माणको क्रममा रहेको जानकारी गराउँदै भन्नुभयो- 'दातृ निकायको सहयोगले गर्दा पनि विद्यालय भवन पुनर्निर्माणले तीव्रता पाएको हो। भारतले नेपाल सरकारसँग सम्झौता गरेर मात्रै पुनर्निर्माण गर्ने र चीनले विस्तृत अध्ययनपछि मात्रै निर्माण शुरू गर्ने जनाएको थियो। तीमध्ये भारत सरकारको काम अघि बढ्ने तयारीमा रहेको छ। तथ्यांकअनुसार ध्वस्त भएका विद्यालय भवन पुनर्निर्माण गर्न १ खर्ब ६७ अर्ब रुपियाँ लाग्ने उल्लेख छ।

## १० किलो...

सो विषयमा वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक अनीश कर्णसँग बुझ्दा पर्साको टोलीले पर्साकै सीमाना क्षेत्रमा समातेको र बाराका सशस्त्र प्रहरीले बाराबाट समातेको भनी दाबी गर्दा सामान्य विवाद भएको बताउनुभयो।

सशस्त्र प्रहरी बीओपी विश्रामपुरका प्रहरी निरिक्षक सञ्जय गोइतले पनि सामान्य विवाद भएको बताएका छन्।

## मतपरिणाम...

स्थानीय तहको निर्वाचनमा काठमाडौं, ललितपुर, विराटनगर, भरतपुर, पोखरालगायत अत्यधिक मतदाता भएको क्षेत्रमा मतपरिणाम सार्वजनिक हुन १० देखि १५ दिन लागेको थियो। मतगणना सुस्त भएकोमा आयोगको आलोचना भएपछि मतगणना डेस्क बढाइएको थियो। मतगणना डेस्क बढाउँदा पनि स्थानीय तह निर्वाचनको मतपरिणाम सार्वजनिक गर्न दुई साता लागेको अनुभवबाट पाठ सिक्दै मतगणक र मतगणना डेस्कको प्रबन्ध गरिएको आयोगले जनाएको छ।

जिल्लाका मुख्य निर्वाचन अधिकृत कार्यालयलाई मतगणना डेस्क थप्न निर्देशन दिइसकेको पनि प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी दिनुभयो। मतगणना गर्ने काम मुख्य निर्वाचन अधिकृतको प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा गर्ने कानुनमा उल्लेख गरिएको छ। ऐनमा निर्वाचनको मतगणना गर्ने स्थान तोक्ने पनि जिम्मा पनि सम्बन्धित निर्वाचन अधिकृतकै हुनेछ।

कानुनतः मतगणनाको कार्य सम्पूर्ण जिम्मेवारी मुख्य निर्वाचन अधिकृतको कार्यालयको हुनेछ। मतगणनासम्बन्धी कुनै विवाद वा अदालतमा प्रश्न उठेमा पनि त्यसको प्रतिवाद गर्ने जिम्मा पनि कार्यालयको हुनेछ। 'हामीले स्रोत, साधनको उचित प्रबन्ध गरेका छौं' -प्रमुख निर्वाचन आयुक्त यादवले भन्नुभयो।

यसैबीच पहिलो चरण र दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको मतगणना एकैपटक शुरू गर्ने आयोगले तयारी गरेको छ। यसबाट पहिलो चरणमा मतदान गरेका मतदाता र उम्मेदवारले परिणामका लागि भने १० दिन कुर्नुपर्ने भएको छ।

१० मंसिरमा ३१ जिल्लाका प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गर्ने तालिका छ। २१ मंसिरमा थप ४६ जिल्लामा मतदान हुनेछ। ७७ वटै जिल्लामा निर्वाचन सकिएपछि मात्र एकसाथ मतगणना थाल्ने तयारी आयोगले गरेको छ।

पहिलो चरणको मतगणना तुरुन्तै गरिए त्यसको परिणामले दोस्रो चरणलाई असर पर्न सक्ने भन्दै आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको मतगणना सकिएपछि मात्र पहिलो चरणको मतगणना गर्ने आयोगका प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो। यस्तो तयारीमा जनशक्तिको पनि कमी रहेको आयोगले जनाएको छ।

यसअघि स्थानीय तहको निर्वाचनमा भने मतदान सकिएलगत्तै मतगणना शुरू भएको थियो। त्यति बेला पहिलो, दोस्रो र तेस्रो चरणका निर्वाचनको अवधि लामो थियो।

## समाचार संक्षेप

### 'लोकतान्त्रिक शक्ति एक हुन आवश्यक'

बैतडी, (नेस)

प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले लोकतन्त्रको रक्षाका लागि लोकतान्त्रिक शक्ति एक हुनुपर्ने बताउनुभएको छ। शुक्रबार बैतडीको पाटनमा नेपाली कांग्रेसले आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै देउवाले लोकतन्त्रको रक्षाका लागि मंसिर १० र २१ गते हुने चुनावमा नेपाली लोकतान्त्रिक गठबन्धनलाई भोट दिन आग्रह गर्नुभयो।

यहाँका नागरिकले कांग्रेसलाई साथ दिएमा अबको चुनावपश्चात् पनि आफू नै प्रधानमन्त्री हुने ठोकुवा गर्दै बैतडी डडेल्धुरालगायत पहाडी जिल्लाको विकासमा आफू लागिपर्ने बताउनुभयो। आफू प्रधानमन्त्री हुँदा यहाँका नागरिकले सबै कुरा खुलस्त भन्न सक्ने र आफू पनि ती गुनासा सुन्न तयार हुने बताउनुभयो।

अहिले देशमा एमाले र माओवादीले अधिनायकवाद लाद्न खोजेकाले मुलुकलाई जोगाउन लोकतान्त्रिक गठबन्धन आवश्यक रहेको उहाँले बताउनुभयो। कम्युनिस्टको दबाबमा बस्ने कि प्रजातन्त्रको रक्षा गर्दै स्वतन्त्र रूपमा बस्ने त्यो निर्णय जनताका हातमा रहेको उहाँले बताउनुभयो। आमसभामा बोल्दै देउवाले सुदूरपश्चिम सुन्दरपश्चिम भएकाले बैतडीको पाटनलाई स्मार्टसिटी बनाउने र पश्चिम सेतीपरियोजना र पञ्चेश्वर परियोजनाको काम अघि बढाउने प्रतिबद्धता जनाउनुभयो।

### ३३ प्रतिशत महिलाको माग गर्दै रिट दायर

काठमाडौं, (नेस)

आगामी निर्वाचनमा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता माग गर्दै महिला अधिकारकर्मी कमला थापाले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको छ।

थापाले मंसिर १० र २१ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनमा ३३ प्रतिशत महिला आरक्षण समावेश नगरिए संविधान विपरीत हुने भन्दै सर्वोच्चमा निवेदन दर्ता गराउनुभएको सर्वोच्च अदालतका प्रवक्ता नारायण पन्थीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। आइतबार थापाद्वारा दायर रिटमाथि छलफल गरिने प्रवक्ता पन्थीले जानकारी दिनुभयो।

रिटमा भनिएको छ- 'महिला अधिकार प्रवर्द्धनका लागि ३३ प्रतिशत कोटा नछुटचाइए त्यसको प्रतिकार गर्छौं। र, त्यो संविधानको मूल मर्म विपरीत भएको मानिनेछ। निर्वाचन आयोगको ध्यानाकर्षणसमेत गराउन चाहान्छौं।'

### आध्यात्मिक प्रवचन सम्पन्न

काठमाडौं, (नेस)

ब्रह्मकुमारी राजयोग सेवा केन्द्र विश्वशान्ति भवन ठमेल काठमाडौंको आयोजनामा इन्टरनेसनल क्लब, सानेपामा पेसागत जीवनमा आध्यात्मिकता विषयक प्रवचन कार्यक्रम भएको छ।

पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद शाहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पेसागत जीवनका लागि आध्यात्मिक चिन्तन बहुउपयोगी हुने विषयमा प्रशिक्षण दिइएको थियो।

कार्यक्रमका प्रमुख अतिथि पूर्वप्रधानन्यायाधीश शाहले आध्यात्मिक चिन्तनबाटै गहिरो ज्ञान प्राप्त गर्न सकिने बताउनुभयो। कार्यक्रममा ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय, अन्तर्राष्ट्रिय मुख्यालय, माउन्ट आबु, राजस्थान, भारतका अतिरिक्त महासचिव राजयोगी बह्मकुमार बृज मोहन आनन्दले प्रवचन दिनुभएको थियो। सो अवसरमा अन्य समाजसेवीको पनि सहभागिता रहेको थियो।

# मतदान अधिकृत छनोट निर्देशिका विपरीत भएको भन्दै ज्ञापनपत्र

बाजुरा, (नेस)

आसन्न मंसिर १० गते हुने पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि मतदाता अधिकृत छनोट जनशक्ति व्यवस्थापन निर्देशिका २०७४ विपरीत भएको खुलासा भएको छ। बाजुराका ७० मतदान केन्द्रका १ सय मतदानस्थलका लागि मुख्य निर्वाचन कार्यालयले निर्वाचन अधिकृत एकलौटी छनोट गरेपछि विवाद उत्पन्न भएको हो।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन जनशक्ति व्यवस्थापन निर्देशिका २०७४ को दफा १० (क) अनुसार मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई मतदान केन्द्र खटाउनुपूर्व त्यसरी खटाउने कर्मचारीको स्थायी ठेगानासमेत भएको सूची तयार गरी सो सूचीमा रहेका कर्मचारीलाई प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन अधिकारीको रोहवरमा गोला हाली विभिन्न मतदान केन्द्रमा पठाउनुपर्ने कुरा उल्लेख गरिएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयमा रहेका कर्मचारी अधिकृतले मनोमानी तथा दलगत आस्थाका आधारमा कर्माचारी छनोट गरेकामा कर्मचारी तथा शिक्षकले असन्तुष्टि व्यक्त गरेका छन्। निर्देशिका कात्तिक २७ गते आइपुगेको र निर्वाचन अधिकृत त्योभन्दा अगाडि नै छनोट गरिएको निर्वाचन अधिकृत शुभद्रा शर्मा गौतमले बताउनुभयो।

केन्द्रमा गोला प्रथाद्वारा छनोट गर्ने कानुनी व्यवस्था भए पनि निर्देशिकाको पालना नगरी मतदानदान अधिकृत छनोट गरेको भन्दै नेपाल कर्मचारी युनियन संघ र नेपाल शिक्षक संघ बाजुराले शुक्रबार सो निर्णय सच्याउनुपर्ने मागसहित मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियालाई ज्ञापनपत्र बुझाइएको शिक्षक संघ बाजुराका अध्यक्ष प्रेमराज उपाध्यायले बताउनुभएको छ।

# बनेपामा ट्रिपर आतंक भन्दै ढुंगामुढा

काभ्रे, (नेस)

अरनिको राजगमार्गको व्यस्त शहर बनेपाको तरकारी बजारमा काठमाडौंतर्फ जाँदै गरेको बा२ख ६१७३ नम्बरको ट्रिपरले विपरीत दिशातर्फबाट आएको मोटरसाईकललाई ठक्कर दिएको छ। टिपरको ठक्करबाट मोटरसाईकल चालक गम्भीर घाइते भएका छन्।

धुलिखेल नगरपालिका-२ रविओपीका माइते तामाङ भनिने विशाल तामाङ चढेको बा२६प १७२७ नम्बरको मोटरसाईकललाई ट्रिपरले ठक्कर दिएको थियो। मोटरसाईकल चालकको घटनास्थलमै मृत्यु भएको जस्तो विभत्स दृश्य देखिएपछि आक्रोशित भीडले ट्रिपर तोडफोड गरी आगो लगाउने प्रयास गरेका थिए। तामाङको उपचारका लागि धुलिखेल अस्पताल लगिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेका प्रमुख प्रहरी निरीक्षक शेखरजंग मल्लले जानकारी दिए। घाइते तामाङको अवस्था चिन्ताजनक छ। प्रत्यक्षदर्शीका अनुसार ठक्करपछि सडकबाट बाहिरिन लागिसकेका तामाङलाई ट्रिपर चालकले ट्रिपरलाई नरोकी घिसार्दै थप घाइते बनाएका थिए। ठक्करपछि बनेपाको तरकारी बजारमा जम्मा भएको भीडले प्रहरीमाथि पनि आक्रमण गरेको थियो।

तोडफोड भएको ट्रिपरलाई प्रहरीले कार्यालयमा लैजाँदै गर्दा ढुंगामुढा भएको थियो। ढुंगामुढा गर्नेहरूमध्ये केहीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। बिहीबार बिहान बनेपाको बुडोलमा बा४छ ४६१६ नम्बरको ट्रिपरले ठक्कर दिँदा पहिचान नखुलेका अन्दाजी ७० वर्षीया वृद्धको मृत्यु भएको थियो। पाँचखाल र नमोबुद्धमा समेत ट्रिपरको ठक्करले केही दिनअघि यात्रुको मृत्यु भएको थियो।

# आचारसंहिता पालना गर्ने उम्मेदवारको प्रतिबद्धता

सल्यान, (नेस)

आसन्न मसिंर २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा भाग लिएका राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले आचारसंहिता पालना गर्ने प्रतिबद्धता जनाएका छन्। जिल्ला निर्वाचन कार्यालय सल्यानले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी राजनीतिक दल र तिनका प्रतिनिधिहरूले निर्वाचन आचारसंहिता पालना गर्ने बताएका हुन्।

निर्वाचन आचारसंहिताको पालनाले निर्वाचनलाई स्वतन्त्र र मर्यादित बनाउने भएकाले निर्वाचनमा दलहरूको प्रतिबद्धता व्यावहारिक रूपमा कार्यान्वयन हुने प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरेले बताउनुभयो। कार्यक्रममा नेपाली कांग्रेस, वाम गठबन्धन, राप्रपा र स्वतन्त्र उम्मेदवारका प्रतिनिधिको सहभागिता रहेको थियो।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**डिभिजन कार्यालय, सप्तरी**

**प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**सूचना प्रकाशित मिति : २०७४/०८/०२**

यस कार्यालयबाट मिति २०७४/०३/३० मा हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार Upgrading Existing Roads in Siraha Municipality, Siraha District (pakage-3) को Invitation for Sealed Bids for the DUDBC/SAPTARI/NCB/WORKS/11-073/74 मा तपसिल बमोजिम कार्यको लागि पर्न आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मुल्यांकन गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम (४) र (५) बमोजिम निम्न मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा उल्लेखित ठेक्कासँग सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

| सि. नं. | प्राविधिक प्रस्ताव मुल्यांकनबाट छनोट भएका बोलपत्रदाता | ठेक्का नं. | कार्यको विवरण | आर्थिक प्रस्ताव खोलिने मिति, स्थान र समय |
|---|---|---|---|---|
| १. | Bajraguru Construction Company Pvt. Ltd., Sanepa, Lalitpur | DUDBC/Saptari/Work/NCB/28/2073/074 | Upgrading Existing Roads in Siraha Municipality, Siraha District (pakage-3) | मिति : २०७४/०८/०८<br>समय : दिउँसो ०१:०० बजे<br>स्थान : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सप्तरी |
| २. | Rasuwa/Roshan J.V., Janakpur-4, Dhanusha | | | |
| ३. | Rautaha/Santoshi/Kankai J.V., Ratopul, Kathmandu | | | |
| ४. | Lumbini/Mrit Sanjivani J.V., Khasibazar, Kathmandu | | | |
| ५. | Raman Construction Pvt. Ltd., Janakpur-9, Dhanusha | | | |
| ६. | Swachhanad/Kanchharam/Dev & Sayar J.V., Kathmandu | | | |

**डिभिजन प्रमुख**



# अर्थ

कुल बजार पुँजीकरण पनि २२ अर्ब ८८ करोडले बढेको हो। यससँगै नेप्सेको बजार पुँजीकरण १७ खर्ब २८ अर्ब ६८ करोडमा पुगेको छ।




JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ मंसिर २, नभेम्बर १८, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।७२ | १०४।३२ |
| युरो १ का रू. | १२२।४६ | १२३।१७ |
| पाउन्ड स्टर्लिङ १ का रू. | १३६।८४ | १३७।६३ |
| स्विस फ्रन्क १ का रू. | १०४।६२ | १०५।२२ |
| अस्ट्रलियन डलर १ का रू. | ७८।२६ | ७८।७१ |
| क्यानाडियन डलर १ का रू. | ८१।३९ | ८१।८६ |
| सिङ्गापुर डलर १ का रू. | ७६।४८ | ७६।९२ |
| जापानी यन १० का रू. | ९।२२ | ९।२७ |
| चिनियाँ युआन १ का रू. | १५।६४ | १५।७३ |
| साउदी अरब रियाल १ का रू. | २७।६६ | २७।८२ |
| कतारी रियाल १ का रू. | २८।४९ | २८।६५ |
| थाई भाट १ का रू. | ३।१६ | ३।१८ |
| सं. अरब इमिरट दिराम १ का रू. | २८।२४ | २८।४० |
| मलसियन रिङ्गिट १ का रू. | २४।९२ | २५।०७ |
| दक्षिण कारियन वन १०० का रू. | ९।४५ | ९।५१ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रू. | १२।३४ |
| डनिस क्रानर १ का रू. | १६।४६ |
| हङकङ डलर १ का रू. | १३।२८ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# तीन दिन आन्तरिक र बाह्य उडान प्रभावित हुने

दीपेन्द्र थापा, काठमाडौं

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा ललितपुरको भट्टेडाँडामा स्थापना भएका दुई वटा नयाँ राडरको परीक्षण शनिबारबाट शुरू हुने भएको छ। हवाई उडानलाई थप व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले उक्त राडार जडान भएको हो।

अमेरिकास्थित फेडरल एभिएसन एडमिट्रेसनबाट ल्याइएको विशेष जहाजले नयाँ राडरको फ्लाइट क्यालिब्रेसन गरेर परीक्षण पूरा भएपछि सञ्चालनमा आउने नागरिक उडड्यन प्राधिकरणका प्रवक्ता वीरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो। उक्त जहाज अमेरिकाबाट तीन दिन लगाएर शुक्रबार दिउँसो काठमाडौं आएको छ।

राडर परीक्षणका क्रममा तीन दिनसम्म त्रिभुवन विमानस्थलमा आन्तरिक र बाह्य उडान प्रभावित हुने प्रवक्ता श्रेष्ठले जाकारी दिनुभयो। राडरको परीक्षण गर्ने टोलीमा सहभागी हुने जापानी टोली भने सोमबारनै नेपाल आइसकेको छ। राडर जडान गरेको जापानी टोलीलाई अमेरिकाबाट ल्याइएको विशेष विमानले परीक्षण गर्दै उचित निर्देशन दिएर उपकरणलाई सञ्चालनका निम्ति योग्य बनाउन प्रतिवेदन दिने छ। जापानबाट आएको ४ सदस्य र अमेरिकाबाट आएको ५ जनाको टोलीले राडरको परीक्षण गर्ने प्राधिकरणका उपनिर्देशक तथा आयोजना प्रमुख सञ्जिवसिंह कठायतले बताउनुभयो।

देशका अधिकांश भूभागलाई समेट्ने गरी नयाँ राडर उपकरणको सञ्चालनमा आएसँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आवतजावत गर्ने सम्पूर्ण विमानको अवस्था जानकारी पाउन सहज हुने प्राधिकरणले जनाएको छ। भट्टेडाँडामा जडित 'मोनोपल्स सेकन्डरी सभिर्लियन्स राडार' ले उडानलाई थप सुरक्षित बनाउन मद्दत गर्ने दाबी गरिएको छ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा ललितपुरको भ`डाँडामा स्थापना भएका दुई वटा नयाँ राडरको परीक्षण क्रममा शनिबारदेखि तीन दिनसम्म त्रिभुवन विमानस्थलमा आन्तरिक र बाह्य उडान प्रभावित हुनेछ।

जापान सरकारको अन्तर्राष्ट्रिय नियोग (जाईकक) एवम प्राधिकरणको संयुक्त लगानीमा १ अर्ब रुपियाँको लागतमा रडार जडान भएको हो। नयाँ जडित रडारबाट पूर्वको सबै भाग र पश्चिममा सुर्खेतसम्मको विमानको गति, उचाईलगायतका जानकारी पाउन सकिने प्राधिकरणको भनाइ छ।

राडार सञ्चालनमा आएपछि नेपालको कुल भागको करिब ७५ प्रतिशत क्षेत्र रडार कभरेज अन्तर्गतपर्ने कठायतले बताउनुभयो। नेपाल समाचारपत्रसँग कठायतले भन्नुभयो- ' भट्टेडाँडाबाट सञ्चालनमा आउने रडारबाट ४ सय ५० किलोमिटर (२५० नटिकल माइल) सम्मको जहाजको सम्पुर्ण जानकारी थाहा पाउन सकिन्छ। हाल त्रिभुवन विमानस्थलको पुरानो राडरमार्फत् करिब १ सय १० किलोमिटर (६० नटिकल माइल) परको जहाजको अवस्था थाहा पाउन सकिन्थ्यो।' नयाँ राडर सञ्चालनमा आएपछि उडिरहेको जहाज बीचको दूरी घट्न जाने हुँदा सुरक्षाको दृष्टिले सुरक्षित र यसबाट हवाई उडान छिटो छरितो हुने कठायतको दाबी छ।

# विद्युत् व्यवस्थापनमा समस्या

पर्सा, (नेस)

वीरगन्ज क्षेत्रको विद्युत् माग र आपूर्ति व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरण जिम्मेवार हुन नसकेको देखिएको छ। प्राधिकरणले छपकैयामा सबस्टेसन निर्माण गरेर आपूर्तिमा सुधार गर्ने भने उक्त योजना अहिले अलपत्र परेको छ।

प्राधिकरण जिम्मेवार नहुँदा यस क्षेत्रका गार्हस्थ तथा उद्योगका ग्राहकले विद्युत् कटौतीको सामना गर्नु परेको स्थानीयले गुनासो गर्दै आएका छन्। ठेकेदार कम्पनीले सबस्टेसन निर्माण गरिसकेको भए पनि प्राधिकरणले तार (लाइन) नतान्दा आपूर्तिमा सुधार आएको छैन। छपकैयामा ४ वर्षअघि सबस्टेसन निर्माण गर्न आरके इन्टरनेशनल प्रालिसँग गरेको सम्झौता बमोजिम काम सके पनि प्रसारणलाइन कहिलेसम्म तान्ने भन्ने टुंगो लाग्न सकेको छैन।

भारतसँग जोडिएको ३३ केभी लाइनबाट आयात भएको विद्युत् सबस्टेसनमा जोडी त्यस क्षेत्रको भार व्यवस्थापन गर्ने प्राधिकरणको योजना हो। तर, लाइन निर्माण गर्न चासो नदिँदा सबस्टेसन चार्ज हुन सकेको छैन। पोखरियाबाट सबस्टेसन निर्माणस्थल छपकैयासम्म करिब २ किलोमिटर लाइन विस्तार गर्नुपर्ने देखिन्छ। बजार क्षेत्र भएकाले तार भूमिगत (अन्डर ग्राउन्ड) बनाउनुपर्छ। यसमा प्राधिकरणले चासो नै नदेखाएको ठेकेदारको गुनासो छ। 'एक वर्षअघि नै सबस्टेसन निर्माण भएको हो तर लाइन नजोडिँदा चार्ज भएको छैन, भुक्तानी पनि रोकिएको छ,' आरके इन्टरनेशनलका महाप्रबन्धक सागर लुइँटेलले भन्नुभयो।

भूमिगत काम गर्नुपर्ने हुँदा समय लागेको प्राधिकरण वितरण प्रणाली शुद्धीकरण आयोजना प्रमुख जगदिशचन्द्र जोशीले बताउनुभयो। 'आयोजना व्यवस्थापन निर्देशनालयले तार विस्तारको ठेक्का आह्वान गरेको छ। छिट्टै हामी काम पूरा गर्छौं।'-जोशीले भन्नुभयो। जोशीले निर्देशनालयबाट ठेक्का अघि बढाइएको बताए पनि निर्देशनालयका निमित्त उपकार्यकारी निर्देशक मनोज सिलवालले उक्त काम निर्देशनालयले गरेको बारे आफूलाई जानकारी नभएको बताउनुभयो। यसरी एउटै निकायका जिम्मेवार अधिकारीले फरक अभिव्यक्ति दिनुले पनि निर्माणप्रति प्राधिकरण गैरजिम्मेवारी देखिन्छ।

वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक सुनिलकुमार ढुंगेलले भने भूमिगत तार विस्तार गर्नुपर्ने हुँदा समस्या देखिएको बताउनुभयो। 'सडक विभाग, स्थानीय तथा सरोकारवालासँग समन्वय गरेर काम गर्नुपर्छ त्यसकारण पनि ढिलो भएको हो।'-उहाँले भन्नुभयो

सबस्टेसन परीक्षण र चार्ज भनएपछि प्राधिकरणले ठेकेदार कम्पनीलाई २ करोड रुपियाँ भुक्तानी समेत दिएको छैन। काम गर्दा पनि भुक्तानी रोक्नु कत्तिको जायज हो कम्पनीका एक अधिकारीले भने। देशका दर्जनौं ठाउँमा ठेकेदारले काम नगरेर समस्या उत्पन्न भएको छ। तर, यहाँ प्राधिकरण आफैं बाधक बनेको देखिन्छ।

# पञ्चशील सहकारीद्वारा खाद्यान्न वितरण




ललितपुर, (नेस)

संस्था सञ्चालन गरेको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा पञ्चशील बहुउद्देश्यीय सहकारी संस्थाले शुक्रबार रविभवनस्थित दिलशोभा श्रेष्ठद्वारा सञ्चालित आमाघरमा खाद्यान्न सामग्री हस्तान्तरण गरेको छ।

संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत समय-समयमा सामाजिक गतिविधि सञ्चालन गर्दै आइरहेको छ। यस आर्थिक वर्षमा ललितपुर, काठमाडौं र भक्तपुरमा रहेका मठ, मन्दिर सरसफाई सम्पन्न गरेको छ।

संस्थाका सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमिति र सम्पूर्ण कर्मचारीको उपस्थितमा खाद्यान्न सामग्री हस्तान्तरण कार्यक्रम सम्पन्न भयो। आमाघरको तर्फबाट मन्तव्य राख्दै दिलशोभा श्रेष्ठले आफ्नो पिताको प्रेरणाले बृद्ध, आमा, बुवाको सेवामा समर्पित भएको बताउनुभयो। संस्थाको तर्फबाट कार्यकारी अध्यक्ष राजु खतिवडाले विगत लामो समयदेखि पञ्चशील बहुउदेश्यीय सहकारी संस्था लिमिटेडले सामाजिक कार्य गर्दै आइरहेको जानकारी दिनुभयो। आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न गतिविधि गर्दै जाने जानकारी दिनुभयो।

# सुधारिन लागेको बजार फेरि ओरालोतर्फ

नेपाल समाचारपत्र

काठमाडौं

दुई सातापछि सुधार देखिएको शेयर बजार यस साता २८ दशमलव ३३ अंकको सुधारिएको छ। साताका पहिलो तीन दिन बजार उकालो लाग्दा नेप्से परिसूचक बढेको हो।

दुई साता लागेको बजार तेस्रो साता भने सकारात्मक रह्यो। बजार परिसूचकमा साताको पहिलो दिन आइतबार १६ दशमलव ४१ अंकको सुधार आउँदा बजार फर्किने संकेत देखाएको थियो। त्यसपछि बजार लगातार दुई दिन सुधारको बाटोमा लाग्यो। सोमबार बजार १३ दशमलव ७४ अंकले बढेको थियो भने मंगलबार पनि बजार २५ दशमलव १४ ले बढेको थियो। तर, बुधबार र बिहीबार भने सकारात्मक हुन सकेन। ती दुई दिन बजार क्रमश: १२ दशमलव ७७ र १५ दशमलव ७३ अंकले घटेको थियो।

नेप्से परिसूचक बढ्दा यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा २ दशमलव ५८ अंकले घटेर ३ सय १३ दशमलव १२ अंकमा आइपुगेको छ। परिसूचकमा सुधार आउँदा यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) २३ अर्ब रुपियाँले बढेको छ। तीन कारोबार दिन शेयर बजार धनात्मक रहँदा कुल बजार पुँजीकरण पनि २२ अर्ब ८८ करोडले बढेको हो। यससँगै नेप्सेको बजार पुँजीकरण १७ खर्ब २८ अर्ब ६८ करोडमा पुगेको छ।

साताको आइतबार १ हजार ४ सय ६० दशमलव ७३ अंकबाट शुरू भएको शेयर बजार बिहीबार १ हजार ४ सय ८९ दशमलव शून्य ६ अंकमा आइपुगेको हो।

यस साता कारोबारमा आएका १० मध्ये ८ समूहमा सुधार आउँदा समग्र बजार परिसूचक उकालो लागेको हो। परिसूचकमा भारि गिरावट आउँदा भने यस साता अघिल्लो साताको तुलनामा कारोबार रकम भने बढेको छ। यस साता २ अर्ब ९२ करोड ५ लाख १५ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। सो क्रममा नेपाल स्टक एक्सचेन्जमा १ सय ८० कम्पनीका ६८ लाख २७ हजार ६ सय ८० कित्ता शेयर किनबेच भएका थिए। सातभरि कूल २९ हजार ३ सय ३० कारोबार भएका थिए। कारोबार रकम अघिल्लो साताको तुलनामा १५ दशमलव ६ प्रतिशत बढी हो। अघिल्लो साता बजारमा १ सय ७९ कम्पनीका ६० लाख ५९ हजार कित्ता शेयर २ अर्ब ५२ करोड ६४ लाख ९० हजार रुपियाँको कारोबार भएको थियो।




यस साता क्याल्कुलेसन भएका ९ मध्ये ७ समूहको उपसूचक बढेका थिए। बढ्नेमध्ये सबैभन्दा धेरै जलविद्युत् समूहको परिसूचकमा ९२ दशमलव १२ अंकको सुधार आयो।

त्यस्तै बीमा र उत्पादनमूलक बैंक समूहका परिसूचकमा क्रमश: ७३ दशमलव १८ र ७० दशमलव ९१ अंकले बढे। बैंकिङ र विकास बैंक समूहका परिसूचक क्रमश: ३१ दशमलव ८१, २६ दशमलव ४४ र ७ दशमलव ३४ अंकले उकालो लागे। वित्त समूहको परिसूचक पनि शून्य दशमलव ८९ अंकले उकालो लाग्दा होटल र ट्रेडिङ समूह क्रमश: १९ दशमलव ३८ र ४ दशमलव ४८ अंकले ओरालिए।

यस साता कारोबार रकमको आधारमा चिलिमे हाइड्रोपावर कम्पनी अग्रस्थानमा रह्यो। कम्पनीको कूल १६ करोड १९ लाख ९० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको हो। त्यस्तै प्रभु बैंक लिमिटेड संस्थापकको संस्थापक शेयरको १२ करोड ६२ लाख ८० हजार रुपियाँ, गुराँस लाइफ इन्स्योरेन्स कम्पनीको संस्थापक शेयरको ११ करोड २४ लाख ३० हजार रुपियाँ, स्ट्यान्डर्ड चार्टर्ड बैंकको १० करोड ७६ लाख रुपियाँ र नेपाल दूरसञ्चार कम्पनीको ९ करोड ३८ लाख ५० हजार रुपियाँ बराबरको शेयर कारोबार भएका थिए।

कारोबार भएको शेयर संख्याको आधारमा प्रभु बैंकको संस्थापक शेयरले शीर्ष स्थान ओगटेको छ। यस साता बैंकका ६ लाख ९८ हजार कित्ता संस्थापक शेयर कारोबार भएका थिए। साथै कारोबार संख्याको आधारमा नेपाल ग्रामीण विकास बैंक अग्रस्थानमा रह्यो छ। कम्पनीका कूल १ हजार ६ सय ९ वटा कारोबार भएका थिए।

यस साता पनि नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँचै दिन खुला रह्यो। गत हप्ता ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन।

साताभरि ६ कम्पनीका शेयर र ६ वटा विकास ऋणपत्र नेप्सेमा सुचीकृत भए। सूचिकृत हुनेमा सनराइज बैंकको ७ लाख १० हजार ७ सय ९ कित्ता, कन्काई विकास बैंकको ३२ लाख १० हजार कित्ता, गुडविल फाइनान्सको २७ लाख २२ हजार ५ सय कित्ता तथा कामना सेवा विकास बैकका २४ लाख १३ हजार १ सय ३७ दशमलव ६ कित्ता हकप्रद शेयर नेप्सेमा सूचीकृत भए। त्यस्तै नेप्सेमा सूचीकृत हुने अन्य शेयरमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनीका १२ लाख ४० हजार ४ सय कित्ता र नेपाल इन्स्योरेन्स कम्पनीको १ लाख ४३ हजार ८ सय ४ दशमलव १ कित्ता बोनस शेयर रहेका छन्। यस साता साधारणतर्फ २८ करोड १४ लाख कित्ता बराबरका ६ वटा विकास ऋणपत्र पनि नेप्सेमा सूचीकृत भएको नेप्सेले जनाएको छ।

{ वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश शर्माले सरकारीको पूर्वाग्रहीको उपज भएको आरोप लगाउनुभयो। सरकारले नै वीरगन्जको आर्थिक विशिष्टतालाई ओझेलमा पार्ने उद्देश्यले अन्य नाकालाई बढावा दिएको छ,' अध्यक्ष शर्माले भन्नुभयो। यो नाकाबाट घट्दो व्यापार यसको शुरुआती संकेतमात्र भएको दाबी उहाँले गर्नुभयो।

# अर्थ

## PRESS RELEASE

### सामसुङद्वारा तालिम प्रदान




काठमाडौं, (नेस)

सामसुङ इलेक्ट्रोनिक्सले सामसुङ इम्प्लोई भोलेन्टियर प्रोग्राम आयोजना गरेको छ। कम्पनीले नेपाली युवालाई सूचना प्रविधिको क्षेत्रमा प्रशिक्षण दिने उद्देश्यसहित सामाजिक उत्तरदायित्व परियोजनाअन्तर्गत सो कार्यक्रम आयोजना गरेको हो।

सामसुङले आयोजना गरेको यस कार्यक्रममा प्रशिक्षण दिन कोरियाबाट २६ जनाको टोली नेपाल आएका थियो। कार्यक्रममा महिला उद्यमशीलतालाई सहयोग गर्ने उद्देश्यसहित, सामसुङ टिमले उनीहरूको लागि ग्राफिक डिजाइनिङ र फोटोसप सम्बन्धी विशेष तालिम पनि प्रदान गरेको थियो। यसबाट महिला उद्यमशीलताको मात्र विकास नभएर उनीहरूको भावी जीवन नै विशेष उपलब्धिपूर्ण हुने विश्वास कम्पनीले लिएको छ।

त्यस्तै सामसुङ टिमको प्राविधिक समूहले नेपालका करिब १ सय विद्यार्थी र विभिन्न ७ वटा स्कुलका १० जना कम्प्युटर शिक्षकलाई पनि प्रशिक्षण दिएको थियो। यसबाट करिब ७ हजारभन्दा धेरै विद्यार्थी लाभान्वित हुने विश्वास कम्पनीले लिएको छ। कार्यशाला नोभेम्बर गत शनिबारदेखि शुक्रबारसम्म ज्ञान सिन्धु एकेडेमी सञ्चालन गरिएको थियो। त्यसमा एचटीएमएल, एक्सेल, पावर प्वाइन्टसम्बन्धी विभिन्न तालिम दिइएको थियो। नयाँ पुस्तालाई प्राविधिक रूपमा सक्षम बनाउने उद्देश्यसहित सामसङले ५ वटा विद्यालयमा स्मार्ट कक्षाको स्थापना पनि गरेको छ।

### आउटरिच साउथ एसिया एजेन्सीको अन्तिम चरणमा

काठमाडौं, (नेस)

नेपालको विज्ञापन एजेन्सी आउटरिच नेपाल लगातार तेस्रोपटक साउथ एसिया इण्डिपेन्डेन्ट एजेन्सी अफ द एयरको अन्तिम चरणमा प्रवेश गरेको छ।

औद्योगिक समूहको स्तरलाई उकास्नमा अहम् भूमिका निर्वाह गर्न एवम् व्यावसायिक कार्य क्षमतामा उत्कृष्टता प्रस्तुत गरेवापत विज्ञापन एजेन्सी र व्यक्ति विशेषलाई उक्त अवार्ड प्रदान गरिँदै आएको छ। विगत २ दशकमा क्याम्पेन एसिया प्यासिफिक एजेन्सी अफ द एयर अवार्डले एसिया प्यासिफकको विज्ञापन र सञ्चार उद्योग क्षेत्रका उत्प्रेरक नेतृत्वकर्ताहरू तथा उत्कृष्ट व्यवस्थापकलाई सम्मान गर्दै आएको छ।

यस अवार्डको उद्देश्य यस क्षेत्रको उत्कृष्ट कार्य गर्ने विज्ञापन एजेन्सीलाई सम्मानित गर्नु हो। एजेन्सीहरू साना या ठूला जुनैलाई पनि सहभागी बनाउने गरी तयार पारिएको यस स्पर्धामा स्थानीय बजार र क्षेत्रको परिधिभित्र प्रतिभालाई चम्काएकाहरूलाई एसिया प्यासिफिकको स्तरमा समेत मान्यता दिने अवसर दिइने गरिन्छ। गतवर्ष आउटरिच नेपालले मुम्बईमा आयोजित साउथ एसिया इण्डिपेन्डेन्ट एजेन्सी अफ द एयर २०१६ को संस्करणमा जित हात पार्न सफल भएको थियो।

### तारा एयरद्वारा खुम्बु क्षेत्रको फोहोर व्यवस्थापन




काठमाडौं, (नेस)

कर्पोरेट सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रमअनुसार तारा एयरले सगरमाथा पोल्युसन कन्ट्रोल कमिटी (एसपीसीसी) र लुक्लामा आधारित हिमालयन क्लबसँगको सहकार्यमा खुम्बु क्षेत्रको फोहोर व्यवस्थापन गरेको छ।

यस क्षेत्रको वातावरणीय गुणस्तर सन्तुलनका लागि तारा एयरले एसपीसीसी र हिमालयन क्लबको सहकार्यमा करिब ११ हजार किलोग्राम नकुहिने फोहोर, ९ उडान सञ्चालन गरी लुक्ला विमानस्थलबाट उठाएको जनाएको छ। एयरलाइन्सद्वारा प्रायोजित यो सेवाको लागत १० लाखभन्दा बढी रहेको एयरलाइन्सले विज्ञप्तिमार्फत् जानकारी दिएको छ।

सन् २०१६ मा यस्तै फोहर व्यवस्थापन कार्यक्रममार्फत् सोलुखुम्बु क्षेत्रबाट एयरलाइन्सले १२ हजार किलोग्राम फोहर व्यवस्थापन गरेको थियो।

### इमामीले विविध कार्यक्रम गर्ने

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय पुरुष दिवको उपलक्ष्यमा इमामी लिमिटेड नेपालले 'हि मेन्स डे' आयोजना गर्न लागेको छ। कम्पनीले एक अर्काको भावनाको कदर गर्न सिकौं भन्ने भावना विकासको लागि भन्दै यस वर्ष नेपालमा पहिलोपटक यस्तो कार्यक्रमको आयोजना गर्न लागेको हो।

पुरुषलाई सम्मानार्थ 'पुरुषलाई माया देखाऔं' भन्ने नारासहित उक्त कार्यक्रम काठमाडौं दरबार स्क्वायरको मखखन चोकमा आयोजना गर्न लागिएको हो। सो सांगीतिक कार्यक्रमको आयोजना गरी देशभरिका विभिन्न रेडियोमा 'हि मेन्स एन्थम' नाम एक गीतको विमोचन गर्न लागिएको छ। कार्यक्रम काठमाडौं महानगरपालिकाको २५ वडा युवा क्लबको व्यवस्थापनामा अपरान्ह १ बजेदेखि साँझसम्म सञ्चालन हुनेछ।

# ६ प्रतिशतले मात्रै तिर्छन् कर

नेपाल समाचारपत्र

काठमाडौं

कुल जनसंख्याको ६ दशमलव १४ प्रतिशत अर्थात १६ लाख ३४ हजार जनताले मात्र कर तिर्ने गरेका छन्। वार्षिक रूपमा करको दायरा बढ्दै गए पनि सोही अनुपातमा करदाता भने बढ्न नसकेको देखिएको छ।

छैठौं कर दिवसका अवसरमा शुक्रबार आन्तरिक राजस्व विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार गत आर्थिक वर्षमा २६ प्रतिशतले वृद्धि भएको देखिन्छ। तर, करको दायरामा थपिएका व्यक्ति तथा संस्थाको संख्या भने सोही अनुपातमा बढ्न सकिएको देखिँदैन। विभागले पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाअनुसार थप १ लाख करदातालाई करको दायरामा ल्याउने लक्ष्य राखेको छ। तर, पछिल्ला आर्थिक वर्षका थपिएका करदाताको तुलना हेर्दा उक्त लक्ष्य पूरा गर्न सक्ने देखिँदैन।

कर दिवसका अवसरमा नेपाल सरकारका मुख्यसचिव लोकदर्शन रेग्मीले करको मात्रामा नभई दायरामा वृद्धि गर्न पहल गर्नुपर्नेमा जोड दिनुभयो। 'कर प्रणाली सुधार गर्न अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामुलक करदाता शिक्षा, र अन्तर्राष्ट्रिय मापदण्डमा आधारित कर प्रणाली स्थापना गरी करको दायरा बढाउन सकिन्छ।'-मुख्यसचिव रेग्मीले भन्नुभयो।

आन्तरिक राजस्व असुली लक्ष्य २ खर्ब ३३ अर्ब ६० करोड १५ लाख रुपियाँ रहेकोमा २ खर्ब ५८ अर्ब १७ करोड ४९ लाख रुपियाँ असुल भएको देखिन्छ। तुलनात्मक रूपमा कर बढेको देखिए पनि करदाताको संख्याको वृद्धि अनुपात कम देखिन्छ। अर्थ मन्त्रालयका सचिव शंकर अधिकारीले करदाताको संख्यामा वृद्धि गर्न राजनीतिक संक्रमणको अन्त्यसँगै प्रशासनिक पुर्नसंरचना र वित्तीय पुर्नसंरचनामा मुलुक जानुपर्ने बताउनुभयो। अधिकारीले कर कानुनलाई सुधार गर्नुपर्ने, केन्द्रीय राजस्व बोर्डको गठन गर्नुपर्ने तथा अन्तर सरकारी वित्त हस्तान्तरणलाई प्रमुख मुद्दा बनाइनुपर्ने बताउनुभयो।

आन्तरिक राजस्व विभागका महानिर्देशक किशोरजंग कार्कीले गुणस्तरीय कर मूल्यांकनका लागि करको दायरामा विस्तार, कर प्रणालीमा आधुनिक सूचना प्रविधिको प्रयोग र विद्यमान कर प्रणालीलाई आधुनिक गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो।

त्यसैगरी नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले कर तिर्नमा शून्य सहनशीलताको सिद्धान्त स्वीकार्य भएको तर करदातालाई राज्यले उचित सम्मान गर्नुपर्ने बताउनुभयो। नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष शेखर गोल्छाले ९५ प्रतिशत उद्योगी व्यापारीले कर तिर्न चाहेको र करसँग सम्बन्धित निकायले अनुगमन गर्ने मात्र नभई समन्वय पनि गर्नुपर्ने बताउनुभयो। राजस्व न्यायाधीकरणमा ५० प्रतिशत र प्रशासकिय पुनरावलोकनमा धरौटी राख्नुपर्ने व्यवस्थालाई हटाउनुपर्नेमा गोल्छाले जोड दिनुभयो। कर निरूपणका लागि स्थापी प्रकृतिको कुनै एक संस्था गठन गरिनुपर्ने र राजस्व न्यायाधीकरण ऐन २०३१ मा आवश्यक संशोधन गर्न पनि उहाँले आवश्यकता औंल्याउनुभयो।

करदाता शिक्षाको अभावमा कतिपय दुर्गम क्षेत्रका उद्योगी व्यवसायीहरूले दण्ड जरिवानासहित कारबाही भोगिरहेको भन्दै करका बारेमा निकै तल्लो तहसम्म बहस गरिनुपर्ने गोल्छाले बताउनुभयो।

### केन्द्रीय बिजक अनुगमन प्रणाली लागू

कर दिवसकै अवसरमा शुक्रबारबाटै आधिकारिक रूपमा केन्द्रीय बिजक अनुगमन प्रणालीको पनि शुरू गरिएको शुरूवात गरिएको छ। कम्प्युटर सफ्वेयरमा आधारित उक्त प्रणालीबाट कर तिर्दा विभागलाई रियल टाइम विलिङका बारेमा जानकारी हुने विभागका महानिर्देशक किशोरजंग कार्कीले बताउनुभयो।

उक्त प्रणालीमा जोडिएका मुलुकभरीका करदाताको जानकारी केन्द्रीय कार्यालयमा उपलब्ध हुनेछ भने करको पारदर्शितामा पनि ठूलो सहयोग पुग्ने कार्कीले बताउनुभयो।

### ठूला करदाता सम्मानित

छैठौं कर दिवसको अससरमा गतवर्ष आयकरमा बढी कर तिर्ने विभिन्न व्यक्ति तथा संस्थालाई सम्मान गरिएको छ। गत आर्थिक वर्षमा सूर्य नेपाल प्रालिले सबैभन्दा बढी आयकर तिरेको छ। सूर्य नेपाल गतवर्षको पनि सबैभन्दा ठूलो आय करदाता कम्पनी हो।

व्यवसायी सिद्धार्थ शमशेर जबरा चौंथोपटक सबैभन्दा बढी व्यक्तिगत आयकर तिर्ने करदाता बन्नुभएको छ। जबरा सिप्रदी ट्रेडिङ लिमिटेडका कार्यकारी अध्यक्ष हुन। व्यापार र व्यवसायतर्फ धेरै आय कर तिर्ने कम्पनीका रूपमा पनि राणाकै कम्पनी सिप्रदी ट्रेडिङ सम्मानित भएको छ।

सबैभन्दा बढी आयकर तिर्ने निर्यातकर्ता कम्पनीका रूपमा भर्सन्ड टेक्नोलोजी देखिएको छ। त्यस्तै राष्ट्रिय बिउबिजन कम्पनी कृषि तथा पशुपंक्षी क्षेत्रतर्फ उत्कृष्ट आयकरदाताका रूपमा ठहरियो। विशेष उद्यमशीलता क्षेत्रमा हिमाल पावर लिमिटेड, सूचना प्रविधि क्षेत्रमा वर्ल्ड लिंक प्रालि, पर्यटन व्यवसायमा टाईगर टप्स प्रालि र स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा त्रियोग उच्च माध्यामिक विद्यालयले सबैभन्दा बढी कर तिरेको छ। सबैभन्दा बढी मूल्यअभिवृद्धि कर (भ्याट) तिर्ने कम्पनीको सम्मान पवनकुमार इन्टरनेशनलले पाएको छ।

यसैगरी सहकारीतर्फ राष्ट्रिय सहकारी बैंक, बैंक वित्तीय संस्था तथा लघु वित्ततर्फ हिमालयन बैंक उत्कृष्ट आय करदाताको रूपमा सम्मानित भएका छन। मझौला करदातामा गोर्खा डेभलपमेन्ट बैंक र डा. उपेन्द्र देवकोटा उत्कृष्ट करदाता बन्नुभएको छ।




छैठौं कर दिवस अवसरमा पुरस्कृत उत्कृष्ट करदाता।

तस्वीर : मोनिका मल्ल/काठमाडौं

**कर दिवसमा पुरस्कृत कम्पनी तथा व्यक्तिहरू**

| | |
|---|---|
| सबैभन्दा बढी आयकर तिर्ने कम्पनी | सूर्य नेपाल प्राईभेट लिमिटेड |
| निर्यातकर्ता कम्पनी | भर्सन्ड टेक्नोलोजी |
| विशेष उद्यमशीलता क्षेत्र | हिमाल पावर लिमिटेड |
| कृषि एवं पशुपंक्षी क्षेत्र | राष्ट्रिय बिउ बीजन कम्पनी |
| स्वास्थ्य तथा शिक्षा क्षेत्र | त्रियोग उमावि |
| पर्यटन क्षेत्र | टाइगर टप्स प्राईभेट लिमिटेड |
| सूचना प्रविधि क्षेत्र | वर्ल्ड लिंक प्राइभेट लिमिटेड |
| व्यापार व्यवसाय | सिप्रदी ट्रेडिङ कम्पनी |
| बैक, वित्तीय संस्था तथा लघुवित्त | हिमालय बैंक लिमिटेड |
| सहकारी क्षेत्र | राष्ट्रिय सहकारी बैंक लिमिटेड |
| साना करदातामा | डा. उपेन्द्र देवकोटा |
| मझौला करदाता | गोर्खा डेभलपमेन्ट बैंक लिमिटेड |
| व्यक्तिगत आयकर | सिद्धार्थ शमसेर जवरा |

# हस्ताकलामार्फत् गरिबी निवारणमा जोड

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल हस्तकला महासंघको आयोजनामा भृकुटीमण्डपमा १५औं हस्तकला व्यापार मेला शुरू भएको छ। पाँच दिनसम्म चल्ने मेलामा हस्तकलाबाट निर्मित सामग्रीहरूको प्रदर्शनी गरिएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले मेला उद्घाटन गर्दै मुलुकको आर्थिक विकासका लागि हस्तकलाका सामग्रीको प्रचारप्रसारमा जोड दिएर निर्यात गर्नु बताउनुभयो। उहाँले हस्ताकलाको विकासले मात्र देशको आर्थिक समृद्धि र गरिबी निवारणमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति भण्डारीले परम्परागत हस्तकलाका ज्ञान र सीपलाई प्रवर्द्धन गरी युवा उद्यमशीलतालाई आकर्षण गर्नुपर्ने र जसले गर्दा हस्तकलाका सीप र कलाले अन्तर्राष्ट्रिय जगतमा नेपालको पहिचान पुऱ्याउन सहयोगी बन्ने बताउनुभयो। कार्यक्रममा उत्कृष्ट हस्तकलाका निर्यातकर्तालाई प्रमाणपत्रसमेत वितरण गर्नुभयो।

२ सय ५० भन्दाबढी स्टल रहेको मेलामा काष्ठकला, धातुकला, सुनचाँदी, फेल्टका सामान, ऊनी तथा सुती, ढाकाका सामान, पश्मिना, हाते कागजका सामान, छालाजन्य सामान, प्राकृति करेसा र बाँसका सामानका साथै जडिबुटी, अर्थोडक्स चियालगायतका वस्तु प्रदर्शनीमा राखिएका छन्। महासंघको निवर्तमान अध्यक्ष तथा मेला आयोजक समितिको संयोजक हेमरत्न शाक्य जानकारी दिनुभयो।

मेलामा करिब १ लाख आगन्तुक आउने अनुमान गरिएको छ भने १० करोडभन्दा बढीको व्यापार हुने आशा गरिएको छ। विद्यार्थीलाई ५० प्रतिशत सहुलियतको व्यवस्था र वृद्धवृद्धालाई नि:शुल्क गरिएको छ। मेला अवलोकन गर्नको लागि प्रवेश टिकटको ५० रुपियाँ निर्धारण गरिएको छ। १० हजार मान्छेको लागि टिकट नि:शुल्क गरिएको महासंघले जनाएको छ। मेला अवधिभर विभिन्न स्वदेशी एवम् विदेशी क्रेता र बिक्रेता फर्म, कम्पनीबीच छलफल पनि आयोजना गरिने भएको छ।



१५औं हस्तकला प्रदर्शनीका अवसरमा पुरस्कार वितरण गर्नुहुँदै राष्ट्रपति विद्यादेवी भण्डारी।

तस्वीर : विष्णुराज श्रेष्ठ/काठमाडौं

# वीरगन्ज नाकाबाट व्यापार ओरालो लाग्दै

वीरगन्ज, (नेस)

मुलुककै मुख्य नाकामा रहेको वीरगन्ज भन्सारबाट हुने कुल वैदेशिक व्यापार वर्षेनी ओरालो लागेको छ।

आर्थिक वर्ष २०७२/७३ मा भएको मधेस आन्दोलन र नाकाबन्दीले घटेको व्यापार त्यसयता सुध्रिने अपेक्षा गरिए पनि तथ्य भने फरक देखियो। बितेको वर्ष आयात निर्यातको अंक बढे पनि समग्र व्यापारमा यो नाकाको कारोबार तुलनात्मक घट्न पुगेको हो। मधेस आन्दोलन र त्यसयता वैदेशिक व्यापारमा देखिएका अनेक अवरोधका कारण मुख्य नाकाको व्यापारमा कमी आएको सरोकारवालाले बताएका छन्। वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत सेवन्तक पोखरेलले विगतमा मधेस अन्दोलनताका अन्य नाकातिर केन्द्रित भएको व्यापार नफर्किएकाले वीरगन्ज भन्सारबाट हुने कारोबारमा कमी देखिएको बताउनुभयो।

गत आर्थिक वर्ष २०७३/७४ मा यो नाकाबाट ३ खर्ब ३५ अर्ब रुपियाँबराबरको मालसामान भित्रिएको छ। यो परिमाण त्यसअघिका २ वर्षको आयातभन्दा बढी भए पनि कुल आयातमा यसको योगदान प्रतिशत भने न्यून छ। विगत वर्षको आयात आर्थिक वर्ष २०७१/७२ को भन्दा २३ अर्ब रुपियाँले बढी देखिए पनि कुल आयातको ३४ प्रतिशतमात्रै हो। आर्थिक वर्ष २०७१/७२ मा वीरगञ्ज भन्सार हुँदै भित्रिएको मालबस्तुको मूल्य कुल आयातमा झण्डै ४० प्रतिशत थियो। निर्यात कारोबारमा पनि वीरगन्ज नाकाको योगदानमा कमी आएको तथ्याक्रले देखाउँछ। भन्सार विभाग र वीरगन्ज भन्सारको तथ्याक्र अनुसार आर्थिक वर्ष २०७२/७३ मा पनि यो नाकाबाट आयातनिर्यात स्वात्तै घटेको छ। त्यो वर्ष मधेसवादी दलले संविधानको विरोधमा भदौदेखि माघसम्म गरेको वीरगन्ज केन्द्रित बन्द हड्ताल र नाकाबन्दीका कारण वीरगन्जबाट हुने आयात अन्य नाकातिर गएको थियो।

आर्थिक वर्ष २०७२/७३ मा १ खर्ब ८२ अर्ब र निर्यात ९ अर्ब रुपियाँको आयात भएको थियो। त्यसवर्ष सबैभन्दा बढी १ खर्ब ८६ अर्ब रुपियाँबराबरको आयात भैरहवा भन्सारबाट भएको थियो। 'बन्द हड्ताल र नाकाबन्दीका कारण त्यसबेला भैरहवा भन्सारतिर केन्द्रित भएको गाडीको आयात यता नफर्किएकाले वीरगन्जको आयात कम देखिएको हो,' भन्सार प्रमख पोखरेलले भन्नुभयो। अहिले तेस्रो मुलुकबाट आयातित गाडी वीरगन्जबाट भित्रिए पनि भारतबाट ल्याइने अधिकांश गाडी भैरहवा नाकाबाट आउने गरेको भन्सार अधिकारीहरू बताउँछन्।

वीरगन्जमै रहेको सुक्खा बन्दरगाहबाट पनि आयात कारोबारमा कमी आएको छ। आर्थिक वर्ष २०७२/७३ मा वीरगन्ज भन्सारसमेतको केही आयात केन्द्रित हुँदा कुल आयात व्यापारमा १२ प्रतिशत पुगेकोमा विगत वर्ष ११ प्रतिशतमा खुम्चिएको विभागको तथ्यांकमा उल्लेख छ। वीरगन्जका उद्यमी व्यवसायी वीरगन्ज नाकाबाट हुने व्यापारमा आएको गिरावटले चिन्तित देखिएका छन्।

# नेपालको यात्रा सेमिफाइनलसम्म

काठमाडौं, (नेस)

नेपाली युवा क्रिकेट टोली मलेसियामा जारी एसीसी यु १९ एसियाकपअन्तर्गत सेमिफाइनलबाटै बाहिरिएको छ।

शुक्रबार भएको सेमिफाइनल खेलमा नेपाल अफगानिस्तानसँग ७ विकेटले पराजित भएको हो। नेपालले अफगानिस्तानलाई १ सय ४ रनको लक्ष्य दिएको थियो।

अफगानिस्तानले २०.३ ओभरमा तीन विकेटको क्षतिमा सो लक्ष्य सहजै भेटाएर नेपालको यात्रा समाप्त पार्‍यो। अफगान टोलीका ओपनर रहमानुल्लाह गुर्बाजले ७१ रन बनाएका थिए। नेपाली बलरमा सन्दीप लामिछानेले दुई तथा कमल सिंह ऐरीले एक विकेट हात पारे।

समूह चरणमा ३ पटकको च्याम्पियन भारतलाई हराएर ऐतिहासिक सफलता हासिल गरेको नेपालले अफगानिस्तानको बाधा तोड्न सकेन।

यसै वर्ष पनि यु १९ विश्वकप छनोटअन्तर्गत एसिया समूहमा नेपाल अफगानिस्तानसँग नराम्रोसँग हारेको थियो। सो छनोटमा अफगानविरुद्ध दुई खेलमा नेपालले क्रमशः नेपाल ४९ रन र ९९ रन मात्रै बनाउन सकेको थियो।

टस हारेर ब्याटिङ गरेको नेपालले २८ ओभरमै सबै विकेट गुमाएर केवल १ सय ३ रन बनायो। टोलीका लागि अनिलकुमार शाहले ५० रन बनाउनु नै नेपालको इज्जत बचेको थियो। जबकी अन्य खेलाडीले दोहोरो अंक बनाउनसमेत असफल भए। नेपाली खेलाडीहरू अफगान बलर मुजीब उर रहमानको घातक बलिङसामु चल्न सकेनन्। रहमानले ६ विकेट लिएका थिए।

# वाकओभरमा एभरेस्टको जित

काठमाडौं, (नेस)

कोकाकोला कप अन्तरस्कुल फुटबल प्रतियोगिताको अन्तिम चरणअन्तर्गत शुक्रबार भएको खेलमा एभरेस्ट सेकेन्डरी एकेडेमी (सर्लाही) ले जित हात पारेको छ। एभरेस्टले रूपन्देहीको जनज्योति सेकेन्डरी स्कूलले वाकओभर दिएपछि सहजै जित हात पारेको हो। अर्को खेलमा बाल गीताञ्जली स्कूलले कैलालीको सैनिक आवासीय महाविद्यालयलाई १-० गोलअन्तरले पराजित गरेको थियो। यसैगरी मोरङको भानुभक्त मेमोरियल बोर्डिङ स्कूलले अर्किड एकेडेमी (नुवाकोट) लाई २-१ ले पन्छाएको थियो। अर्को खेलमा दाङको मिडवेस्टर्न पुलिसले झापाको श्री चन्द्रज्योति स्कुलसँग १-१ बराबरी खेलेको थियो।

Coca-Cola CUP
NEPAL 2074
Watch LIVE at ANFA Complex Satobato





राखेप च्याम्पियनसिपअन्तर्गत १४औं लनटेनिस राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्दै इरा रावत। आर्मीकी इराले शुक्रबार प्रतियोगिताको चौथो चरणमा एपीएफकी इन्द्रकला श्रेष्ठलाई ६-०, ६-० ले हराएकी हुन्।
तस्वीर : उजोल डंगोल, काठमाडौं

## आर्मीको जित

काठमाडौं, (नेस)। प्रधानसेनापति पाँचौं अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताअन्तर्गत उद्घाटन खेलमा त्रिभुवन आर्मी महिला टिमले पश्चिमाञ्चल महिला टिमलाई १२–० गोल अन्तरले हराएको छ। विजेता टोलीकी कृष्णा खत्रीले ७ गोल गरेकी थिइन्।

## कान्जिरोवा क्वाटरफाइनलमा

काठमाडौं, (नेस)। आयोजक कान्जिरोवा नेसनल स्कुल प्रथम कान्जिरोवा कप थ्री बाइ थ्री अन्तरविद्यलय बास्केटबल प्रतियोगिताको ब्वाइजमा शुक्रबार क्वाटरफाइनलमा प्रवेश गरेका छन्। कोटेश्वरस्थित घरेलु कोर्टमा कान्जिरोवाले ग्रामरलाई ११-७ तथा प्रिमियर इन्टरनेसनललाई १४-८ ले पराजित गर्‍यो।

## धरहरा

### आश्वासनको चाङ



विविध शैलीका साथ दलका नेता चुनावी चटारोमा जुटेका छन्। दलहरू आ-आफ्नै दावीका चुनावी नतिजाको अंक गणित सार्वजनिक गरिरहेका छन्। शहरमा खानेपानीको नारा पुरानै भइसक्यो, मोनो रेल, मेट्रो रेल, सुरुङ मार्ग, फ्लाई ओभरजस्ता विकल्पका साथ ट्राफिक समस्या समाधान गर्ने आश्वासन पनि शहरबासीले सुनेको धेरै भयो।

अनि गाउँ-घरमा विद्युतीकरण, सडक निर्माण र स्तरउन्नति, उद्योग कलकारखाना स्थापनासँगै बेरोजगारी समस्या समाधानका कुरा पनि मतदाताका लागि नयाँ होइनन्। पुराना आश्वासन अझै किन, भनेर मतदाताले नेतालाई प्रश्न गर्दासमेत विगतकै आश्वासन दोहोरिन छोड्या छैन। मतदाता टाठो भइसकेका प्रष्ट रूपमा बुझेका नेताले यसपटकदेखि भन्न थाल्या छन्- 'यो प्रदेशको राजधानी फल्ना ठाउँमा हुनुपर्छ, त्यो म बनाएरै छोड्छु।'

धरहराले मुलुकको पूर्वी भेगतर्फ दुरविन सोझ्याउँदा प्रदेशको राजधानी बनेपछि विकासले फड्को मार्ने आश्वासनको लामो चाङ फेला पार्‍यो। अलग पार्टीको मात्र होइन, एउटै पार्टीका नेतापिच्छेको फरक दावी सुनिन्छ, धनकुटा, कसैको धरान, इटहरी अनि विराटनगर। झापाका धेरै पुराना नगरमा पनि त्यस्तै दाबी दोहोरिन छोड्या छैन। प्रदेश नं १ मा त यति धेरै दाबीको 'खहरे' बग्या छ भने अन्यत्र पनि के कम ?

## मोर्डन इन्डियनलाई उपाधि

काठमाडौं, (नेस)। मोर्डन इन्डियन स्कुलको गर्ल्स टिमले मोर्डन इन्डियन अन्तरस्कुल खेलकुदअन्तर्गत टेबल टेनिसतर्फ उपाधि जितेको छ।

शुक्रबार आयोजकको कोर्टमा भएको फाइनल खेलमा मोर्डन इन्डियनले त्रियोग स्कुललाई ३-२ ले हराएर उपाधि जितेको हो। यस्तै टेबलटेनिसकै सिनियर ब्वाइजको उपाधि मोर्डन इन्डियनकै अनुभव केडियाले जिते। उनले आफ्नै स्कूलका आशीष अग्रवाललाई ३-० सेटले हराएका थिए। सिनियर गर्ल्सतर्फ पनि मोर्डनकी आकांक्षा कर्माचार्यले आफ्नै स्कूलकी सिरु प्रधानलाई ३-० सेटले हराएर उपाधि जितिन्।

## इनोटिभ र रिलायन्स च्याम्पियन

काठमाडौं, (नेस)। इनोभेटिभ र रिलायन्स रेसिडेन्सियलले २४औं ज्ञान कार्निभलअन्तर्गत बास्केटबलको उपाधि शुक्रबार जितेका छन्। ब्वाइज फुटबलमा मल्पीले पहिलो स्थान हात पार्‍यो। खोकनास्थित आयोजकको कोर्टमा भएको ब्वाइज बास्केटबल फाइनलमा इनोभेटिभले ज्ञान निकेतनलाई ७७-६८ ले पराजित गर्‍यो। गर्ल्सको उपाधि भिडन्तमा रिलायन्सले इनोभेटिभलाई ३२-३० को झिनो अन्तरले हरायो। ब्वाइज फुटबलको फाइनलमा मल्पीले आयोजक समेत रहेको डिफेन्डिङ च्याम्पियन ज्ञानोदयलाई १-० ले पाखा लगायो।

आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो उत्पादनका बजार प्रवर्धनका लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** :- बजार प्रतिनिधि
**सख्या** :- २०
**योग्यता** :- +२
**सेवा सुविधा** :- आकर्षक तलब / कमिसन

कामना न्यूज पब्लिकेसनस् प्रा.लि.
भिमसेन स्थान काठमाडौं
सम्पर्क : -२३४९८६५४ , ९८५४३२५६७७

सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार
रू. २५०० मा
२ वर्ष
नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ